# पर्यटन नीति २०६५

## नीति पुनरावलोकन अध्ययन प्रतिवेदन

### पर्यटन सम्बन्धी राष्ट्रिय नीतिहरुको पुनरावलोकन

नेपाल सरकार
**राष्ट्रिय योजना आयोग**
सिंहदरबार, काठमाडौं, नेपाल
फोन: +९७७-१-४२११९७०
फ्याक्स: +९७७-१-४२११७००
Email: npcs@npc.gov.np

# पर्यटन नीति २०६५

## नीति पुनरावलोकन अध्ययन प्रतिवेदन

## पर्यटन सम्बन्धी राष्ट्रिय नीतिहरुको पुनरावलोकन

**नेपाल सरकार**

**राष्ट्रिय योजना आयोग**

**सिंहदरबार, काठमाडौं, नेपाल**

**फोनः +९७७-१-४२११९७०**

**फ्याक्सः +९७७-१-४२११७००**

Email: npcs@npc.gov.np

नेपाल सरकार, **राष्ट्रिय योजना आयोग**, सिंहदरबार, काठमाडौंका लागि **श्री शङ्कर प्रसाद अधिकारी**द्वारा तयार गरिएको पर्यटन नीति २०६५, नीति पुनरावलोकन अध्ययन प्रतिवेदन, चैत २०७७ ।

# विषय सूची

## Contents

कार्यकारी सरांश ........................................................................................................ २

परिच्छेद-१

परिचय

*१.१ पृष्ठभूमि*.......................................................................................................... १९

*१.२ अध्ययनको- उद्देश्य (Objective of the Study)*............................................................ २०

*१.३ मुख्य कार्यहरु तथा क्षेत्र (Functions and Scope)*.......................................................... २०

*१.४ अध्ययन विधि (Methodology)*................................................................................ २१

*१.५ प्रतिवेदनको ढाँचा*.................................................................................................. २२

*१.६ अध्ययनको सीमा*.................................................................................................. २२

परिच्छेद- २

नीति पुनरावलोकनको आवश्यकता र सिद्धान्त

*२.१ नीति पुनरावलोकनको आवश्यकता*.............................................................................. २३

*२.२ पुनरावलोकनको नतीजा*........................................................................................... २३

*२.३ पर्यटन नीति, २०६५ को पुनरावलोकनको सन्दर्भ*.............................................................. २३

*२.४ सार्वजनिक नीति पुनरावलोकन: नतीजामा आधारित नीति विश्लेषण*......................................... २४

*२.५ नीति अन्तर विश्लेषण (Policy Gap Analysis)*................................................................. २६

परिच्छेद-३

पर्यटनको अवस्था मूल्याङ्कन तथा विश्लेषण

*३.१ पूर्व कोभिड-१९ पर्यटन अवस्था (Tourism in Pre-Covid-19)*.............................................. २७

*३.२ कोभिड महामारी बीच पर्यटनको अवस्था*....................................................................... २८

*३.३ पर्यटन नीति भित्रकै अन्तर विश्लेषण (Intra-Policy Gap Analysis)*......................................... ३०

*३.४ अन्तरनीति अन्तर विश्लेषण (Inter-Policies Gap Analysis)*................................................. ५७

परिच्छेद-४

भविष्यको लक्ष र वर्तमान अवस्थासँगको अन्तर


*४.१ सन् २०३० को लागि हाम्रो पर्यटकीय लक्ष* .......... ६२

***४.२ वर्तमान नीति र भविष्यको नीतिगत आवश्यकता बीचको अन्तर विश्लेषण (Gap Analysis Between Present Policy and Future Policy Needs)*** .......... ६३


परिच्छेद-५

सुझाव तथा निष्कर्ष


*५.१ नीति तर्जुमा सम्बन्धी सामान्य मुद्दा (Generic Issues of Policy Formulation)* .......... ६७

*५.२ पर्यटन नीतिले सम्बोधन गर्नुपर्ने विशिष्ट मुद्दाहरू (Specific Issues of Tourism Policy)* .......... ७३

*६. निष्कर्ष* .......... ९०

*तालिका-१: पर्यटन क्षेत्रमा पर्ने प्रभाव* .......... २९

*तालिका-२: पर्यटन क्षेत्रमा पर्ने प्रभाव* .......... ३१

*तालिका-३: पर्यटन नीतिमा निहित केही स्पष्टत* .......... ३६

*तालिका-४: पर्यटन नीति २०६५, भिजन २०२० र पर्यटन रणनीतिक योजना २०१६-२०२५ बीचको अन्तर विश्लेषण* .......... ३८

*तालिका-५: पर्यटन नीति, २०६५ कार्यान्वियनको अवस्थ* .......... ४०

तालिका-६: अन्तरनीति अन्तर विश्लेषण (Inter-Policies Gap Analysis): पर्यटन नीति, २०६५ र अन्य नीति बीच अन्तर .......... ५८

तालिका-७: वर्तमान नीति र भविष्यको नीतिगत आवश्यकता बीचको अन्तर विश्लेषण .......... ६४

अनुसूची-१: पर्यटन नीति, २०६५ कार्यन्वयनको प्रगति गणना .......... ९६

अनुसूची-२ : अध्ययनको क्रममा छलफल गरिएका व्यक्तिहरूको नामावली .......... १२१

# कार्यकारी सरांश

१. पृष्ठभूमि

नयाँ संविधानको नीतिगत मार्गदर्शन, दीगो विकासको लक्ष, महामारीले ल्याएको संकट, दुई दशक पुरानो हुनुको कारण तथा परिवर्तित परिवेश पर्यटन नीति, २०६५ को पुनरावलोकन गर्नु जरूरी छ। उक्त नीति निर्माण पश्चात पर्यटन भिजन २०२०, तथा पर्यटन रणनीतिक योजना (२०१६-२०२५) तर्जुमा र कार्यान्वयनको सन्दर्भले समेत नीतिगत एकरूपता कायम गर्नुपर्ने आवश्यकता समेत देखियो। त्यस्तै, प्राकृतिक प्रकोप, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिकूल घटनाक्रम, महामारी आदि जस्ता कारणले पर्यटनमा संकट व्यवस्थापनको मुद्दा पनि अगाडि आएको छ।

२. पर्यटन नीति, २०६५ कार्यान्वयनको अवस्था

पर्यटन नीति कार्यान्वयन अपेक्षित रूपमा हुन सकेको पाइएन। यस अध्ययनमा पर्यटन नीतिमा उल्लिखित सबै नीति तथा कार्यनीतिहरूको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरिएको छ। पर्यटन नीतिमा उल्लिखित १६ वटा नीति मध्ये २ पुरा कार्यान्वयन भएका, ३ वटा ६० देखि ६५ प्रतिशत कार्यान्वयन भएका, ६ वटा नीति ३० देखि ४५ प्रतिशतसम्म कार्यान्वयन भएका, ४ वटा नीति २७ प्रतिशत भन्दा कम र एउटा नीतिको कार्यान्वयन शून्य पाइयो। नीति कार्यान्वयनको यो अवस्था निराशाजनक मान्नुपर्ने हुन्छ।

३. नीति भित्रकै अन्तर (Intra-Policy Gap)

यद्यपि प्राकृतिक विज्ञानमा जस्तो समाज विज्ञानमा कारण-प्रभाव (Causality) स्थापना गर्न त्यति सहज हुँदैन, नीति कार्यान्वयन हुन नसक्नुमा मूलत: दुई कारण छन्: नीतिको विषयवस्तु (Policy Content), र नीति कार्यान्वयनको सन्दर्भ (Policy Context)। नीति तर्जुमा गर्दा कार्यनीतिलाई कार्यान्वयनयोग्य नबनाउनु, अनुगमन सूचक निर्माण गर्न सक्ने गरी कार्यनीतिलाई विशिष्ट नबनाउनु; जस्तै: 'प्रोत्साहन गरिनेछ,' 'जोड दिइनेछ,' 'प्रभावकारी बनाईनेछ,' 'पहल गरिनेछ', 'अभिप्रेरित गरिनेछ' जस्ता अस्पष्ट शव्दावली राखिनुले के उपायबाट गरिने हो भन्ने कार्यान्वयकर्ताले यकिन गर्न नसकिने अवस्था देखियो। अर्कोतर्फ, एकै समयावधिमा पर्यटन भिजन,२०२०; तथा राष्ट्रिय पर्यटन रणनीतिक योजना २०१६-२०२५ समेत कार्यान्वयनमा रहेकाले कुन नीतिगत दस्तावेजलाई आधार मान्ने भन्ने अन्योल पनि सिर्जना भएको हुनसक्छ। उपर्युक्त विषयलाई नीति भित्रकै अन्तर (Intra-Policy Gap) पनि भन्न सकिन्छ। त्यस्तै नीति

कार्यान्वयनको अवधिमा भएका अनपेक्षित घटना महाभूकम्प, भारतीय नाकाबन्दी, सार्स रोगको प्रकोप, कोभिड-१९ को महामारी; तथा सरकारको अस्थिरता जस्ता सन्दर्भ (Context) ले पनि प्रतिकूल प्रभाव पारको देखिन्छ ।

पर्यटन नीति २०६५, भिजन २०२० र पर्यटन रणनीति २०१६-२०२५ बीच लक्ष, रणनीति र कार्यनीति, कार्ययोजना, मान्यता तथा सीमा, अन्तरनिकाय नीतिगत संगति र समन्वय, नीति विषय र सन्दर्भ, तथा कार्यान्वयन योग्यातको आधारमा तुलनात्मक अध्ययन गर्दा यी तीन मध्ये पर्यटन नीतिको कार्ययोजना नहुनु, परिमाणात्मक लक्ष नहुनु, कार्यनीतिमा अस्पष्टता, विषयवस्तुको प्रस्तुतिमा कमजोरी आदि कारणले गर्दा तुलनात्मक रूपमा कार्यान्वयनयोग्यता कमजोर रहेको पाइयो । फलत: नीति कार्यान्वयन मूल्याङ्कनको नतीजा पनि कमजोर नै देखियो ।

४. अन्तरनीति अन्तर विश्लेषण (Inter-Policies Gap Analysis)

पर्यटन 'क्रस कटिङ' क्षेत्र भएकोले यो नीति मात्र राम्रो भएर हुँदैन । अन्तरनीति अन्तर (Inter-Policies Gap) बढी भयो; वा अन्तरनिकाय कार्यक्रममा समन्वय भएन भने नीति कार्यान्यिवन स्तर कमजोर हुन्छ । विशेषगरी मुलुक भित्रको पूर्वाधारको अवस्थामा तात्विक सुधार नहुँदा पर्यटन नीति जति नै राम्रो हुँदा पनि पर्यटनमा अपेक्षित विकास हुन सक्दैन । विशेषगरी हवाई नीति २०६३, राष्ट्रिय संस्कृति नीति २०६७, राष्ट्रिय यातायात नीति २०५८, सूचना तथा सञ्चार प्रविधि नीति २०७२, औद्योगिक नीति २०६७, औद्योगिक व्यवसाय ऐन २०७६, उच्च शिक्षा नीति २०७४, राष्ट्रिय कृषि नीति २०६१, सार्वजनिक-निजी साझेदारी नीति २०७२, विदेशी लगानी नीति २०७१ आदि नीतिहरूलाई पर्यटन विशिष्टीकृत (Tourism Specific) बनाई अन्तरनीति अन्तर (Inter-Policies Gap) कम गर्नु आवश्यक छ । उपर्युक्त नीतिहरूमा पर्यटन सम्बन्धी केही विषयहरू थप गर्नुपर्ने देखिन्छ । त्यस्तै आवधिक योजनामा पर्यटन क्षेत्रका नीतिमा प्राथमिकता निर्धारण गरी वार्षिक कार्यक्रम र बजेटले कमश: सम्बोधन गर्ने सुनिश्चिता गर्नु जरूरी देखिन्छ । यसको लागि योजना आयोगले प्रभावकारी रूपमा अन्तरनीतिगत तथा अन्तरनिकायगत समन्वयको काम गर्नुपर्ने देखियो । त्यस्तै योजना आयोगले पर्यटन नीति र आवधिक योजनाको क्षेत्रगत नीति अन्तर्गत पर्ने पर्यटन नीति बीच तादात्म्य कायम गर्दै प्राथमिकताक्रम निर्धारण गर्नुपर्ने देखिन्छ ।

५. भविष्यको लक्ष र वर्तमान अवस्थासँग अन्तर

पन्ध्रौं योजनाले राखेका परिमाणात्मक लक्षहरू अलिकति महत्वाकांक्षी देखिन्छन् । नयाँ पर्यटन नीतिको कार्यान्वयन अवधि दुई दशक मान्दा पनि दुई वटा परिदृष्यमा पर्यटकीय लक्ष निर्धारण गर्नु उपयुक्त हुन्छ ।

पहिलो परिदृष्यमा आगामी १० वर्ष भित्र निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भई सञ्चालनमा आएमा नेपालको पर्यटनले फड्को मार्छ। तर आयोजना कार्यान्वयन तथा निर्णय क्षमता कमजोर रहँदै आएको परिवेश उक्त विमानस्थल १० वर्ष भित्र निर्माण हुने संभावना क्षीण छ। तसर्थ, हालको पर्यटन संख्या र आय आजको भन्दा चार गुणा बढी प्रक्षेपण गर्नु पनि महत्वाकांक्षी नै हो। यस आधारमा प्रक्षेपण गर्दा पर्यटक संख्या १२ लाखबाट ४८ लाख र विदेशी मुद्रा ७२.४ अर्बबाट २९० अर्ब डलर पुग्ने देखिन्छ। गुणात्मक लक्षको कुरा गर्दा नेपाललाई एक आकर्षक, सुरक्षित र मनोरम पर्यटकीय गन्तब्यको रूपमा दीगो विकास गरी रोजगारी सिर्जना तथा गरिबी निवारण गर्दै राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गर्ने दुर दृष्टि र लक्ष निर्धारण गर्न सकिन्छ।

उपर्युक्त गुणात्मक र परिमाणात्मक लक्ष हासिल गर्न नीति भित्रकै अन्तर, अन्तरनीति अन्तर, कार्यनीतिहरूको प्राथमिकताको अभाव, कार्यक्रम र बजेटले कार्यनीतिलाई सम्बोधन नगर्नु, नीतिको कार्यान्वयन कार्ययोजना नहुनु, अन्तरनिकाय तथा अन्तरनीति समन्वयको कमी, नीति कार्यान्वयन अनुगमन तथा मूल्याङ्कनको अभाव जस्ता अन्तर (Gap) देखिन्छ।

## ६. नयाँ पर्यटन नीतिले **सम्बोधन** गर्नुपर्ने विषयहरू

परिच्छेद -३ मा नेपालमा पर्यटनको वर्तमान अवस्था मूल्याङ्कन र विश्लेषण, परिच्छेद-४ मा पर्यटनको भविष्यको लक्ष र वर्तमान अवस्थासँगको अन्तर पहिचान गरिसकिएको छ। उक्त अन्तरलाई पुरा गर्न आगामी एक दशक भित्रको लक्ष हासिल गर्न नयाँ पर्यटन नीति तर्जुमा गर्नु जरूरी देखिन्छ। नयाँ पर्यटन नीतको आवश्यकता पर्यटन नीति २०६५ को विषयवस्तुमा रहेको कमजोरी तथा अहिलेको परिवर्तित सन्दर्भले समेत पुष्टि गरेको छ। अत: नयाँ पर्यटन नीतिले सम्बोधन गर्नुपर्ने विषयहरू यस प्रकार छन्: -

### ६.१ नीति तर्जुमा सम्बन्धी सामान्य मुद्दा (Generic Issues of Policy Formulation)

सबै किसिमको सार्वजनिक नीति तर्जुमा गर्दा सम्बोधन गर्नुपर्ने सामान्य मुद्दाहरू यसप्रकार छन्। यी मुद्दाहरू सम्बोधन गर्न सकिएमा मात्र नीतिहरू बीच संगतिपूर्णता (Consistency Among Policies) तथा पारस्परिक रूपमा प्रभावशाली (Mutually Reinforcing) भइ सार्वजनिक नीति कार्यान्वयनले 'सिनर्जि' (Synergy) प्रभाव पार्न सक्छ। तल नीति विषय (Policy Content) तथा नीतिको सन्दर्भ (Policy Context) सँग सम्बन्धित सामान्य विषय प्रस्तुत गरिएको छ।

६.१.१ नीति भित्रको अन्तर हटाउने (Eliminating Intra-Policy Gap)

- वस्तुगत रूपमा जाँच गर्न सकिने (Objectively Verifiable) किसिमका अनुगमन सूचकहरू बनाउन मिल्ने गरी स्पष्ट कार्यनीतिहरू तर्जुमा गर्ने ।
- नीति विषयवस्तुको कार्यान्वयनयोग्यता पूर्व परीक्षण (Ex Ante Evaluation of Policy Implementability) गर्ने व्यवस्था गर्ने । राष्ट्रिय योजना आयोगले सबै नीतिहरूको कार्यान्वयनयोग्यता सुनिश्चित गर्न पूर्व परीक्षण संयन्त्र निर्माण गर्नुपर्ने ।
- नीति कार्यान्वयन कार्ययोजनालाई नीतिकै अङ्गको रूपमा समावेस गर्ने ।
- पर्यटन 'सेटेलाइट एकाउन्ट' राख्ने व्यवस्था गरी कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान यकिन गर्ने ।
- नीतिमा प्राथमिकताक्रम निर्धारण गरी वार्षिक कार्यक्रम र बजेटले क्रमश: सम्बोधन गर्ने गरी निकायगत समन्वय गर्ने ।

६.१.२ अन्तरनीति नीति अन्तर कम गर्ने (Reducing Interpolicies Gap)

पर्यटन 'क्रस कटिङ्' विषय भएकोले नजिकको सम्बन्ध हुने नीतिहरू बीच संगति (Consistency) तथा परस्परमा प्रभावपार्ने (Mutually Reinforcing) किसिमको सम्बन्ध स्थापित गर्ने। विशेष गरी हवाई, राष्ट्रिय यातायात, विदेशी लगानी, सार्वजनिक-निजी साझेदारी, उच्च शिक्षा, राष्ट्रिय संस्कृति, स्वास्थ्य, कृषि, औद्योगिक आदि नीतिहरू पर्यटन विशिष्टीकृत (Tourism Specific) हुनुको साथै पर्यटन विकासमा पूर्णत: सहयोगी हुने गरी अन्तरनीति तथा अन्तरनिकाय समन्वय गर्ने ।

६.१.३ नीति भित्रको प्राथमिकीरण

नीतिमा उल्लिखित सबै कार्यनीति एकै वर्ष वा पाँच वर्षमा पनि कार्यान्वयन गर्न प्रशासनिक क्षमता र वित्तीय श्रोतको सीमितताले संभव हुँदैन। अत: नीति निर्माताले नीतिमा उल्लिखित कार्यनीतिहरूको प्राथमिकीकरण गरिदिएमा नीति कार्यान्वयनकर्तालाई सहज हुन्छ ।

६.१.४ नीति कार्यान्वयन कार्ययोजना

नेपालका सार्वजनिक नीतिहरूको सबैभन्दा ठूलो कमजोरी नीतिकै अङगको रूपमा कार्यान्वयनको कार्ययोजना नहुनु हो। कार्ययोजना नहुँदा नीति कार्यान्वयनकर्तामा कार्यान्वयनप्रतिको गंभीरता प्रदर्शित

हुँदैन। पर्यटन नीति २०६५ तथा पर्यटन भिजन २०२० को कार्ययोजना थिएन। पर्यटन रणनीतिक योजनामा कार्ययोजना समेत संलग्न भएकोले तुलनात्मक रूपमा यो राम्रो दस्तावेज हो।

### ६.१.५ नीति कार्यान्वयको औजारको रूपमा कानूनको निर्माण

नीति विषयवस्तु (Policy Content) को प्रकृतिले नीति कार्यान्वयन गर्न कानुन चाहिने वा नचाहिने भन्ने कुरा निर्धारण गर्दछ। पर्यटन नीति २०६५ को कार्यनीतिमा उल्लिखित 'प्रोत्साहन गरिने छ', 'प्रोत्साहन प्याकेज निर्माण गरिनेछ' भन्ने जस्ता विषयहरू सम्बोधन नहुनुको कारण कानुनले ती विषयलाई सम्बोधन नगर्नु हो। यस्ता कार्यनीतिगत विषयलाई सालवसाली आर्थिक ऐन वा पर्यटन ऐनले सम्बोधन गर्नु पर्ने देखिन्छ। सम्बन्धित मन्त्रालयले विषयगत कानुन निर्माण र अर्थ मन्त्रालयले आर्थिक ऐन मार्फत नीतिमा उल्लिखित विषयलाई सम्बोधन गर्नुपर्दछ। सामान्यत: जब कुनै नीतिका प्रावधान कार्यान्वयन गर्न कानुन वा कार्यक्रम बनाउनु पर्ने वाद्यात्मक अवस्था हुन्छ, तब नीति बढी यथार्थवादी (Realistic), प्रभावशाली (Influential) तथा कार्यान्वयनयोग्य (Implementable) भएको मान्न सकिन्छ

### ६.१.६ नीति तर्जुमामा नीति सन्दर्भ (Policy Context in Policy Formulation)

नीति सन्दर्भमा नीति वातावरणका विविध विषयहरू मध्ये आर्थिक नीति सबैभन्दा महत्वपूर्ण हुन्छ। विद्यमान संविधानले समाजवाद उन्मुख अर्थतन्त्रलाई आत्मसात गरेको भएपनि पर्यटन विकासका समग्र क्षेत्रमा विदेशी लगानी आकर्षित गर्ने उदार नीति अवलम्बन गर्ने नीतिलाई निरन्तरता दिनुपर्छ। तसर्थ, पर्यटनको क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न नीतिगत, कानूनी, संस्थागत, प्रकृयागत, मनोवैज्ञानिक क्षेत्रमा देखिएका समस्या समाधान गर्न उच्च प्राथमिकता दिनुपर्छ।

### ६.१.७ नीति कार्यान्वयन सुनिश्चित गर्न नीति कार्यान्वयन कार्यदल गठन गर्ने

नेपालको समस्या नै नीति बनाए पछि जिम्मेवारी पुरा हुन्छ भन्ने मनोवृत्ति राजनीतिक र प्रशासनिक नेतृत्वमा छ। नीति कार्यान्वयनयोग्य छ कि छैन, नीतिलाई वार्षिक कार्यक्रमले सम्बोधन गर्यो कि गरेन भन्ने मतलव गरिंदैन। अत: नीति कार्यान्वयनको समग्र पक्षको अनगमन गर्न मन्त्रालयस्तरमा स्थायी स्वरूपको नीति कार्यान्यिन कार्यदल गठन गर्ने र आवधिक रूपमा अनुगमन गरी देखिएका समस्या समाधानको लागि उचित सुझाव वा निर्देशन दिने व्यवस्था गर्नुपर्छ। यस कार्यदलले मन्त्रालयको नियमित रूपमा राजनीतिक तथा प्रशासनिक नेतृत्वलाई नीति कार्यान्वयन अवस्थाको प्रतिवेदन गर्ने व्यवस्था गर्नुपर्छ। पर्यटन नीतको सन्दर्भमा राष्ट्रिय पर्यटन परिषद र पर्यटन विकास समन्वय समितिका बैठकका कार्यसूची निर्माण गर्न सहयोग गर्ने व्यवस्था गर्नुपर्छ।

६.१.८ नीति अनुकूलन गर्ने (Customization of Policies and Regulations)

विदेशी लगानीकर्ताले विशेष छूट र सुविधा माग गरेको तर विद्यमान नीति वा कानुनले त्यस्तो छूट वा सुविधा नदिएको अवस्थामा त्यस्तो लगानी मुलुकलाई लाभप्रद छ भने विद्यमान नीति वा कानुनलाई अनुकूलित गरी छूट वा सुविधा दिने व्यवस्था गर्नु पर्ने ।

६.२ पर्यटन नीतिले **सम्बोधन** गर्नुपर्ने विशिष्ट मुद्दाहरू (Specific Issues of Tourism Policy)

पर्यटन नीतिका निम्न पाँच उद्देश्यहरू हुन सक्छन्:

क. नेपाललाई आकर्षक, रमणीय, सुरक्षित र गुणस्तरीय पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गरी प्रवर्द्धन गर्ने;

ख. पर्यकटीय आय उच्च गरी अर्थतन्त्रमा यस क्षेत्रको योगदान बढाउने;

ग. दीगो पर्यटन विकासका अवधारणा कार्यन्वयन मार्फत दीगो विकास लक्ष हासिल गर्न योगदान गर्ने;

घ. पर्यटन क्षेत्रको आपूर्ति अवरोध (Supply Side Constraints) मा कमी ल्याई पर्यटकीय अवसर विस्तार गर्ने;

ङ. संकट व्यवस्थापन गर्दै पुनर्उत्थानलाई गति दिई प्रतिकूल परिस्थितिबाट सहजै उठ्न सक्ने (Resilient Building) बनाउने ।

उपर्युक्त उद्देश्य कार्यान्वयन गर्न देहायका नीतिहरू कार्यन्वयन गर्नुपर्ने देखिन्छ ।

६.२.१ अन्तर्राष्ट्रिय हवाई सम्पर्क विस्तार

नीति: नेपालसँगको अन्तर्राष्ट्रिय हवाई सेवा सञ्जाल विस्तार गरी प्रतिस्पर्धी अन्तर्राष्ट्रिय हवाई भाडा; सुलभ, सुरक्षित, भरपर्दो र नियमित घरेलु हवाई यातायातको विकास गर्ने ।

कार्यनीतिहरू: निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा देखिएका समस्या सहि सूचनाको संप्रेषण र राजनीतिक सहमति निर्माण गरी निर्माण प्रकृयालाई अँगाडि बढाउने । पोखरा र भैरहवा विमानस्थलको व्यवस्थापन प्रतिस्पर्धात्मक माध्यमबाट निजी क्षेत्रलाई दिने । विमानस्थलमा भिसा प्रकृयालाई थप सरलीकरण गर्ने ।

### ६.२.२ राष्ट्रिय ध्वजाबाहकको क्षमता विस्तार तथा व्यवस्थापन सुधार

नीति: अन्तर्राष्ट्रिय तथा घरेलु हवाई सेवाको विकास र विस्तार गर्न राष्ट्रिय ध्वजाबाहकको क्षमता विस्तार गर्ने ।

कार्यनीतिहरू: नेपाल वायुसेवा निगमलाई कम्पनिमा परिणत गर्ने, व्यवस्थापन सुधारका कार्यक्रम लागु गर्ने तथा व्यवस्थापन करारमा दिने, जहाज थप्दै जाने, आर्थिक विनियमावली संशोधन गरी एउटै निर्माता कम्पनिबाट प्रस्ताव लिई सिधै जहाज खरीद गर्न सक्ने व्यवस्था गर्ने, आकष्मिक अवस्थामा विशेष खरीद सम्बन्धी व्यवस्था गर्ने, प्रतिस्पर्धात्मक पद्धतिबाट महाप्रवन्धकको नियुक्ति गर्ने, पोखरा तथा विराटनगरबाट दुर्गम क्षेत्रमा सिधै उडान गर्न सक्ने व्यवस्था गर्ने, विदेशी पर्यटकलाई आन्तरिक उडानमा लाग्दै आएको फरक हवाई भाडा दरमा पुनरावलोकन गर्ने ।

### ६.२.३ सडक तथा रेल यातायातको विकास र विस्तार

नीति: शीघ्र, सुरक्षित, आरामदायी, गुणस्तरीय र नियमित पर्यटकीय आवागमनका लागि अन्तरदेशीय तथा आन्तरिक सडक सञ्जालको सुदृढीकरण, एवं अन्दर्देशीय र आन्तरिक रेल यातायात प्रणालीको विकास गर्न राष्ट्रिय यातायात नीतिलाई पर्यटन विशिष्टीकृत (Tourism Specific) गर्न अन्तरनिकाय समन्वय गर्ने ।

कार्यनीतिहरू:

- प्रमुख पर्यटकीय गन्तव्यसम्म अन्तर्राष्ट्रियस्तरका कम्तीमा चार लेनका द्रुत मार्ग निर्माण गर्ने;
- ठूला भौतिक पूर्वाधार, पर्यटकीय पूर्वाधार तथा गन्तव्य विकासमा सार्वजनिक क्षेत्रको लगानीको अपर्याप्तलाई पूरा गर्न निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (BOOT) पद्धतिबाट स्वदेशी तथा विदेशी निजी लगानी आकर्षित गर्ने सम्बन्धमा वर्तमानमा देखिएका नीतिगत, कानुनी, प्रकृयागत र व्यवहारिक समस्या तथा जटीलताहरूको पहिचान एवं सुधार गरी लगानीको वातावरण निर्माण गर्न अन्तरनीति समन्वय गर्ने ।
- चीन र भारतसँगको अन्तरदेशीय सडक सञ्जाललाई सुधार गरी अन्तर्राष्ट्रिय स्तरको बनाउने तथा रेलवे निर्माण गर्ने सम्बन्धमा भएका सहमतिलाई शिघ्र कार्यान्वयन गर्ने प्रकृयामा देखिएका समस्या पहिचान गरी सहायता परिचालन लगायत समस्या समाधानका लागि निरन्तर कुटनीतिक वार्ता तथा संझौता गर्न अन्तरमन्त्रालय समन्वय गर्ने ।
- राष्ट्रिय सडक सञ्जालको योजना विकासका लागि क्षेत्रगत वृहत् समन्वय गर्ने ।

- देशभरको लागि मान्यता प्राप्त एउटै पर्यटकीय चिन्ह (लोगो) को निर्माण गर्ने ।

६.२.४ संस्थागत विकास, सुदृढीकरण तथा संयन्त्रको प्रभवाकारीता अभिवृद्धि

विशिष्टीकृत संस्थाको रूपमा गन्तब्य विकास प्राधिकरण गठन गर्ने; राष्ट्रिय पर्यटन परिषद तथा पर्यटन विकास समन्वय समितिको पुनर्संरचना गर्ने; नेपाल पर्यटन वोर्डमा निजी क्षेत्रको प्रतिनिधित्वलाई गरिमामय बनाउने; पर्यटन वोर्डमा परराष्ट्र मन्त्रालको प्रतिनिधि सदस्य थप गर्ने; प्रदेश तहमा नेपाल पर्यटन वोर्डको डेस्क राख्ने, र सार्वजनिक संस्थानका कार्यकारीको नियुक्ति मापदण्ड बनाई खुला प्रतिस्पर्धात्मक पद्धतिबाट गर्ने व्यवस्था गर्ने ।

६.२.५ गन्तव्य विकास र सञ्चालन:

- कुनैपनि गन्तब्य विकासका लागि ६ वटा विषय '6As' (Availability of Packages, Accessibility, Attractions, Amenities, Activities, Anciliary Services) महत्वपूर्ण हुन्छन् । यिनीहरू मध्ये Accessibility, Amenities र Anciliary Services उपलब्ध गराउन सरकारको भूमिका हुन्छ । तर यी सुविधाहरू पनि सरकार एक्लैले प्रदान गर्न नसक्ने अवस्थामा निजी तथा सामुदायिक क्षेत्रसँग साझेदारी गर्नुपर्ने हुन्छ । Availability of Packages र Activities उपलब्ध गराउने काम भने पूर्णत: निजी तथा सामुदायिक क्षेत्रको हुन्छ ।

- निजी क्षेत्रलाई गन्तव्य विकास तथा सञ्चालन गर्न प्रतिस्पर्धात्मक आधारमा दिने सम्बन्धी ऐनको तर्जुमा गर्ने ।

- सरकारी क्षेत्रबाट गरिने गन्तव्य विकासको लागि विशिष्टीकृत संस्थाको रूपमा गन्तव्य विकास प्रधिकरण गठन गर्नु आवश्यक छ ।

- प्रतिष्ठित गन्तव्य तथा वस्तु (Iconic Destination and Product) पहिचान गरी विकास र प्रवर्द्धन गर्ने ।

६.२.६ पर्यटकीय वस्तु विकास

- पर्यटकीय वस्तु विकास मूलत: गन्तव्य सापेक्ष हुन्छ । त्यसैले, गन्तव्य विकास र वस्तु विकास अन्तर्सम्बन्धी हुन्छन् । कुनै अवस्थामा त गन्तव्य स्वयं नै पर्यटकीय वस्तुको स्वरूपमा स्थापित भएको हुनसक्छ ।

- राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रहरूमा संरक्षणको उद्देश्यमा बाधा नपर्ने गरी दीगो उपयोगको अवधारणामा आधारित भएर विकास र सञ्चालन गर्न सकिने 'निच प्रडक्ट' (Niche Products) को संभावनको वारेमा अन्तर्राष्ट्रियस्तरको विशेषज्ञबाट अध्ययन गराउने ।

- फन पार्क, मनोरञ्जन क्षेत्र, क्यासिनो क्षेत्र, हील स्टेशन जस्ता पर्यटकीय वस्तुहरूको विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न सरकारले जग्गा उपलब्ध गराउने, कर छूटहरू दिने नीति लिने ।

- नेपालमा Aviation Sports: हट एअर वेलुन, प्याराग्लाइडिङ् आदिको संभावना राम्रो रहेकोले यस क्षेत्रलाई आर्थिक ऐन मार्फत कर छूट लगायतका अन्य सुविधा प्रदान गरी प्रोत्साहित गर्ने ।

६.२.७ पर्यटन प्रवर्द्धन

- श्रोत बजार अनुसन्धानको आधारमा बजार वर्गीकरण (Market Segmentation) गर्ने। वर्गीकृत बजारको लागि विशिष्टीकृत बजार प्रवर्द्धन रणनीति लिने ।

- वर्गीकृत बजारको विशिष्टीकृत माग अनुरूप पर्यटकीय वस्तु वा सेवाको विकास गरी बजारीकरण गर्ने । बजारको वर्गीकरण, लक्षित वर्ग र बजारको स्वभाव अनुसार ATL (Above The Line), BTL (Below The Line) TTL (Through The Line) माध्यमबाट बेजारीकरण गर्ने ।

- विद्युतीय बजारीकरण (Digital Marketing) लाई व्यापक रूपमा प्रयोग गर्ने ।

- नेपालका परंपरागत श्रोत बजारमा लगातार बढिरहेको नेपालको स्थानलाई सुनिश्चित गर्दै पदयात्रा र पर्वतारोहणको गुणात्मक वृद्धि गरी बढी पर्यटक भित्र्याउने तथा पुन:आगमनको वातावरण सुनिश्चित गर्ने ।

- संस्कृति, प्रकृति र जंगली जीवन समेत झल्किने गरी व्राण्ड निर्माण गर्ने; प्रदेशले प्रदेशस्थतरीय ब्राण्ड बनाउने ।

- धार्मिक पर्यटन प्रवर्द्धनको विशिष्ट रणनीति निर्माण गर्ने, विदेश स्थित नेपाली दुतावासलाई पर्यटन प्रवर्द्धनको कार्यसम्पादन लक्ष तोक्ने, नेपाली Diaspora लाई प्रवर्द्धनमा परिचालन गर्ने तथा नयाँ निर्माण हुने भैरहवा र पोखरा विमानस्थको स्लट बिक्रीको लागि बजारीकरण गर्ने ।

- नेपाल पर्यटन वोर्डलाई पर्यटन प्रवर्द्धनको जिम्मेवारी मात्र दिने गरी उद्देश्यमा परिमार्जन गर्ने; कार्यकारी अधिकृतको नियुक्ति योग्यतामा आधारित तथा निष्पक्ष रूपमा गर्ने ।

६.२.८ मानव श्रोत विकास

- पर्यटन उद्योगमा जनशक्तिको योजनावद्ध विकासको लागि एकीकृत पर्यटन तथा आतिथ्य शिक्षा तथा तालीम रणनीति (Integrated Tourism and Hospitality Education and Training Strategy) तर्जुमा गर्ने ।

- निजी क्षेत्रको सहभागितामा 'राष्ट्रिय पर्यटन सीप परिषद' गठन गर्ने; तथा राष्ट्रिय पर्यटन सीप परिषदले प्रस्तावलाई प्रमाणीकरण गर्न शिक्षा मन्त्रालय; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सीटीईभीटी सम्मिलित 'पर्यटन स्तर प्रमाणीकरण वोर्ड' गठन गर्ने ।

- प्राथमिक देखि माध्यमिक तहसम्ममको पाठ्यक्रममा पर्यटनलाई समावेस गर्ने ।

- पर्यटन क्षेत्रमा आवश्यक पर्ने सीपको पहिचान गरी जनशक्तिको आवधिक प्रक्षेपण तथा सो अनुसार जनशक्ति उत्पादन गर्ने नीति लिने ।

- NATHM को रणनीतिक योजना निर्माण गरी क्षमता विस्तार गर्ने तथा मानित विश्वविद्यालय (Deemed University) को रूपमा स्थापना गर्न देखिएका समस्या हल गर्ने ।

- अनौपचारिक क्षेत्रमा सञ्चालित पर्यटन व्यवसाय तथा समुदायमा आधारित पर्यटन व्यवसायको लागि सीपयुक्त जनशक्ति उपलब्ध गराउने घुम्ती तालीम सञ्चालन गर्ने गरी 'नाथम'को क्षमता अभिवृद्धि गर्ने ।

- पथ प्रदर्शकहरूको विद्यमान स्तर पुनरावलोकन गर्ने, प्रत्यके ५ वर्षमा ऊनीरहरूको मूल्याङ्कन गरी अनुमति पत्र नवीकरण गर्ने ।

६.२.९ शुद्ध खानेपानी, प्रदुषण नियन्त्रण तथा गुणस्तरीय सेवा

- पर्यटकीय अनुभवका ६ मुख्य तत्वहरू: यातायात (Transportation), आवास (Lodging) भोजन (Fooding), आकर्षण (Attractions), वातावरण (Environment) र स्थानीय जनता (Local People) का आधारमा पर्यटकीय अनुभवको स्तर वृद्धिबाट नै गुणस्तर कायम हुन सक्दछ ।

- पर्यटकीय गुणस्तर कायम गर्न, वातावरण र सरसफाइ सम्बन्धी आचार संहिता विकास तथा पर्यटन गुणस्तर प्रमाणीकरण गर्ने पद्धति लागु गर्ने ।

- सेवा प्रदायकहरूले अन्तर्राष्ट्रिय गुणस्तरको पानी छान्ने यन्त्र, फिल्टर जडान अनिवार्य गर्ने; पदयात्रा मार्गहरूमा सुरक्षित पिउने पानीको आपूर्ति सुनिश्चित गर्ने तथा स्वच्छ पानीका श्रोतहरूको व्यवस्था गर्ने ।

- फोहोरको उचित व्यवस्थापन तथा विसर्जनलाई व्यवसायको अनुमति प्रदान वा नवीकरणको शर्तको रूपमा कार्यान्वयन गर्ने; फेवाताल तथा पर्यटकीय गन्तव्यमा गैर- पर्यटन उद्योगबाट हुने फोहोर व्यवस्थापन तथा प्रदुषण नियन्त्रणको सम्बन्धमा अन्तरनिकाय समन्वय गर्ने ।

- गुणस्तरीय सेवालाई समेत होटलहरूको वर्गीकरणको आधार मान्ने; होटल तथा रेष्टुरेन्टको आवधिक रूपमा स्थलगत निरीक्षण गरी न्यूनतम स्तर कायम गरेको नपाइमा तह घटुवा गर्ने ।

- दर्ता नगरी अनौपचारिक रूपमा सञ्चालित रेष्टुरेन्ट, होमस्टे, लज, धर्मशाला आदिको पनि मापदण्ड तयार गरी वर्गीकरण गर्ने व्यवस्था गर्ने ।

- खाद्य सुरक्षा तथा गुण नियन्त्रणको कार्यलाई तल्लो तहका पर्यटकीय सेवा प्रदायकसम्म प्रभावकारी रूपमा पुर्याउन तथा मापदण्ड कार्यान्वयन गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले स्थानीय सरकारलाई ज्ञान र प्रविधि हस्तान्तरण गर्ने तथा स्थानीय संघ-संस्था र समुदायको सबलीकरण गर्न पर्यटन मन्त्रालयले नीतिगत समन्वय गर्ने ।

६.२.१० पर्यटनमा लगानी प्रवर्द्धन

- पर्यटकीय वस्तु जस्तै: केबल कार, 'थिम पार्क', डिस्ने आदि जस्ता वस्तु विकासमा लगानी नआउनुका कारण पहिचान गरी समस्या समाधान गर्ने ।

- विदेशी लगानी निरूत्साहित हुनुमा प्रकृयागत झण्झट, एकद्वार प्रणाली अपेक्षित रूपमा प्रभावकारी नहुनु, राजनीतिक र प्रशासनिक क्षेत्रमा लगानीकर्तालाई प्रोत्साहन गर्ने सोंचमा कमी, परेको समस्या तत्काल समाधान गर्ने तत्परता नहुनु, लगानी फिर्ता लैजान (Repartiation) प्रकृयागत झण्झट तथा ढिलाई जस्ता कारणले गर्दा विदेशी लगानी आकर्षित हुन नसकेकोले यी क्षेत्रमा प्रशासनिक तथा प्रकृयागत सरलीकरण गर्ने ।

- नेपाली लगानीकर्ताले विदेशी परामर्शदाता राख्न आवश्यक पर्दा श्रम विभागबाट अनुमति लिन झण्झटिलो भएकोले प्रकृया सरलीकृत गर्नुपर्ने ।

६.२.११ कानुनी, संस्थागत र प्रकृयागत सुधार

- संवैधानिक व्यवस्था अनुसार पर्यटन क्षेत्रको कार्य जिम्मेवारी संघ, प्रदेश र स्थानीय तीनै तहमा परेकोले पर्यटन ऐनद्वारा तीन तहको कार्य जिम्मेवारी स्पष्ट गर्ने, क्यासिनो नियमनको व्यवस्था ऐनमा गर्ने ।

- राष्ट्रिय पर्यटन परिषद र पर्यटन विकास समन्वय समतिको पुनर्संरचना गर्ने; गन्तव्य विकास प्राधिकरण गठन गर्ने, नेपाल पर्यटन वोर्डमा निजी क्षेत्रको प्रतिनिधित्व सम्बन्धी मापदण्ड परिमार्जन गर्ने; पर्यटन मन्त्रालय अन्तर्गतका सार्वजनिक संस्थानका कार्यकारीको नियुक्ति मापदण्ड बनाई खुला प्रतिस्पर्धात्मक पद्धतिबाट गर्ने व्यवस्था गर्ने

६.२.१२ पर्यटनमा लैङ्गिक मूलप्रवाहीकरण

- पर्यटन सम्बन्धी स्थानीय योजना निर्माण तथा व्यवस्थापनमा महिलाहरूको सहभागिता सुनिश्चित गर्न महिलाद्वारा सञ्चालित सहकारी, आमा समुह, युवती समुह आदि जस्ता महिलाको वर्चस्व रहने संगठित संस्था वा समुहको परिचालन गर्ने ।

- पर्यटन क्षेत्रमा कार्यरत महिलालाई पुरूष समान तलव तथा ज्याला, प्रसुति विदा, काम गर्ने समयमा लचकता, घरैबाट काम गर्ने सुविधा तथा बालबच्चा हेरचाहको सुविधा प्रदान गरी महिला उद्यमी तथा कामदालाई काममा सुविधा तथा सहजीकरण गर्ने ।

- महिलाहरूलाई साना तथा मझौला उद्यममा आकर्षित गर्न सो सम्बन्धी नेतृत्व विकास, योजना तर्जुमा, व्यवस्थापन, संभाव्यता अध्ययन, बैङ्किङ् ऋृण प्राप्ति, लेखापालन, बजारीकरण तथा प्रतिवेदन सम्बन्धी ज्ञान तथा सीप प्रदान गर्ने । त्यस्तै पर्यटन उद्योगका कर्मचारी तथा कामदार महिलाको लागि पेशागत दक्षता र सीप सम्बन्धी प्रशिक्षण प्रदान गर्ने ।

- पर्यटन सम्बन्धी उद्यममा महिलाका लागि बिना धितो नगन्य व्याजदरमा आयोजना प्रस्तावमा आधारित (Project Based Lending) ऋृण सुविधा प्रदान गर्ने ।

- विद्यालय शिक्षामा पर्यटन सम्बन्धी पाठ्यक्रम समावेस गर्ने ।

- पर्यटन क्षेत्रमा महिलाले गरेका असल अभ्यासहरूको अभिलेखीकरण गर्ने; उत्कृष्ट काम गर्ने महिला उद्यमी तथा महिला कर्मचारीलाई पुरस्कृत गर्ने ।

- पर्यटन क्षेत्रमा संलग्न महिलाहरूको सञ्जाल निर्माण गर्ने; अन्तर्राष्ट्रिय महिला उद्यमीहरूसँगको अनुभव

आदान प्रदानको अवसर प्रदान गर्ने ।

६.२.१३ आन्तरिक पर्यटन प्रवर्द्धन

- आन्तरिक पर्यटन प्रवर्द्धनको छुट्टै रणनीतिक योजना निर्माण गर्ने ।
- आन्तरिक पर्यटकहरूलाई आकर्षित गर्न निजी क्षेत्रको समन्वयमा पर्यटकीय प्याकेजहरूको विकास गरी कर्मचारीहरूलाई यात्रा उत्प्रेरणा विदा (Travel Incentive Leaves), शैक्षिक भ्रमण र अध्ययन अवलोकन भ्रमणको व्यवस्थाको लागि लागत सहभागिता गर्ने गरी बजेट व्यवस्था गर्ने ।
- सबै क्षेत्रमा काम गर्ने जनशक्तिलाई आन्तरिक पर्यटन तर्फ आकर्षित गर्न निश्चित सहुलियतयुक्त बिदासहितको स्थानीय भ्रमण प्रोत्साहन कार्यक्रम (Local Travel Concessions) लागू गरिनेछ ।

६.२.१४ धार्मिक-सांस्कृतिक, पुरातात्विक सम्पदाको संरक्षण र प्रवर्द्धन

- मूर्त तथा अमूर्त पुरातात्विक एवम् सांस्कृतिक संपदाको संरक्षणका साथै दीगो उपयोग गरी पर्यटनसँग जोड्ने गरी राष्ट्रिय सांस्कृतिक नीतिलाई पर्यटन विशिष्टीकृत (Tourism Specific) गर्ने ।
- सांस्कृतिक सम्पदाहरूको अन्वेषण, अध्ययन, संरक्षण र व्यवस्थापन कार्यलाई वैज्ञानिक, सहभागितामूलक र प्रभावकारी बनाउन प्राचीन स्मारक संरक्षण ऐन २०१३, अभिलेख संरक्षण ऐन २०४६ तथा गुठी ऐन २०३३ मा आवश्यकतानुसार परिमार्जन गरिने छ ।
- भुकम्पबाट क्षतिग्रस्त धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको पुनर्निर्माणमा देखिएका समस्या पहिचान गरी स्थानीय सरकार तथा स्थानीय जनसमुदायसँगको साझेदारी र समन्वयमा पर्याप्त बजेट व्यवस्था गरी सम्पन्न गर्ने ।

६.२.१५ शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता अपरंपरागत क्षेत्रमा पर्यटन विकास र प्रवर्द्धन

- अन्तर्राष्ट्रियस्तरका शैक्षिक तथा स्वास्थ्य संस्था स्थापना, खेलकुद स्टेडियम निर्माण गर्न स्वदेशी तथा विदेशी निजी लगानी आकर्षित गर्न सो सम्बन्धी नीतिहरूलाई पर्यटन विशिष्टीकृत (Tourism Specific) गर्न अन्तरनीतिगत तथा अन्तरनिकायगत समन्वय गर्ने ।
- वैकल्पिक चिकित्सा पद्धतिको विकास तथा स्वास्थ्योपचार पश्चात नेपालको अनुपम प्राकृतिक स्थलमा आराम गर्ने व्यवस्था मार्फत नेपालमा स्वास्थ्य पर्यटनको विकास गर्ने गरी स्वास्थ्य नीतिलाई पर्यटन विशिष्टीकृत गर्न समन्वय गर्ने ।

- गुणस्तरीय शैक्षिक प्रतिष्ठानको विकास तथा बजारीकरण गरी बिदेशी विद्यार्थीलाई तालीम तथा अध्ययनको अवसर प्रदान गरी विविध क्षेत्रमा तालिम तथा अध्ययन भ्रमणमा प्रोत्साहन दिइने गरी राष्ट्रिय शिक्षा नीतिलाई पर्यटन विशिष्टीकृत गर्न समन्वय गर्ने ।

६.२.१६ प्रकोप तथा महामारीको सामना, संकट व्यवस्थापन तथा पुनर्उत्थान

नीति: महामारी र प्रकोपबाट सृजित प्रतिकूल परिस्थितिको व्यवस्थापन, असर न्यूनीकरण तथा पर्यटन व्यवसायलाई प्रोत्साहन प्रदान गरी संकट व्यवस्थापन गर्दै पुनर्उत्थानलाई गति दिई यस क्षेत्रलाई प्रतिकूल परिस्थितिमा अनुकूलन हुने तथा सहजै उठ्न सक्ने (Resilient Building) बनाउने ।

कार्यनीति:

- संकटको समयमा पर्यटकको उद्धार, स्थानान्तरण, स्वास्थ्य जाँच, भिसा थप लगायतमा कानुनी प्रकृया पुरा गराउने, स्वदेश फिर्तीको व्यवस्थापन लगायतका काम गर्ने सम्बन्धमा निकायगत जिम्मेवारी किटान गरी सबै किसिमका संकटमा पर्यटक उद्धार तथा व्यवस्थापन गर्न पर्यटक खोज, उद्धार, उपचार तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७५ मा परिमार्जन गरी महामारीबाट सिर्जित संकट व्यवस्थापन समेतलाई सम्बोधन गर्ने गरी परिमार्जन गर्ने ।

- संकटकालीन समयमा पदयात्रीहरू सकुशल उद्धार गर्न सहयोग पुग्ने सुविधाहरू व्यवस्था गर्ने । पदयात्रा मार्गमा मोबाइल फोनको सुविधा, बुझिने र स्तरीकरण गरिएका संकेतहरू, सञ्चार केन्द्र, उपयुक्त अन्तरालमा सुरक्षित र पुन: बनाउन सकिने विश्राम गृह र आपतकालीन आश्रय स्थल, आपतकालीन उद्दार व्यवस्थापन प्रणाली र बीमाको व्यवस्था तथा स्थापित पदयात्रा मार्गमा प्राकृतिक प्रकोप नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने जस्ता सेवा तथा सुविधा उपलब्ध गराउने ।

- महामारीको समयमा स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसार पर्यटकको स्वास्थ्य सुरक्षा सम्बन्धी विशिष्ट मार्गदर्शन निर्देशिका तर्जुमा गर्ने ।

- समग्र पर्यटन आपूर्ति श्रृङ्खला, साना आफूर्तिकर्ता तथा साना र मझौला उद्यमको अस्तित्व संकटमा पर्न नदिन सकृय (Proactive) र चुस्त (Agile) जोखिम व्यवस्थापनका लागि मार्गदर्शन तयार गर्ने ।

- पर्यटन व्यवसाय तथा यसको आपूर्ति श्रृङ्खलामा आवद्ध आपूर्तिकर्ता, साना तथा मझौला उद्यमीलाई संकटको समयमा तथा पुनर्उत्थानको लागि आवश्यक पर्ने बैङ्क ॠृण सहुलियत दरमा प्रदान गर्ने तथा

लिइएको ऋणको भुक्तानिमा व्याज सहुलियत, ऋणको पुनर्तालिकीकरण एवम् कर छूट जस्ता विषयमा अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैङ्कसँग समन्वय गर्ने ।

- पर्यटन व्यवसायका लागि आवश्यक तरलता उपलब्ध गराउने तथा रोजगारी संरक्षण गर्ने ।
- सार्वजनिक-निजी सहयोग तथा समझदारीको ढाँचा अवलम्बन गरी व्यवसायिक गतिविधि पुन: शुरू गर्ने ।
- प्रविधिको प्रयोग, सर्वस्वीकृत स्वास्थ्य सुरक्षा मापदण्डको परिपालनामा संलग्न निकायहरूको जिम्मेवारी यकिन गरी सुरक्षित तथा निर्बाध व्यवस्थापन सहित जिम्वेवारीपूर्ण ढङ्गले अन्तर्राष्ट्रिय सिमाना खुला गर्ने ।
- अन्तर्राष्ट्रिय स्तरमा हवाई यात्रा अवलम्बन गरिने स्वास्थ्य सुरक्षा सम्बन्धित मापदण्ड लागु गरी सुरक्षित हवाई सेवा सुनिश्चित गर्ने ।
- नवपर्वर्तन तथा दीगोपना प्रवर्द्धनको माध्यमबाट नयाँ सामान्य अवस्था (New Normal Situation) सृजना गर्ने ।
- महामारीको प्रभाव अध्ययन; बजारीकरण तथा प्रवर्द्धन रणनीति निर्माण, पुनर्उत्थान तथा वस्तु विविधिकरण रणनीति; र संस्थागत सुदृढीकरण एवं महामारी पश्चातको प्रतिकूल परिस्थितिमा अनुकूलन हुने तथा प्रतिकूल परिस्थितिमा सहजै उठ्न सक्ने (Resilient Building) बनाउन विश्व पर्यटन संगठनको प्राविधिक सहायता परिचालन गर्ने ।

### ६.२.१७ नीति कार्यान्वयन कार्ययोजना तथा अनुगमन कार्यदल

- नीतिकै अङ्गको रूपमा नीति कार्यान्वयनको कार्ययोजना संलग्न गर्ने ।
- नीति कार्यान्वयन अवस्थाको नियमित अनुगमन गर्न मन्त्रालयमा स्थायी संयन्त्रको रूपमा कार्यदल रहने व्यवस्था गर्ने ।

निष्कर्ष: पर्यटन नीति, २०६५ को कार्यान्वयन सन्तोषजनक छैन । नीति-विषयवस्तु र नीति-सन्दर्भ दुवै यसमा जिम्मेवार छन् । नीति निर्माणका क्रममा केही सामान्य मुद्दाहरू (Generic Issues) सही ढङ्गले सम्बोधन नहुँदा पनि नीति कार्यान्वयन प्रभावकारी हुन सक्दैन । त्यस्ता सामान्य मुद्दाहरू: नीति भित्रकै कमजोरी वा अन्तर (Intra-Policy Gap), अन्तरनीति अन्तर (Inter-Policies Gap) नीति भित्रको

प्राथमिकरण, नीति कार्यान्वयन कार्य योजनाको अभाव, नीतिलाई कानूनले सम्बोधन नगर्नु, नीति अनुकूलनको व्यवस्था नहुनु र नीति कार्यन्वयनको प्रभावकारी अनुगमन व्यवस्था नहुनु आदि हुन सक्छन् । पर्यटन नीतिले सम्बोधन गर्नुपर्ने विशिष्ट विषयहरू: हवाई सम्पर्क विकास र विस्तार, राष्ट्रिय ध्वजाबाहकको क्षमता विस्तार तथा व्यवस्थापन सुधार, सडक तथा रेल यातायातको विकास र विस्तार, संस्थागत सुदृढीकरण, गन्तव्य तथा वस्तु विकास, पर्यटन प्रवर्द्धन, मानव श्रोत विकास, गुणस्तरीय सेवा, लगानी प्रवर्द्धन, कानूनी तथा प्रकृयागत सुधार, लैङ्गिक मुलप्रवाहीकरण, आन्तरिक पर्यटन प्रवर्द्धन, पुरातात्विक सम्पदाको संरक्षण र प्रवर्द्धन, अपरंपरागत क्षेत्रमा पर्यटन विकास, महामारी तथा प्रकोपमा संकट व्यवस्थापन इत्यादि हुन् । नीति तर्जुमा गर्नासाथ जिम्मेवारी घट्ने होइन, बढ्छ । नीति कार्यान्वयन हुन कार्ययोजना र प्रभावकारी अनुगमन संयन्त्रको पनि व्यवस्था हुनु आवश्यक हुन्छ ।

## परिच्छेद-१

# परिचय

### १.१ पृष्ठभूमि

सरकारले आफ्नो दुरदृष्टिलाई सार्वजनिक नीतिको माध्यमबाट नतिजामा रूपान्तरण गर्दछ। कुनै सार्वजनिक मुद्दा वा समस्या समाधानको सन्दर्भमा सरकारले गर्ने कार्यहरूको शृङ्खला नै सार्वजनिक नीति हो। नीति सरकारले कुनै काम गर्ने वा नगर्नेसँग सम्बन्धित हुन्छ। कुनै काम गर्ने वा नगर्ने सन्दर्भले सार्वजनिक नीतिले समग्र समाजमा मूल्यको प्राधिकारिक विनियोजन गर्दछ भन्ने बुझ्नुपर्दछ। यसर्थ सरकारले समग्र वातावरणसँग राख्ने सम्बन्धलाई सार्वजनिक नीतिले निर्धारण गर्दछ।

सार्वजनिक नीति मूलत: नेपालको संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वबाट निश्चित हुन्छन्। नेपालको संविधानको धारा ५१ (ठ) मा पर्यटन सम्बन्धी नीति उल्लिखित छ: 'नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यापर्यटन अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने।'

पर्यटन नीति, २०६५ लागु भए पश्चात मुलुकमा नयाँ संविधान घोषणा भई राज्य पुनर्संरचना भयो। तीन वटा आवधिक योजनाहरू कार्यान्वयनमा आए। मुलुक भूकम्प र नाकावन्दी जस्ता अनपेक्षित संकटबाट गुज्रँदै हाल कोभिड-१९ को विश्वव्यापी महामारी सामान गर्दैछ। राष्ट्रिय र अन्तर्राष्ट्रिय घटना र प्रवृत्तिहरूमा आएको बदलावले पर्यटन विकासको समग्र सन्दर्भमा केही परिवर्तन आएको छ। सन्दर्भमा आउने बदलावले नि:सन्देह पर्यटनको नीतिगत विषयवस्तुमा पनि सोहि अनुरूप समायोजनको माग गर्दछ।

पर्यटन नेपालको समग्र सामाजिक आर्थिक रुपान्तरणका दृष्टिले महत्वपूर्ण संभावनाको क्षेत्र हो। नेपालको आर्थिक वृद्धि, रोजगारी सृजना र गरिबी निवारणमा पर्यटनको योगदान थप बढाउन सकिने प्रशस्त संभावना छ। त्यस्तै नेपालको औद्योगिक तथा व्यापारिक विकास, सांस्कृतिक तथा वातावरणीय संरक्षण एवम् दीगो विकाससँग पर्यटन अन्तरसम्बन्धित छ। अत: नेपालको संविधान, पन्ध्रौं योजना तथा दिगो विकास लक्ष्यमा भएका नयाँ व्यवस्था अनुकूल हुने गरी पर्यटन सम्बन्धी मौजुदा नीतिहरुमा समसामयिक सुधार गरी कार्यान्वयन गर्न; कोभिड-१९ पछिको अन्तर्राष्ट्रिय पर्यटन बजारमा विकसित नवीन अवधारणा

एवम् प्रवृत्ति अनुरूप पर्यटन सम्बन्धी सोच, लक्ष्य, नीति, रणनीति, कार्यनीतिहरुमा समयसापेक्ष परिमार्जन गर्न; र सो अनुरुप सुधारका प्रमुख क्षेत्रहरु तय गरी क्षेत्रविशेष नयाँ कार्यक्रमहरु कार्यान्वयन गर्न समसामयिक नीतिगत आधार निर्माण गर्ने यो उपयुक्त समय हो। उपर्युक्त पृष्ठभूमिमा राष्ट्रिय योजना आयोगले पर्यटन नीति, २०६५ मा पुनरावलोकन गर्ने कार्यादेश गरे अनुसार प्रस्तुत नीति पुनरावलोकनको कार्य गरिएको हो।

## १.२ अध्ययनको- उद्देश्य (Objective of the Study)

दिइएको कार्य क्षेत्र अनुसार पुनरावलोकन कार्यका उद्देश्यहरु देहाय बमोजिम छन् :-

- पर्यटन नीति, २०६५को पुनरावलोकन गर्ने। पर्यटन नीतिसँग सम्बन्धित रहने विषयवस्तुमा सीमित रही राष्ट्रिय संस्कृति नीति, २०६७, र हवाई नीति, २०६३ को पनि पुनरावलोकन गर्ने;
- समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न अख्तियार गर्नुपर्ने पर्यटन सम्बन्धी नीति, कार्यक्रम तथा कार्ययोजनाहरुको पहिचान गर्ने;
- पर्यटन सम्बन्धी विश्वव्यापी प्रवृत्तिहरु, क्षेत्रीय प्रवृत्तिहरु (Regional Trends), र राष्ट्रियस्तरमा विद्यमान अवस्था र सुधारका बाबजुद विद्यमान जोखिमहरु विश्लेषण गरी यस सम्बन्धी नीतिगत सिद्धान्त र वास्तविक व्यवहार, अभ्यास, चलनबीच रहेका असमञ्जस्यता र अन्तरविरोधहरु हल गर्ने उपायहरुको खोजी गर्ने;
- नीति पुनरावलोकनको क्रममा फरक आयामबाट नवीन सोच/सुझावहरु पहिचान गर्दा, यथास्थिति खलबल्याउन खोज्दा, राजनीति/अर्थतन्त्र/समाजमा रहेका विसंगति तथा अन्तर्विरोधको हल खोज्ने प्रयत्न गर्दा सृर्जना हुने विवाद / बहस / जोखिम व्यवस्थापन गर्ने तर्क, तथ्य र सिद्धान्तको पहिचान गर्ने; र
- संविधान, कानुन र नीतिहरुमा मौजुद पर्यटन सम्बन्धी नीतिगत व्यवस्था, कार्यक्रम र अभ्यासहरुको पुनरावलोकन, विश्लेषण र परिमार्जन गर्न आवश्यक सुझावहरु प्रदान गर्ने र सो को प्रस्तुतीकरण तयार पार्ने।

## १.३ मुख्य कार्यहरु तथा क्षेत्र (Functions and Scope)

यस पुनरावलोकनका मुख्य कार्य तथा क्षेत्रहरु देहाय बमोजिम हुनेछन् :-

- पर्यटन नीति, २०६५  का लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति, संरचनागत व्यवस्था आदिको कार्यान्वयनबाट प्राप्त उपलब्धीको लेखाजोखा गरी कोभिड-१९ पछिको बदलिदो परिप्रेक्ष्यमा ती नीतिहरुको उपयुक्तता, सान्दर्भिकता र प्रभावकारीताको आधारमा पुनरावलोकन गर्ने। पर्यटन नीतिसँग सम्बन्धित विषयमा सीमित रही राष्ट्रिय संस्कृति नीति, २०६७, र हवाई नीति, २०६३ को पुनरावलोकन गर्ने;

- राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा प्रचलित नीति पुनरावलोकनको अवधारणा, ढाँचा, विधि, पद्धति, मापदण्ड कार्यविधि तथा कार्य प्रवाह ढाँचा अनुरुप यस सम्बन्धी विषयविज्ञ, सरोकारवाला निकायका प्रमुख तथा पूर्वप्रमुखहरु र अन्य प्रमुख जिम्मेवार सूचनादाताहरुसँग तथ्य तथ्यांक संकलन गरी सो को विश्लेषण गरी पर्यटन क्षेत्रले भावी दिनमा अख्तियार गर्नु पर्ने नीति, रणनीति, कार्यनीतिहरु तथा कार्यक्रमहरु बारे सुझाव प्रदान गर्ने ;

- नीति पुनरावलोकन गर्ने क्रममा पर्यटन सम्बन्धी नीति, ऐन, नियमावली, निर्देशिका र गुरुयोजनाको आवश्यकता अनुसार अध्ययन, समीक्षा र विश्लेषण गर्ने ।

### १.४ **अध्ययन विधि** (Methodology)

प्रायोगिक अध्ययन (Applied Study) को रूपमा रहने यस अध्ययनमा मूलत: गुणात्मक पद्धति (Qualitative Method) को अवलम्बन गरिएको छ। यस अध्ययनको प्रस्तुति विवरणात्मक तथा विश्लेषणात्मक दुवै किसिमको छ। मूलत: द्वितीय तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ। सरोकारवालाहरूसँगको अन्तरकृयाको आधारमा लिइएका प्राथमिक तथ्याङ्कको पनि केही मात्रमा उपयोग गरिने छ। दिइएका निम्न अध्ययन विधि अनुसार नै कार्यसम्पादन गरिएको छ ।

- नीति तर्जुमा, विश्लेषण, मूल्यांकन तथा पुनरावलोकनसँग सम्बन्धित साहित्य र दस्तावेजहरुको अध्ययन, अवलोकन, विश्लेषण र  राष्ट्रिय एवम् अन्तराष्ट्रिय प्रचलन, स्तरीय मापदण्ड, सिद्धान्त र विधिको उपयोग ;

- आदर्श पर्यटन नीतिले समेटनु पर्ने तथा सम्बोधन गर्नुपर्ने क्षेत्र, प्राथमिकता, आधार वा बहुप्रचलित प्रमुख सूचकहरु र मुख्य एवम् सहयोगी पक्ष, तत्व, संवाहक र अवरोधहरुको पहिचान र छनौट;

- सरोकारवालाहरु, विज्ञ समूह र प्रमुख सूचनादाताहरुसँग संवाद, सुझाव, सल्लाह, छलफल, अन्तर्क्रिया तथा अन्तरवार्ता;

- नीति पुनरावलोकनको मुख्य आधारको रुपमा रहेका सूचनाहरु एकत्रित, परिमार्जन र विश्लेषण गर्ने;
- अध्ययनबाट प्राप्त सुझावहरु आयोगमा गठित समितिहरुमा छलफल/ अन्तर्क्रिया गरेर परिमार्जन गर्ने, परिमार्जित सुझाव सहितको प्रतिवेदनलाई पर्यटन मन्त्रालय तथा सम्बन्धित अन्य लाभग्राही र प्राज्ञ, विज्ञहरुसँग पुन: छलफल गरेर अन्तिम रुप दिने,

## १.५ प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा पाँच परिच्छेद छन् । पहिलो परिचय सम्बन्धी परिच्छेदमा अध्ययनको पृष्ठभूमि, उद्देश्य, कार्यक्षेत्र, अध्ययनको विधि तथा अध्ययनको सीमा उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा नीति पुनरावलोकनको आवश्यकता र सिद्धान्त वारे संक्षिप्तमा चर्चा गरिएको छ। तेस्रो परिच्छेदमा पर्यटनको अवस्था मूल्यांकन र विश्लेषण गरिएको छ। त्यस्तै, पर्यटन नीति २०६५ मा देखिएका कमी कमजोरी तथा अन्तर (Gap) परिच्छेद चारमा समेटिएको छ। परिच्छेद छ मा भविष्यको लक्ष र वर्तामानसँगको अन्तर उल्लेख गरिएको छ। अन्त्यमा, परिच्छेद सातमा नयाँ पर्यटन नीतिका लागि सुझाव तथा निष्कर्ष दिइएको छ।

## १.६ अध्ययनको सीमा

नीति पुनरावलोकनको सर्वस्वीकृत ढाँचा र पद्धति उपलब्ध छैन। नीति कार्यान्वयनको मूल्यांकनको लागि तथ्याङ्कको अभाव छ। नीति कार्यान्वयनको मूल्याङ्कन वस्तुगत भन्दा विषयगत हुने संभावना छ। पर्यटन 'क्रस कटिङ्' विषय भएकोले पर्यटन विकासमा नीति कार्यान्वयनको योगदान यकिन गर्नु कठीन काम हो, किनकि समाज विज्ञानमा कारण-प्रभाव (Causality) स्थापित गर्न सहज हुँदैन। कोभिड-१९ को महामारी बीच गरिएको यस अध्ययनमा छलफल गरिएका सरोकारवालाहरूको दायरा अलि साँघुरो छ। महमारीको बीच सम्पर्क गरिएका सरोकारवाला पर्यटन व्यवसायीहरूमा पनि पर्यटन विषयमा बोल्ने जाँगर मरेको समेत अनुभूति भयो, र कम सूचना प्राप्त हुने अवस्था रह्यो। महामारीले तहस नहस भएको वर्तमान पर्यटन क्षेत्रको भविष्यको आंकलन स्वयंमा कति यथार्थपरक होला भन्ने प्रश्न उठ्न सक्छ।

# परिच्छेद-२

# नीति पुनारावलोकनको आवश्यकता र सिद्धान्त

## २.१ नीति पुनरावलोकनको आवश्यकता

कुनैपनि नीतिको पुनरावलोकन गर्नुपर्ने मूलत: चार वटा कारण हुन्छन् । पहिलो, वर्तमान नीति विभिन्न कारणले पूर्ण वा आंशिक रूपमा अनुसरण गर्न छाडिनु; दोस्रो, वर्तमान नीति प्रभावकारी हुन छाड्नु वा अपेक्षित नतीजा नदिनु; तेस्रो, नयाँ मामिला/सन्दर्भ आउँदा नीतिगत परिवर्तनको वाद्यता सृजना हुनु; चौथो, मूल नीतिमा आएको परिवर्तनको कारण विद्यमान नीति सार्थक नहुनु वा नीति परिपालना नहुनु ।

## २.२ पुनरावलोकनको नतीजा

यसरी कुनैपनि नीति पुनरावलोकन गरे पश्चात चार वटा नतीजा वा निष्कर्षमा पुग्न सकिन्छ: एक, नीतिमा कुनै परिवर्तन गर्नै नपर्ने निष्कर्ष; दुई नीतिमा स-सानो परिवर्तन गर्नुपर्ने; तीन, नीतिमा ठूलै संशोधन गर्नुपर्ने अवस्था; चार, नीतिको आवश्यकता नै नरहनाले नीतिको खारेजी गर्ने ।

## २.३ पर्यटन नीति, २०६५ को पुनरावलोकनको सन्दर्भ

पर्यटन नीति, २०६५ पुनरावलोकन गर्नुको कारण नयाँ समस्या वा सन्दर्भ निर्माण भएकोले हो । वि.सं २०७२ मा नेपालको संविधान जारी भयो । संविधानको भाग-४ धारा ५१ (ठ) मा पर्यटन सम्बन्धी नीति समावेस गरिएको छ । उक्त नीति भन्छ- 'नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यापर्यटन अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने ।' प्रस्तुत संवैधानिक नीतिगत मार्गदर्शन अनुकूल पर्यटन नीतिमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

एक दशक लामो द्वन्द्वबाट सिर्जित आर्थिक, सामाजिक र राजनीतिक परिस्थिलाई सम्बोधन गर्नका लागि एघारौं त्रीवर्षीय योजनाको नीतिगत मार्गदर्शनमा रही पर्यटन नीति २०६५ तर्जुमा भई कार्यान्वयनमा आएको थियो । तत्पश्चात तीन वटा आवधिक योजना कार्यान्वयन भई हाल पन्ध्रौं योजना कार्यान्वयनको

चरणमा रहेकोले आवधिक योजना र पर्यटन नीति बीच तादात्म्यता कायम राख्न यस नीतिको पुनरावलोकन आवश्यक छ ।

दीगो विकास लक्ष्य (सन् २०१६-२०३०) प्रप्तिमा प्रत्यक्ष र परोक्ष रूपमा पर्यटन विकास गर्न पर्यटन नीतिको पुनरावलोकन गर्नुपर्ने देखिन्छ। त्यस्तै, कोभिड-१९ ले अर्थतन्त्रका क्षेत्रहरू मध्ये पर्यटनमा सबैभन्दा बढी प्रभाव पारेको अन्तर्राष्ट्रिय र राष्ट्रिय तथ्याङ्क प्रकाशित भएका छन्। पर्यटन क्षेत्रको पुनर्स्थापित गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमा विकास भएका दृष्टिकोण, पद्धति, मान्यता र प्रयासलाई राष्ट्रिय आवश्यकता र सन्दर्भ अनुरूप आत्मसात गरी पर्यटन पुनर्उत्थानको अन्तर्राष्ट्रिय प्रयाससँग एकाकार भइ नेपालको पर्यटनको पुनर्उत्थान र विकास गर्न विद्यमान पर्यटन नीतिमा आवश्यक पुनरावलोकन गर्नुपर्ने देखिएको छ। साथै, सूचना प्रविधिको क्षेत्रमा भएको तीब्रतर विकासले पर्यटन क्षेत्रमा विकसित अन्तर्राष्ट्रिय प्रवृत्ति, सोंच र अभ्यास अनुकूल नेपालको पर्यटन विकास गर्न ।

## २.४ सार्वजनिक नीति पुनरावलोकन: नतीजामा आधारित नीति विश्लेषण

सार्वजनिक नीतिको पुनरावलोकन नतीजामा आधारित नीति विश्लेषण (Ex Post Policy Analysis) कै एउटा पद्धति हो। अर्को शव्दमा यसलाई पश्चातदर्शी नीति विश्लेषण (Retrospective Policy Analysis) पनि भन्न सकिन्छ। प्राकृतिक विज्ञानमा जस्तो सामाजिक विज्ञानमा नीति कार्यान्वयन र प्राप्त उपलब्धि बीचमा कारण-प्रभाव (Causality) स्थापना गर्न प्राय: कठीन हुन्छ। वातावरण सम्बन्धी ऐनको कारण-प्रभाव स्थापित गर्ने समस्याको सन्दर्भमा संयुक्त राष्ट्र संघीय वातावरण कार्यक्रम UNEP (1999, cited in MacHardy, P. 2003),) भन्छ 'कुन नीतिले कुन परिवर्तनमा योगदान गरेको भन्ने निश्चित गर्ने उपयुक्त संयन्त्र, पद्धति र मापदण्ड नै छैन। जसको कारण नीति कार्यान्वयनमा नल्याएको भए विद्यमान अवस्थामा के फरक पर्थ्यो भन्ने सहि तुलना गर्न सकिंदैन।' जसरी वातावरणीय नीति कानुनको कार्यान्वयनबाट वातावरणा भएका उपलब्धिको कारण-प्रभाव स्थापित गर्न गाह्रो छ, त्यसरी नै बहुक्षेत्रगत विषय/ मुद्दा (Cross-Cutting Issue) भएकोले पर्यटन क्षेत्रका पनि सबै विषयमा कारण प्रभाव स्थापित गर्न सहज छैन। त्यसमा पनि कानुन नै तर्जुमा नगरी नीति कार्यान्वयन गरिएको अवस्थामा सम्बन्धित क्षेत्रमा प्राप्त उपलब्धि नीति कार्यान्वयन कै कारण भएको भनी ठोकुवा गर्न सकिंदैन। कुनै अमुक नीति नै नबनेको अवस्थामा पनि सम्बन्धित क्षेत्रमा केही न केही उपलब्धि त भएकै हुन्छ। त्यसमा पनि नीति लागु हुनु भन्दा ठीक अँघि सरकारले सम्बन्धित क्षेत्रको श्वेत पत्र (White Paper) जारी गरेको अवस्थामा वेस लाइन तथ्यांङ्क (Base Line Data) सार्वजनिक गरेको भए नीतिको प्रभाव अध्ययन गर्न केही सजिलो हुने हुन्छ। पर्यटन नीति, २०६५ कार्यान्वयन गर्न न त कानुन नै बन्न सक्यो, न त त्यस्तो श्वेत पत्र नै जारी गरियो। त्यसैले तत्कालीन समयमा सार्वजनिक भएका केही सीमित पर्यटन सम्बन्धित तथ्यांङ्क र वर्तमान तथ्यांङ्क बीच तुलना गरेर

नीतिको उपलब्धि मूल्याङ्कन गर्नु पर्ने अवस्था छ । त्यस्तै कुनैपनि सार्वजनिक नीति कर्यान्वयनले पार्ने अपेक्षित र अनपेक्षित (Intended and Unintended Impact) प्रभावको विश्लेषण गर्न पनि गाह्रो हुन्छ । त्यसमा पनि कारण-प्रभाव स्थापित गरी पर्यटन नीति, २०६५ कै कार्यान्वयनबाट उपलब्धि भएको हो भनी किटान गर्न सकिने अवस्था छैन ।

नीति विश्लेषणका तीन आयामहरू: नीति निर्माण प्रकृया (Process) को विश्लेषण, विकल्पहरू (Choices) को विश्लेषण र नीतिको परिणाम (Consequences) को विश्लेषण मध्ये नीति पुनरावलोकनले मूलत: तेस्रो आयाम अर्थात नीतिबाट प्राप्त परिणामको विश्लेषण गर्दछ। अर्को शव्दमा, नीति वास्तविक अर्थमा कार्यान्वयन भयो कि भएन, तथा नीति कार्यान्वयनले कस्तो किसिमको अपेक्षित वा अनपेक्षित परिणाम ल्यायो वा ल्याएन भन्ने विषय विश्लेषण गरिन्छ । तापनि कुनैपनि नीति निर्माण प्रकृया तथा विकल्पहरूको विश्लेषण उपयुक्त हुनु वा नहुनुले नीतिको विषयवस्तु (Content) लाई प्रभावित नगरिरहन सक्दैन । त्यसैले, पर्यटन नीतिको विषयवस्तु विश्लेषण (Content Analysis) र कार्यान्वयनको सन्दर्भ विश्लेषण (Context Analysis) पनि स्वभावत: नीति पुनरावलोकनको क्षेत्र भित्र पर्दछ। नीतिको दक्षता (Efficiency), प्रभावकारीता (Effectiveness), उपयुक्तता (Appropriateness), औचित्यता (Reasonableness) र सार्वजनिक हित (Public Interests) जस्ता आधारमा नीति पुनरावलोकन गर्न सकिन्छ। नीति वातावरणमा आउने सान्दर्भिक परिवर्तनको कारण उपर्युक्त आधारहरूको दृष्टिकोणले वर्तमान नीति कामयावी नहुन सक्छ । पर्यटन नीति, २०६५ कार्यान्वयनमा आएको एक दशक भन्दा बढी समयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति परिवेश केही परिवर्तन भएकोले पुनरावलोकन आवश्यक भएको हो ।

नीति पुनरावलोकनको सन्दर्भमा गरिने नीति विश्लेषणका दुई पक्ष हुन्छन्:

**(**क) नीतिको विश्लेषण (Analysis of Policy): नीति कसरी विकास गरियो वा तर्जुमा गरियो भन्ने यसमा हेरिन्छ। नीति कसरी कार्यान्वयनमा ल्याइयो र नीतिले कस्तो नतीजा प्राप्त भयो भन्ने विश्लेषण यसमा गरिन्छ । यो विवरणात्मक र विश्लेषणात्मक अध्ययन (Descriptive and Analytical Study) हो ।

**(**ख) नीतिको लागि विश्लेषण (Analysis for Policy): यसमा नीति निर्माणको सन्दर्भमा विकल्पहरूको विश्लेषण गरिन्छ। नीतगत समस्या समाधानको लागि दक्ष र प्रभावकारी समाधानको पहिचान यस विश्लेषणमा गरिने हुनाले यो विश्लेषण सिफारिसात्मक अध्ययन (Prescriptive Analysis) हो। पर्यटन नीति पुनरावलोकन गर्दा नीति विश्लेषणका यी दुवै पक्षहरू आकर्षित हुन्छन् ।

## २.५ **नीति अन्तर विश्लेषण** (Policy Gap Analysis)

भविष्यमा प्राप्त गर्न चाहेको नीति-नतीजाको अवस्था र वर्तमान अवस्था बीचको अन्तर पहिचान गर्ने उद्देश्यले

वर्तमान नीति वा नीति कार्यान्वयन कार्यसम्पादनको जाँच गर्ने वा मूल्याङ्कन गर्नुलाई नीति अन्तर विश्लेषण भनिन्छ (Leconte, 2020)। नीति अन्तर विश्लेषणमा मूलत: तीन किसिमको विश्लेषण गर्न सकिन्छ।

२.५.१ नीति भित्रकै अन्तर विश्लेषण (Intrapolicy Gap Analysis): यसमा नीति भित्रकै कमी कमजोरी तथा आफै भित्र विरोधाभाष वा असंगति छ, छैन भन्ने हेरिन्छ। यस विश्लेषणमा नीतिले राखेका दूरदृष्टि, ध्येय, उद्देश्य, नीति र कार्यनीति; तथा वार्षिक कार्यक्रम र बजेट बीचमा देखिएका अन्तर र असंगतिलाई उजागर गरिन्छ। यस विश्लेषणमा मूलत: यी प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिन्छ। नीतिले यसको उद्देश्य र नतीजा कति राम्रोसँग प्राप्त गर्यो ? नीतिको जीवनकालमा कस्ता चासो र कार्यान्वयन सम्बन्धी मुद्दा पहिचान भए ? कार्य सञ्चालन तहमा नीतको सान्दर्भिकता के रह्यो (अन्य नीतिको समेत) ? नीतिमा कुन नयाँ सूचना समावेस गर्नु आवश्यक छ ? यो नीतिलाई बाह्य वा/र नियामक आवश्यकतासँग संगत बनाउन के गरिनु आवश्यक छ ?

२.५.२ अन्तरनीति अन्तर विश्लेषण (Interpolicies Gap Analysis): यसमा सम्बन्धित विश्लेषण गरिन लागेको नीति र अन्य सम्बन्धित नीतिहरू बीच कुनै असंगति छ, छैन भन्ने हेरिन्छ।

२.५.३ वर्तमान नीति र भविष्यको नीतिगत आवश्यकता बीचको अन्तर विश्लेषण (Gap Analysis Between Present Policy and Future Policy Needs): यसमा विद्यमान नीति र भविष्यको नीतिगत लक्ष बीचको अन्तर पत्ता लगाइन्छ। पर्यटन नीति, २०६५ को पुनरावलोकनका सन्दर्भमा उपर्युक्त तीन किसिमको विश्लेषण अँगाडिका परिच्छेदहरूमा गरिनेछ।

त्यसैले, उपर्युक्त तीन किसिमको नीति अन्तर विश्लेषण पश्चात अन्तर मूलत: चार वटा प्रश्नको उत्तर खोज्नु पर्ने हुन्छ: हामी अहिले कहाँ छौं ? भविष्यको कुनै विन्दुमा हामी कहाँ हुन चाहन्छौं ? अन्तर के छ ? यो अन्तरलाई हामी कसरी पुरा गर्छौं ? अत: Leconte (2020) बाट प्रस्तुत चार चरणको अन्तर विश्लेषण पद्धतिबाट पर्यटन नीतिको अन्तर विश्लेषण गरौं: (१) वर्तमान अवस्थाको पहिचान गर्ने, (२) भविष्यमा पुग्न चाहेको अवस्थाको पहिचान, (३) वर्तमान र भविष्यको अवस्था बीचको अन्तर पहिचान, र (४) अन्तर पुरा गर्ने सुधार नीति तथा कार्यक्रम तर्जुमा गर्ने।

# परिच्छेद-३

# पर्यटनको अवस्था मूल्याङ्कन तथा विश्लेषण

## ३.१ पूर्व कोभिड-१९ पर्यटन अवस्था (Tourism in Pre-Covid-19)

क. अन्तर्राष्ट्रिय पर्यटन

सन् २०१९ को डिसेम्वरको अन्त्यमा चीनको वुहानमा कोभिड-१९ को पहिलो केस भेटिएकोले सन् २०१९ को तथ्याङ्कलाई पूर्व कोभिड-१९ पर्यटनको अवस्था मान्नु पर्दछ। सन् २०१९ को विश्व पर्यटनको अवस्था निम्नानुसार भएको पाइन्छ (UNWTO, 2020)

१. पर्यटकको संख्या अँघिल्लो वर्षमा करीब ४ प्रतिशतले वृद्धि भइ १ अर्ब ४६ करोड पुग्यो। कुल पर्यटक संख्यामा युरोप, एशिया तथा प्रशान्त, अमेरिका, अफ्रिका र मध्यपूर्वको अंश क्रमश: ५१, २५, १५, ५ र ४ प्रतिशत रहन गयो।

२. पर्यटन राजस्व करीब ३ प्रतिशतले वृद्धि भई १४७८ अर्ब अमेरिकी डलर पुग्यो। प्रति पर्यटक राजस्व १०१० अमेरिकी डलर रह्यो।

ख. नेपालको पर्यटन

पर्यटन स्याटेलाइट लेखाप्रणालीको अभावमा कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदानको वास्तविक तथ्याङ्क पाउन कठीन छ। आ. व. २०७६-७७ को आर्थिक सर्भेक्षण अनुसार आ. व. २०७५-७६ मा कुल गार्हस्थ उत्पादनमा होटल तथा रेष्टुरेन्ट क्षेत्रको योगदान १.९ प्रतिशत रहेकोमा कोभिड-१९ को महामारीको कारण आ. व. २०७७-७८ मा १.४ प्रतिशतमा झर्ने अनुमान गरिएको छ। सोहि सर्भेक्षण अनुसार पर्यटकको औसत बसाई १३ दिन र प्रति पर्यटक प्रति दिन खर्च ४८ अमेरिकी डलर छ।

सन् २०१८ मा नेपालको कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान ३.६ प्रतिशत थियो। प्रत्यक्ष र अप्रत्यक्ष योगदान हिसाव गर्दा ७.९ प्रतिशत थियो। पर्यटन क्षेत्रले ४,२७,००० प्रत्यक्ष रोजगारी (कुल रोजगारीमा २.९ प्रतिशत) र प्रत्यक्ष र अप्रत्यक्ष गरी १०,५१,००० रोजगारी (कुल रोजगारीको ६.७ प्रतिशत) सृजना गरेको थियो। सामान्यत: औसतमा दुई विदेशी पर्यटकले एक/एक प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी सृजना गर्दछन्। सन् २०२० मा Allied Sector समेत गरेर कुल लगानी ३.२ अर्ब आउने र सो को

आधा होटल र ट्राभल जस्ता कोर क्षेत्रमा हुने प्रक्षेपण गरिएको थियो। सन् २०१८ मा औसतमा प्रतिदिन प्रति पर्यटक खर्च ४४ डलर र बसाई अवधि १२.८ दिन थियो (समुन्नति, Economic Policy Incubator (2020: p8)।

मागको वितरणको दृष्टिकोणले हेर्दा नेपालको पर्यटन ॠतुमा आधारित (Seasonality) छ। सन् २०१६ र २०१७ मा सबैभन्दा बढी पर्यटक आगमन (Peak) र सबैभन्दा कम आगमन (Trough) को औसत अनुपात १: २.५ रहन गयो। Spring ॠतुको शुरूवातसंगै कोभिड-१९ को प्रभाव शुरू भयो, समयमा उच्च आगमन र कम आगमन अनुपात (Peak Trough Ratio 1:1.6 in 2017) मध्यम थियो। त्यस्तै, सन् २०१८ को तथ्याङ्क अनुसार विदा मनाउने (६०%), साहसिक (१६%) र धार्मिक पर्यटक (१४%) थिए (समुन्नति, Economic Policy Incubator (2020: p8)।

अनौपचारिक क्षेत्र र पर्यटनसंग जोडिएका क्षेत्रमा काम गर्नेको संख्या ठूलो छ। नेपालमा साहसिक पर्यटनमा आधारित ट्रेकिङ तथा पर्वतारोहणमा काम गर्ने भरियाहरूको ठूलो संख्या छ; यस्तो ट्रेकिङ् दुर दराजका ग्रामीण क्षेत्रमा हुने गर्दछ। पदयात्रा पथमा रहेका धेरैजसो ग्रामीण होटल तथा होमस्टेहरू अनौपचारिक रूपमा ठूलो मात्रामा महिलाको संलग्नतामा सञ्चालित छन्। हेर्दा देखिन्छ कि एउटा पदयात्रीले औसतमा ४ जना भरियालाई सिजनमा आधारित भए पनि काम दिएको पाइन्छ (समुन्नति, Economic Policy Incubator (2020: p8)।

सन् २०१५ को भुकम्पले घटेको पर्यटक तत्पश्चातका वर्षमा औसतमा २५ प्रतिशतले बढेको देखिन्छ। सन् २०२० को नेपाल भ्रमण वर्षको परिणामस्वरूप ६५ प्रतिशत वृद्धि हुने अपेक्ष गरिएको थियो। सन् २०१९ मा करीब १२ लाख पर्यटक नेपाल भित्रिए। भ्रमण वर्ष २०२० को योजनाले पर्यटक संख्या २० लाख, प्रति पर्यटक प्रतिदिन खर्च ७५ डलर र औसत बसाई १५ दिन पुर्याउने लक्ष राखेको थियो। उक्त लक्षका आधारमा सन् २०२० मा पर्यटनबाट नेपालले २.२५ अर्ब डलर आर्जन गर्ने लक्ष राखेको थियो। धेरै न्यून अनुमान गर्दा पनि उक्त आर्जन ९० करोड डलर पुग्ने प्रक्षेपण थियो (समुन्नति, Economic Policy Incubator (2020: p8)।

### ३.२ कोभिड महामारी बीच पर्यटनको अवस्था

क. अन्तर्रष्ट्रिय पर्यटन

सन् २०२० को मध्य (जून) मा गत वर्षको सोहि अवधिको तुलनामा विश्वमा कुल पर्यटन आगमन ६५ प्रतिशतले कमी आएको छ। जून महिनामा त गत वर्षको सो महिनाको तुलनामा ९३ प्रतिशतले कमी

आयो। सन् २०२० को मध्यसम्ममा विश्वले ८५ करोड देखि १.१ अर्ब अन्तर्राष्ट्रिय पर्यटक गुमाउँदा करीब ९१० देखि १२०० अर्ब डलर पर्यटन आय गुमाएको अनुमान छ। यसबाट १० देखि १२ करोड मानिसले रोजगारी गुमाएको अनुमान छ (UNWTO, 2020)। कोभिड-१९ को महामारी लामो समयसम्म रहने कारण गर्दा यसले पार्ने पर्यटन लगायत अर्थतन्त्रका अन्य सबै क्षेत्रमा पार्ने प्रभाव आंकलन गर्न निकै कठीन छ।

ख. नेपालको पर्यटन

समुन्नति, Economic Policy Incubator (2020: p8) ले अप्रिलमा गरेको अध्ययनमा आषाढ मसान्तसम्म लकडाउन रहने (तर केही कृयाकलाप खुला गरिने; मनोरञ्जन र आवश्यक बाहेकका अन्य यात्र खुला नहुने मान्यतामा) गरेको एक अध्ययन अनुसार पर्यटनमा हुने नोक्सानी यस प्रकार प्रक्षेपण गरेको थियो।

तालिका-१

पर्यटन क्षेत्रमा पर्ने प्रभाव

| विवरण | राजस्व आर्जन (डलरमा) | | पर्यटन उद्योगमा | | |
|---|---|---|---|---|---|
| आधार | विदेशी पर्यटकबाट (९० करोड आर्जन हुने प्रक्षेपणमा) | आन्तरिक पर्यटकबाट (७.५ करोड हुने प्रक्षेपणमा) | पर्यटन उद्योग (११९.३ करोड डलर हुने प्रक्षेपणमा) | एयरलाइन्स (२२ करोड हुने डलर प्रक्षेपणमा) | रोजगारी (१३,१३,० ४७ जना हुने प्रक्षेपणमा) |
| नोक्सानी | ५४ करोड | ४.५ करोड | ७२.९ करोड | ११ करोड | ७,८७,८२८ जना |

नोट: नेपाल भ्रमण वर्षको कार्यक्रमले उच्च आय तथा निजी क्षेत्र लगानी हुने अपेक्षाको कारण राजस्व आर्जन भन्दा पर्यटन उद्योगको नोक्सानी बढी हुने प्रक्षेपण गरिएको।

तालिका-१ मा पर्यटन क्षेत्र र सोसँग सम्बन्धित कृयाकलापहरूमा कोभिड-१९ ले पार्ने प्रभावको सारांश दिइएको छ। कोभिड-१९ को महामारी नभएको भए पर्यटन क्षेत्रले प्राप्त गर्ने राजस्व तथा सिर्जना गर्ने रोजगारीको परिमाणलाई आधारको रूपमा लिइएको छ। यो आधारको प्रक्षेपण पनि उक्त अध्ययनले निकालेको हो।

पर्यटनको लाभ सबै क्षेत्र र वर्गमा पुर्याउने विषय पनि उत्तिकै महत्वपूर्ण छ। तर पर्यटन उद्योग स्वयममा रोजगारी सिर्जना गरी आर्थिक वृद्धि गर्ने (Job-led Growth) को क्षेत्र हो। उदाहरण: सौराह, नगरकोट र भक्तपुरलाई समेटी १३१ वटा पर्यटन व्यवसायमा डा. कमल बास्कोटाले सन् २०१५ मा गरेको

अध्ययनले पर्यटनले रोजगारी सिर्जना र गरिबी निवारणमा महत्वपूर्ण योगदान गर्ने देखाएको छ। जस अनुसार साना तथा मझौला होटलका ५ शैयाले १ जनालाई र ठूला होटलका ४ शैयाले १ जनालाई रोजगारी दिएको पाइयो। रोजगार मध्ये ५६ प्रतिशत व्यक्तिहरू स्थानीय, २२ प्रतिशत वरपर गाउँवस्तिका, र २१ प्रतिशत देशका अन्य ठाउँका व्यक्तिहरू रहेको पाइयो। त्यस्तै, होटलहरुले खरीद गर्ने खाद्यान्न मध्ये करीब ६८ प्रतिशत स्थानीय उत्पादन खरीद गर्ने गरेको पाइयो। यसरी पर्यटनले स्थानीय गरिबी निवारणमा योगदान गरेको देखिन्छ (पर्यटन रणनीतिक योजना २०१६-२५, २०१५; पेज २३-२४)।

## ३.३ पर्यटन नीति भित्रकै अन्तर विश्लेषण (Intra-Policy Gap Analysis)

पर्यटन नीति भित्रकै अन्तर विश्लेषण गर्दा पर्यटन नीति, २०६५ को मात्र होइन कि उक्त नीतिको अन्य समकालीन नीतिगत औजारहरू: पर्यटन भिजन २०२०, रणनीतिक योजना २०१६-२०२५ सँगको अन्तर विश्लेषण समेत गर्नु उपयुक्त हुन्छ।

### ३.३.१ पर्यटन नीति, २०६५ कार्यान्वयनको प्रभाव मूल्याङ्कन

नेपालमा पर्यटन नीति, २०६५ कार्यान्वयनमा आएको विगत १२ वर्षको पर्यटक आगमन संख्या र पर्यटकबाट आर्जित वैदेशिक मुद्राको विवरण तालिका-१ मा दिइएको छ। पर्यटन नीति, २०६५ कार्यान्वयनमा आउनु ठीक अँघि सन् २००७ मा पर्यटन संख्या करीब ५ लाख २६ हजार रहेकोमा १२ वर्ष पछि सन् २०१९ मा पर्यटक संख्या करीब १२ लाख पुगेको छ। यसरी प्रति वर्ष औषत पर्यटक वृद्धि दर करीब १५ प्रतिशत रहन गएको छ। त्यसैगरी सन् २००७ मा पर्यटकबाट करीब २३.०६ अर्ब डलर विदेशी मुद्रा आर्जन भएकोमा सन् २०१९ मा उक्त रकम करीब ७२.४३ अर्ब डलर पुगेको छ। यसरी १२ वर्षमा विदेशी मुद्रा आर्जन प्रति वर्ष औषत करीब २५ प्रतिशतको दरले बढेको देखिन्छ। त्यस्तै कुल पर्यटनबाट आर्जित विदेशी मुद्रा र कुल वस्तु तथा सेवा निर्यात आयत अनुपात सन् २००८ मा करीब १८ प्रतिशत रहेकोमा सन् २०१९ मा करीब २५ प्रतिशत पुगेको छ। तर कुल विदेशी मुद्रासँगको अनुपातमा भने तात्विक परिवर्तन नभई सन् २०१९ मा २.२ प्रतिशत रहन गएको छ। तर पर्यटन नीतको कार्यान्वयन भएकै कारणले पर्यटक संख्या र विदेशी मुद्रा आर्जन बढेको भनी कारण-प्रभाव सम्बन्ध (Causality) स्थापित गर्न संभव भने छैन।

तालिका-२

पर्यटक संख्या र आय

| वर्ष | पर्यटक आगमन संख्या | वृद्धि प्रतिशत | पर्यटकबाट प्राप्त विदेशी मुद्रा डलर (करोडमा) | वृद्धि प्रतिशत | पर्यटन आय र कुल वस्तु तथा सेवा निर्यात आय अनुपात | कुल विदेशी मुद्रासँगको अनुपात |
|---|---|---|---|---|---|---|
| २००७ | ५, २६, ७०५ | ३७.२ | २३.०६ | १८.१३ | - | - |
| २००८ | **५, ००, २७७** | -५.० | ३५.२ | ५२.६ | १७.९ | २.३ |
| २००९ | ५, ०९, ९५६ | १.९ | ३७.७२ | ७.२ | २२.८ | २.८ |
| २०१० | ६, ०२, ८६७ | १८.३ | ३३.० | १२.५ | २४.६ | २.४ |
| २०११ | ७, ३६, २१५ | २२.१ | ३६.८८ | ११.८ | २०.२ | १.८ |
| २०१२ | ८, ०३, ०९२ | ९.१ | ३५.६७ | -३.३ | २० | २.० |
| २०१३ | ७, ९७, ६१६ | -०.७ | ३८.८९ | ९.०२ | १८.९ | २.० |
| २०१४ | ७, ९०, ११८ | -०.९ | ४७.२२ | २१.४२ | २०.५ | २.४ |
| २०१५ | ५, ३८, ९७० | -३१.८ | ५४.४१ | १५.२२ | २१.६ | २.५ |
| २०१६ | ७, ५३, ००२ | ३९.७ | १९.२७ | -६४.५८ | १९.६ | १.९ |
| २०१७ | ९, ४०, २१८ | २४.९ | ५५.१० | २८७.९४ | २४.३ | २.२ |
| २०१८ | ११,७३,०७२ | २४.८ | ७०.३२ | २७.६२ | २५.४ | २.३ |
| २०१९ | ११,९७,१९१ | २.१ | ७२.४३ | ३.१४ | २५.१ | २.२ |

श्रोत: आर्थिक सर्भेक्षण २०७६-७७; पर्यटन रणनीतिक योजना २०१६-२५

३.३.२ पर्यटन नीति, २०६५ का कमी कमजोरी

नीतिगत दस्तावेज स्वत: कृयाशील हुने होइन। त्यसैले नीति राम्रो लेखिंदैमा नतीजा प्राप्ति भैहाल्दैन। नीतिलाई कृयाशील गर्ने कानुन, कार्यक्रम, परियोजना र बजेटले हो। पर्यटन नीति, २०६५ जारी भएपछि यसलाई कृयाशील गर्न कस्तो कानुन, कार्यक्रम र बजेट ल्यइयो भन्ने सन्दर्भले यसको उपादेयता सिद्ध हुने हो।

नीति सन्दर्भ (Policy Context) ख्याल नगरी बनेको, तर पढ्दा आकर्षक, लोकपृय तथा व्यापक विषय समेटिनुले पनि नीति प्राय: अव्यवहारिक सावित हुन्छ। किनकि यस्तो नीति प्राथमिकता निर्धारण तथा विषय केन्द्रित हुनबाट बञ्चित हुन्छ। त्यस्तै, नीति सैद्धान्तिक मान्यताबाट धेरै निर्देशित हुँदा पनि

व्यवहारबाट टाढिन पुग्छ । सबै विषय, सन्दर्भ र उद्देश्य एउटै वाक्यमा समेटेर नीतिगत उद्देश्य र रणनीति निर्माण गर्दा नीतिगत अस्पष्टता सृजना हुन्छ । नेपालका सार्वजनिक नीतिका प्रमुख कमजोरीहरू यस प्रकार छन्:

१. नीति कार्यान्वयनमा कम ध्यान दिइने गर्दा नेपालमा नीति कार्यान्वयनको उद्देश्य भन्दा पनि नीति छ भन्ने देखाउनलाई तर्जुमा गरिन्छ कि भन्ने आशंका गर्नुपर्ने अवस्था छ । नेपालमा नीति निर्माण पश्चात मन्त्रालयको जिम्मेवारी शुरू हुनुपर्नेमा नीति निर्माण पश्चात जिम्मेवारी समाप्त भएको जस्तो महसुस हुन्छ । अर्थात, नीति तर्जुमा गरेर मात्र सबैभन्दा ठूलो काम गरेको ठानिने गरिन्छ ।

२. नीति तर्जुमाकारले आफूले जानेको कुरा जत्ति सबै समेट्ने प्रयत्न गर्छ; किनकि यो कार्यान्वयन गर्नुपर्छ भन्ने मान्यता रहेको पाइँदैन। नीति निर्माण प्रकृयामा संलग्न सबै तहमा विषय काँटछाँट गरी कार्यान्वयनयोग्य बनाउनु भन्दा यो विषय छुटेछ भनेर थप्दै जाने काम मात्रै हुन्छ। संक्षिप्त, प्राथमिकता निर्धारण गरिएको, विषय केन्द्रित र कार्यान्वयनयोग्य नीति बनाउने ज्ञान, सीप र सोंच प्राय: देखिंदैन ।

३. प्राय: नीति बोझिलो, गोलमटोल र शव्दजालयुक्त हुँदा निवन्ध जस्तो देखिन्छ । कार्यान्वयन गर्न चाँहदा नै पनि यसको बोझिलोपनले गर्दा हेर्दै जाँगर मर्ने अवस्था आउँछ । प्राथमिकताक्रम तथा समय सीमा सहितको कार्ययोजनाको अभावमा के गर्ने, के नगर्ने द्विविधा र अन्योल हुन्छ । पर्यटन नीति, २०६५ मा ४ उद्देश्य, १६ नीति तथा तिनको कार्यान्वयनको लागि १५४ वटा कार्यनीति उल्लेखित छन् । यी १५४ कार्यनीति धेरै कार्यान्वयन गर्न सकिने गरी स्पष्ट छैनन् ।

४. वास्तवमा नीति निर्माणको राजनीतिकरण (Politicization of Policies) हुनुपर्ने हो। राजनीतिक दल, समुह वा व्यक्तिको राजनीतिक हीत वा व्यक्तिगत हितमा अनुकूल वा प्रतिकूल प्रभाव पर्ने अवस्थामा मात्र प्राय: राजनीतिक नेतृत्वले नीति निर्माणमा चासो दिन्छ। अन्यथा नीति निर्माण नितान्त कर्मचारीतन्त्रीय कर्ममा परिणत भएको छ । राजनीतिमा नीति निर्माण सम्बन्धी ज्ञान, क्षमता, सोंच र कल्पनाशीलता कमजोर देखिन्छ। यसबाट राजनीतिक नेतृत्वले नीतिप्रति स्वामित्व वोध गरेको पाइँदैन ।

५. नीति दस्तावेजमा अमूर्त, बहुअर्थी तथा विषयगत (Subjective) अर्थ लाग्ने शव्द र वाक्यहरूको प्रयोगले कार्यान्वयनको क्रममा कसरी गर्ने भन्ने समस्या उत्पन्न हुन्छ । नीतिगत उद्देश्य र नीतिमा यस्तो

हुन सक्ने भएपनि कार्यनीतिमा नै उल्लिखित यस्ता शव्दले नीति कार्यान्वयनयोग्य रहँदैनन्। केही उदाहरण हेरौं:

नीति नं. (क) को कार्यनीति (२): 'नेपालको पर्यटनलाई सबै मौसम अनुकूल () बनाउन बेमौसममा नेपाल आउन चाहने पर्यटन र पर्यटक ओसार पसार गर्ने वायुसेवालाई विशेष सुविधा दिईने छ।' विशेष सुविधा के हो स्पष्ट छैन। वायुसेवा कम्पनिलाई दिने विशेष सुविधा निश्चय पनि मौद्रिक मूल्यमा हुनुपर्ने हुन्छ। तर यो संभव छ कि छैन; अहिलेसम्म यो कार्यनीति कार्यान्वयनमा आएको छैन। कार्यनीतिले विशेष सुविधालाई स्पष्ट गर्न किन सकेन भने यो व्यवस्था गर्दा सिर्जना हुने वित्तीय लागत व्यहोर्न सरकार प्राय: चाहँदैन। पर्यटकलाई केही सुविधा दिन सकिए पनि वायुसेवालाई सुविधा दिन त्यति संभव देखिंदैन। यो कार्यनीति देखाउन मात्र राखिएको गहना जस्तो भएको छ।

नीति नं. (क) को कार्यनीति (३): 'पर्यटन क्षेत्रको अन्तर्राष्ट्रिय बजार अध्ययन गरी पर्यटकको स्तर अनुसार विभिन्न समूहमा विभाजन गरी लक्षित समूह अनुकूल नेपाल प्रवेश देखि बाहिरिदा सम्मको पूर्ण प्याकेज कार्यक्रम तयार गर्न र प्रस्तुत गर्न पर्यटन व्यवसायीलाई प्रोत्साहन दिईनेछ।' यस कार्यनीतिमा पर्यटन व्यवसायिलाई प्रोत्साहन दिईनेछ भनिएको छ; तर कस्तो प्रोत्साहन दिईने हो स्पष्ट छैन।

नीति नं. (क) को कार्यनीति (४) 'पर्यटन व्यवसायी (विशेषतः ट्राभल र ट्रेकिब एजेन्सी तथा होटलहरू) बीच स्वस्थ प्रतिस्पर्धा तथा सहकार्यमा अभिवृद्ध गर्न समन्वयकारी भूमिका निर्वाह गरिनेछ।' कस्तो समन्वयकारी भूमिका कसरी निर्वाह गर्ने तथा समन्वयको संयन्त्र कस्तो हो स्पष्ट छैन।

नीति नं. (क) को कार्यनीति (७) 'पर्यटन व्यवसायी र विमान सेवा सञ्चालकहरु वीच सहकार्य र समन्वय गर्न प्रोत्साहन दिइनेछ।' कस्तो प्रोत्साहन हो स्पष्ट छैन।

नीति नं. (ख) को कार्यनीति (३) 'राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु तर्फ आकर्षित पर्यटकलाई पर्या–पर्यटन, ग्रामीण पर्यटनसँग आवद्ध गराउनका लागि आवश्यक प्याकेज बनाउन पर्यटन व्यवसायीलाई प्रोत्साहन दिइनेछ।' यो कार्यनीति कार्यान्वयन गर्न पनि भन्नु जस्तो सजिलो छैन। कसरी प्रत्यक्ष सुविधा पुर्याउने, कस्ता कृयाकलाप सञ्चालन गर्ने भन्ने स्पष्ट गर्न गाह्रो छ।

नीति नं. (ख) को कार्यनीति (२) 'उच्च आय वर्गका पर्यटकलाई ग्रामीण पर्यटन तर्फ आकर्षित गराउन पर्यटन व्यवसायीलाई प्रोत्साहन दिइनेछ।' यो कार्यनीति पनि कार्यान्वयनयोग्य छैन। के कसरी प्रोत्साहन गर्ने हो स्पष्ट छैन।

नीति नं. (ख) को कार्यनीति (६): 'ग्रामीण पर्यटनको माध्यमबाट विपन्न, महिला, मधेशी, आदिवासी जनजाती र हालसम्म समेट्न नसकिएका समुहको समेत संलग्नता रहने गरी पर्यटनबाट प्राप्त हुने लाभलाई

समुदायको पहुँच भित्र ल्याउने संरचनाको निर्माण र विकास गरिनेछ।' तर कस्तो संरचना हो ? यकिन छैन। यो नीति कार्यान्वयनयोग्य नै छैन; नीति निर्माताले सुझाउन नसकेको 'संरचना' कार्यान्वयनकर्ताले कसरी निर्माण गर्ला ? यो पढ्दा लोकपृय लाग्ने, तर कार्यान्वयन गर्न नसकिने किसिमको छ। पर्यटन स्वयममा पनि रोजगार तथा गरिबी निवारण मैत्री क्षेत्र हो। तापनि पिछडिको वर्ग र क्षेत्रलाई पर्यटनले समेट्न पर्यटन विषयको शिक्षा र तालीम मार्फत ऊनीहरूको सहभागिता वृद्धि गर्ने गरी शिक्षा र तालीम नीतिले यो मुद्दालाई राम्रोसँग सम्बोधन गर्न सक्छ। उपर्युक्त पृष्ठभूमिमा पर्यटन नीतिले सम्बोधन गर्नुपर्ने विषयहरू वारे तल चर्चा गरिन्छ।

यसरी धेरै कार्यनीतिहरू अस्पष्ट छन्; कार्य नीतिले गर्ने विषय ठोस रुपमा राख्नुपर्नेमा Abstract शव्दहरू राखिएको पाइन्छ। त्यस्ता केही उदाहरण तल दिइएको छ:

नीति नं. (ग) को कार्यनीति (१): 'आन्तरिक पर्यटनको विकास र विस्तारमा जोड दिइनेछ।' कसरी जोड दिइने हो स्पष्ट छैन।

नीति नं. (ग) को कार्यनीति (३): 'हिमाल, पहाड र तराईका विभिन्न पर्यटकीय स्थलहरूमा नेपाली पर्यटकहरूलाई भ्रमण गर्न प्रोत्साहित गरिने छ।' कसरी प्रोत्साहन गरिने हो, ठोस उपाय उल्लेख छैन।

नीति नं. (ग) को कार्यनीति (४): 'आन्तरिक पर्यटकहरूलाई आकर्षित गर्न निजी क्षेत्रको समन्वयमा पर्यटकीय प्याकेजहरूको विकास गरी कर्मचारीहरूलाई यात्रा उत्प्रेरणा विदा () शैक्षिक भ्रमण र अध्ययन अवलोकन भ्रमणको व्यवस्थाका लागि प्रोत्साहन गरिने छ।' यस कार्यनीतिमा प्रोत्साहनको ठोस उपाय त उल्लिखित छ, तर यो कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेको छैन।

अन्य देशहरूको पर्यटन नीति, रणनीति वा भिजन पेपर हेर्दा यस्ता किसिमका कार्यनीतिलाई कार्यान्वयनयोग्य बनाईएको पाइन्छ। उदाहरणको लागि थाइल्याण्डले मेडिकल टुरिजममा अग्रणी गन्तब्य कायम राख्ने रणनीति कार्यान्वयन गर्न स्पष्ट कार्ययोजना सिफारिस गरेको देखिन्छ।

**Initiative 1.1.1 (3/3)**

Maintain Thailand as leading travel destination in medical tourism

**Objective**

This initiative aims to increase the size of medical tourism segment in Thailand, bene ting larger portions of the healthcare industry in Thailand.

**Rationale** Bangkok is one of the global leaders in medical tourism thanks to its quality and affordability of medical services. Chiang Mai and Phuket are also emerging as famous destinations for medical tourism as well. Most of the renowned services are in large international hospital and are concentrated in large cities with little trickle-down to the smaller hospitals.

**Recommended Actions** This shows the opportunity to better promote this segment through **the development of capability in smaller-sized hospital, both in cities and private hospitals in the border areas**, starting from Bangkok, Chiang Mai and Phuket. The rst step is to enhance the quality and the con dence of consumers, by supporting small-sized hospital for the registration of JCI and the development of necessary services to best serve tourists, such as international language capabilities, one-stop services, on-site visa extension, etc. Enhanced capabilities of hospital in border areas will enable better services for patients from neighboring countries, which are one of the main foreign patient groups in Thailand.

In addition, the **government is in the best position to collaborate the knowledge and expertise** among hospitals, hospitals and private sectors, and hospital and university or research institutes, to **further develop specialist capability and innovation.** The aim of this collaboration is to strengthen the R&D aspects of Thai medical tourism, in order to increase its value and lift the experience with a touch of Thainess.

यस नीतिको जोखिम खण्डमा उल्लिखित विषयहरूमा ‘ध्यान दिन नसकेमा जोखिमको स्थिति सृजना हुन सक्छ’ भनिएको छ । यसमा उल्लिखित केही विषयहरू पर्यटन नीतिले नै सम्बोधन गर्नपर्ने प्रकृतिका छन् । जस्तैः (क) अन्तर्राष्ट्रिय हवाई यातायात सेवाको सञ्चालमा वृद्धि (छ) राष्ट्रिय ध्वजावाहक विमान सेवामा सुरक्षित भरपर्दो र नियमितता । पर्यटन नीतिले नै अनिवार्य रूपमा सम्बोधन गर्नुपर्ने विषयलाई जोखिमको रूपमा प्रस्तुत गर्दा उक्त विषय पर्यटन नीतिको क्षेत्र भन्दा बाहिर पर्दछन् भन्ने अर्थ लाग्दछ । जबकि यी दुई विषय नै पर्यटन विकासका महत्वपूर्ण पूर्वावश्यकता हुन् । पर्यटन नीति प्रभावकारी भई नेपालमा पर्यटनको अपेक्षित विकास नहुनुको एउटा प्रमुख कारण यी विषयलाई सम्बोधन गर्ने गरी वार्षिक कार्यक्रम नबन्नु पनि हो । पर्यटन नीति, २०६५ मा देखिएका केही अस्पष्ट शव्दावली तालिका-३ मा दिइएको छ ।

तालिका-३

पर्यटन नीतिमा निहित केही स्पष्टता

| सिनं | अस्पष्ट शब्दावली | कति ठाउँमा उल्लिखित | स्पष्ट नभएका विषय | | |
|---|---|---|---|---|---|
| | | | के गर्ने**?** | कसले गर्ने**?** | कसरी गर्ने**?** |
| १. | 'प्रोत्साहन गरिने छ' | २० पटक | के उपाय ? | कसले? | कसरी? |
| २ | 'समन्वय गरिने छ' | ४ पटक | - | कसले? | कसरी? |
| ३ | 'भरपर्दो, नियमित र प्रभावकारी बनाइने छ' | ३ पटक | के गर्ने? | कसले? | कसरी? |
| ४ | 'अझ बढी प्रभावकारी बनाइने छ' | २ पटक | के गर्ने? | कसले? | कसरी? |
| ५ | 'जोड दिइने छ' | २ पटक | कानुन? नीति? संयन्त्र? कार्यक्रम? | कसले? | कसरी? |
| ६ | 'दीगो विकास/उपयोग गरिने छ' | २ पटक | दीगो गर्न के गर्ने ? | कसले? | कसरी गर्ने? |
| ७ | 'अभिप्रेरित गरिने छ' | १ पटक | के गर्ने? | कसले? | कसरी? |
| ८ | 'पर्यटन विकासबाट प्राप्त हुने लाभलाई समुदायको पहुँच भित्र ल्याउने संरचनाको निर्माण र विकास गरिने छ | १ पटक | कस्तो संरचना? कानुनी वा संस्थगत वा अन्य? | कसले? | कसरी? |
| ९ | 'उपयुक्त संयन्त्र बनाइने छ' | १ पटक | कस्तो संयन्त्र? | कसले? | कसरी? |
| १० | पदयात्रालाई बढी सुरक्षित, भरपर्दो र आकर्षक बनाइने छ | १ पटक | के गर्ने? | कसले? | कसरी? |
| ११ | पहल गरिने छ | १ पटक | के गर्ने हो? पहल गर्दा नभए के गर्ने ? | कसले? | कसरी? |
| १२ | व्यवसायिक वातावरण सिर्जना गर्दै लगिने छ | १ पटक | के गर्ने | कसले ? | कसरी? |
| १३ | 'दिशा निर्देश गरिने छ' | १ पकट | के दिशा निर्देश? | कसले गर्ने? | कसरी? |
| १४ | उचित प्रवन्ध गरिने छ | १ पटक | के गर्ने? | कसले? | कसरी? |
| १५ | गुणस्तरीय र प्रभावकारी बनाइने छ | १ पटक | के गर्ने? | कसले? | कसरी? |
| १६ | विशेष व्यवस्था गरिने छ | १ पटक | कस्तो व्यवस्था? | कसले? | कसरी? |
| १७ | अझ बढी व्यवस्थित गरिने छ | १ पटक | के गर्ने? | कसले? | कसरी? |
| १८ | व्यवसायिक वातावरण सिर्जना गरिने छ | १ पटक | के गर्ने? | कसले? | कसरी? |
| २० | आकर्षित गर्ने उपाय अवलम्बन गरिने छ | १ पटक | के गर्ने? | कसले? | कसरी? |
| २१ | क्यासिनोलाई मर्यादित रूपमा सञ्चालन गरिने छ | १ पटक | के गर्ने? | कसले? | कसरी? |
| २२ | प्रयासलाई प्रभावकारी र नियमित बनाइने छ | १ पटक | के गर्ने? | कसले? | कसरी? |
| २३ | सुदृढ तुल्याइने छ | १ पटक | के गर्ने? | कसले? | कसरी? |
| २४ | विशेष प्रोत्साहन सहित प्रवर्द्धन गरिने छ' | १ पटक | के गर्ने? | कसले? | कसरी? |

पर्यटन क्षेत्रको विकासको लागि नीतिगत रूपमा धेरै विषयहरू समेटेर नीतिगत जञ्जालको अवस्था सिर्जना गर्नु भन्दा केही महत्वपूर्ण क्षेत्रहरू पहिचान गरी प्राथमिकताक्रम निर्धारण गरी काम गर्नु उपयुक्त देखिन्छ। सबै सिद्धान्त र अवधारणा नीति दस्तावेजमा राख्ने, तर कार्यान्वयन अवस्था कमजोर रहने वर्तमान परिस्थितिमा सुधार आवश्यक छ। यसको लागि नीतिगत दस्तावेज छोटो, प्राथमिकताक्रममा स्पष्टता तथा कार्यान्वयनयोग्य बनाउनु पर्ने देखिन्छ। त्यस्तै वर्तमान तिब्रतर परिवर्तनको युगमा नीतिगत आवश्यकता र प्राथमिकताक्रम छिटो छिटो परिवर्तन हुने हुनाले अन्य मुलुकमा ३-५ वर्षको भिजन वा रणनीतिक योजना बनाउने प्रचलन विकास भएको पाइन्छ।

पर्यटन नीति, २०६५ को कार्यान्वयनको वर्तमान अवस्था के छ भन्ने हेरौं। तलको तालिकामा नीति कार्यान्वयनको अवस्था दिइएको छ, जुन वस्तुगत तथा विषयगत बुझाईमा आधारित छ। नीति कार्यान्वयनमा मूलत: दुई विषयले प्रभाव पर्दछ: नीतिको विषयवस्तु (Content) र नीति कार्यान्वयनको सन्दर्भ (Context)। नीति पुनरावलोकनको सन्दर्भमा विषयवस्तु र सन्दर्भ दुवैको जाँच गरिनु पर्दछ। नीतिको विषयवस्तु र सन्दर्भले एक अर्कालाई प्रभाव पार्दछन्। नीतिको त उद्देश्य नै सन्दर्भ निर्माण गर्ने हो। तर नीतिले नयाँ सन्दर्भ निर्माण गर्न सकेन भने यो आफै सन्दर्भबाट पनि प्रभावित हुन्छ। नीतिले जति बढी नयाँ सन्दर्भ निर्माण गर्न सक्यो त्यति नै नीति प्रभावकारी मानिन्छ। तर वर्तमान सन्दर्भबाट नै नीति बढी प्रभावित भयो भने नीति प्रभावकारी भएको मानिंदैन।

### ३.३.३ नीति भित्रकै अन्तर विश्लेषण

पर्यटन क्षेत्रका सबै नीतिगत औजारलाई पर्यटन नीति भित्रकै अन्तर विश्लेषणमा समावेस गर्न सकिन्छ। एउटै समयमा कार्यान्वयनमा रहेका पर्यटन नीति २०६५, पर्यटन भिजन २०२० र पर्यटन रणनीतिक योजना २०१६-२०२५ तर्जुमा गर्नुको उद्देश्य फरक-फरक भएपनि यी तीनै नीतिगत औजारको तुलनात्मक विश्लेषणबाट प्राप्त निष्कर्ष नयाँ पर्यटन नीतको लागि पृष्ठपोषण हुनसक्छ। यी तीन बीचको अन्तर विश्लेषण तालिका-४ मा गरिएकोछ।

तालिका-४

पर्यटन नीति २०६५, भिजन २०२० र पर्यटन रणनीतिक योजना २०१६-२०२५ बीचको अन्तर विश्लेषण

| क्र. सं. | अन्तरका आधार | पर्यटन नीति २०६५ | पर्यटन भिजन २०२० | राष्ट्रिय पर्यटन रणनीतिक योजना २०१६-२०२५ | अन्तर/समानता |
|---|---|---|---|---|---|
| १ | लक्ष | लक्ष नतोकिएको, गुणात्मक तहका (Qualitative Term) मा नीति कार्यान्वयनको अपेक्षा उल्लेख गरिएको | २० लाख पर्यटक ल्याउने, १० लाख रोजगारी सृजना गर्ने लक्ष निर्धारण गरिएको; केही गुणात्मक लक्ष राख्नुमा नराखिएको । | पर्यटनका ११ वटा विषय क्षेत्रका गुणात्मक लक्षहरू छन्; परिमाणात्मक लक्ष निर्धारण गर्न नसक्नु यसको कमजोरी हो | नीति समयवद्ध नहुने तथा नीति मार्गदर्शनको रूपमा रहनुले लक्ष नतोकिएको; तर भिजनको समयवद्ध लक्ष हुने; रणनीतिक योजनाले परिमाणात्मक लक्ष पनि राख्नु पर्ने थियो |
| २ | कार्ययोजना | कार्य योजना छैन, कार्ययोजना भएको भए राम्रो हुन्थ्यो | भिजनमा कार्ययोजना अनिवार्य हुनुपर्नेमा नभएको | पाँच वर्षे कार्ययोजना छ, तर धेरै महत्वाकांक्षी छ | पर्यटन नीति र भिजन भन्दा पर्यटन रणनीति राम्रो छ । |
| ३ | रणनीति र कार्यनीति | १६ नीति र १५४ कार्यनीति छन्, रणनीति छैनन्; तर धेरै कार्यनीति पनि रणनीति जस्तै General Statement प्रकृतिका अस्पष्ट छन् | ३६ रणनीति, तत्कालीन कार्य २०, दीर्घकालीन कार्य ११ गरी ३१ कार्य छन्; पर्यटन नीतिका कार्यनीति भन्दा भिजनका रणनीति बढी स्पष्ट छन् । | १३ विषय क्षेत्रमा ६४ रणनीति, २७७ कृयाकलाप छन् । रणनीति अन्तर्गतका कृयाकलाप छुट्याइएका छन् । | भिजनमा रणनीति अन्तर्गत नराखी एकमुष्ठ राखिनु कमजोरी हो; कार्यनीति अस्पष्ट हुनु पर्यटन नीतिको कमजोरी हो; धेरै रणनीति र कृयाकलाप राखिनुले पर्यटन रणनीतिको कार्यान्वयनयोग्यता कमजोर छ। |
| ४ | मान्यता र सीमा (Assumptions and Limitations) | नीति कार्यान्वयनका कुनै मान्यता र सीमा वारे उल्लेख छैन, जसले गर्दा नीति कार्यान्वयनको संभावित अड्चन वा चुनौतिको आंकलन गर्न नसकिने हुँदा संभाव्य बाधा वा चुनौति सामना गर्न Proactive नभई Reactive हुनुपर्ने अवस्था आउँछ । | केही मान्यता छन् । तर भिजनको कार्यान्वयन गर्न बार्षिक कार्यक्रम र बजेटले सहयोग पुर्याउनु पर्ने मान्यता राख्नु आधारभूत रूपमा नै त्रुटिपूर्ण छ । 'विवाहका लागि अरू सबै तयारी सकियो, केटी खोज्ने एउटा काम मात्र बाँकी | कुनै मान्यता र सीमा छैनन्; Clean Slate मा रणनीति बनाइएको छ; बजेट र कार्यक्रमले प्रतिवद्धता देखाएको अवस्थामा राम्रो नतीजा दिन सक्छ; अन्यथा कार्यान्वयन हुन गाह्रो छ । मान्यता नराख्दा जोखिमको आंकलन गर्न | जोखिमको आंकलन गर्न मान्यता राखिनु पर्छ; तर भिजनले राखेको एउटा मान्यता त्रुटिपूर्ण छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | छ' भन्ने उखान चरितार्थ भयो । बार्षिक कार्यक्रम र बजेटले सहयोग पुर्याउनु पर्ने अनिवार्य शर्त हो, मान्यता होइन। | नसकिने हुन्छ | |
| ५ | अन्तरनिकाय नीतिगत र कार्यक्रम संगति र समन्वय | नेपालको पर्यटन विकासको सबैभन्दा महत्वपूर्ण पक्ष सडक पूर्वाधार विकासमा अन्तरनिकाय नीतिगत र कार्यक्रमगत समन्वयमा ध्यान नदिएको; राष्ट्रिय पर्यटन परिषद र समन्वय परिषदको व्यवस्था छ; तर यी संयन्त्र प्रभावकारी नै भएनन् । | सडक पूर्वाधारमा केही जोड दिइएको भएपनि समन्वयको पक्ष कमजोर रहेको | सडक पूर्वाधार निर्माणमा अन्तरनिकाय समन्वय कार्यदल सबैभन्दा राम्रो संयन्त्रको व्यवस्था छ; समग्र रणनीति कार्यान्वयनको पनि कार्यदल गठन गर्ने व्यवस्था छ | पर्यटन नीतिको समन्वय संयन्त्र र रणनीतिक योजनाको दुवै कार्यदल व्यवहारमा प्रभावकारी भएको पाइएन । तापनि रणनीतिक योजनाले नीति कार्यान्वयन कार्यदल तथा समन्वय कार्यदलको व्यवस्था गर्नुले तुलनात्मक रूपमा रणनीति राम्रो देखियो । |
| ६. | विषयवस्तु र सन्दर्भ (Content and Context) | धेरै कार्यनीतिहरू अस्पष्ट हुनाले नीति कार्यान्वयमा विषयवस्तुको कमजोरी पनि उत्तिकै जिम्मेवार देखियो | विषयवस्तुमा थोरै कमजोरी देखिएकोले यसको कार्यान्वयन कमजोर हुनुमा विषयवस्तु भन्दा सन्दर्भ बढी जिम्मेवार देखियो | विषयवस्तुमा कमजोरी छैन; तर सन्दर्भलाई मूल्याङ्कन गरेर दस्तावेजलाई बढी कार्यान्वयनयोग्य बनाउन सकिन्थ्यो | तुलनात्मक दृष्टिले पर्यटन नीति भन्दा भिजन र रणनीतिका विषयवस्तु उपयुक्त छन्; रणनीति बढी कार्यान्वयन भएको पाइयो; |
| ७ | नीतिगत संगति | रणनीति र भिजनसँग नीतिगत असंगति देखिएन; तर, नीतिगत क्षेत्र र दायरामा भने असमानता छ । | पर्यटन नीति र पर्यटन रणनीतिसँग नीतिगत असंगति देखिएन; नीतिगत क्षेत्र र दायरामा भने असमानता छ । | पर्यटन नीति र पर्यटन भिजनसंग नीतिगत असंगति देखिएन; नीतिगत क्षेत्र र दायरामा भने असमानता छ । | तीन दस्तावेज बीच नीतिगत असंगति छैन; नीतिगत क्षेत्र र दायरामा भने असमानता छ । |
| ८ | कार्यान्वयनयोग्यता | कमजोर | सामान्य | विषयवस्तुको दृष्टिले सन्तोषजनक | तुलनात्मक दृष्टिमा पर्यटन रणनीतिक योजना उपयुक्त छ |

३.३.४ पर्यटन नीति २०६५ कार्यान्वयनको अवस्था मूल्याङ्कन

यस मूल्याङ्कनमा पर्यटन नीति २०६५ का रणनीति र कार्यनीतिहरूको कार्यान्वयनको वर्तमान अवस्थाको मूल्याङ्कन गरिएको छ। यस्तो मूल्याङ्कन पर्यटनको रणनीतिक योजना, २०१६-२५ ले पनि गरेको छ। उक्त मूल्याङ्कनले प्रत्येक कार्यनीतिको कार्यान्वयन मूल्याङ्कनको चित्रण नगरी रणनीतिको तहमा मात्र प्राप्ताङ्क दिएको छ। यसमा भने सबै रणनीत र कार्यनीतिको प्राप्ताङ्क समेत दिइएको छ। सन् २०१५ मा गरेको मूल्याङ्कनको प्राप्ताङ्क भन्दा अहिको मूल्याङ्कनको प्रप्ताङ्क केही बढी आएको छ। यो स्वभाविक छ किनकि विगत पाँच वर्षमा नीति कार्यान्वयनमा थप प्रगति अवश्य भएको हुनु पर्छ। यो मूल्यांकनमा प्रतिवेदक स्वयम् र पर्यटन विभागका अनुभवि एक जना पूर्व महानिर्देशबाट संयुक्त रूपमा गरिएको हो। मूल्याङ्कन तालिका तल दिइएको छ।

तालिका-५

पर्यटन नीति, २०६५ कार्यान्वयनको अवस्था

| क्र.सं. | नीति नं. | नीति विवरण | प्रगति प्रतिशत |
|---|---|---|---|
| १ | नीति (ड) | पर्यटन उद्योगमा संलग्न उद्यमी तथा श्रमिक वीचको सम्बन्ध सुमधुर बनाइनेछ: पर्यटन उद्योगमा कार्यरत श्रमिक तथा कर्मचारीहरूको लागि जोखिमको मात्रा हेरी जीवन बीमा, दुर्घटना बीमा, स्वास्थ्योपचार, उद्धार तथा आकस्मिक राहत जस्ता विषयमा आवश्यक व्यवस्था मिलाइनेछ। | ८० |
| २ | नीति (त) | पर्यटन नीतिको प्रभावकारी कार्यान्वयनका लागि अन्तर मन्त्रालय र सम्बद्ध निकाय वीच समन्वय कायम गर्न उच्चस्तरीय पर्यटन परिषद् र पयर्टन विकास समन्वय समिति गठन गरिनेछ। | ८० |
| ३ | नीति ट | पर्यटकहरूको सुविधा तथा सुरक्षाकालागि आवश्यक प्रवन्ध मिलाइनेछ। | ६४ |
| ४ | नीति छ | पर्यटन क्षेत्रको विकासमा सरकारको भूमिका ठूला पूर्वाधार निर्माण र पर्यटन सेवा वा वस्तुको विकास एवं विस्तारमा सहजकर्ता, नियमनकर्ता, समन्वयकर्ता र उत्प्रेरकको रुपमा रहने गरी यस क्षेत्रमा निजीक्षेत्रको भूमिकालाई प्रोत्साहन गरिनेछ। | ६० |
| ५ | नीति ठ | पर्यटन उद्योगलाई आधारभूत उद्योगका रुपमा स्थापना गर्न विविध प्रकारका सुविधा तथा सहुलियतहरु प्रदान गरिनेछ। | ६० |
| ६ | नीति ज | पर्यटन सेवाको सँख्यात्मक तथा गुणात्मक अभिवृद्धिकालागि मानव संसाधनको विकास तथा व्यवस्थापन, गुरुयोजना तर्जुमा र कार्यान्वयन, तथ्याङ्क संकलन र प्रयोग जस्ता कार्यक्रम निजी क्षेत्रसंगको समन्वयमा संचालन गरिनेछ। | ४५.३३ |

| | | | |
|---|---|---|---|
| ७ | नीति क | पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी पर्या– पर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निबारणसँग आवद्ध गरी उनीहरूको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवद्र्धन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्ने, | ४० |
| ८ | नीति च | पर्यटन क्षेत्रको पूर्वाधार विकासमा अहं भूमिका खेल्ने हवाई सेवालाई सुरक्षित नियमित र भरपर्दो बनाइनेछ । | ४० |
| ९ | नीति ङ | ठूला प्रकृतिका पर्यटन उद्योगमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ता मार्फत सार्वजनिक तथा निजी साझेदारीमा र मझौला र साना प्रकृतिका पर्यटन उद्योगमा राष्ट्रिय लगानीकर्तालाई प्राथमिकताको आधारमा लगानी खुला गरिनेछ । पर्यटन पूर्वाधार विकासको लागि निर्माण, स्वामित्व, संचालन र हस्तान्तरण सम्बन्धी कानूनी अवधारणा र प्रकृया (द्यइइत्) मोडेलमा सञ्चालन गरिनेछ । | ३५ |
| १० | नीति झ | पर्यटकीय पूर्वाधारको विकास, निर्माण र संचालनमा वातावरण संरक्षणको पक्षलाई प्राथमिकता दिई कार्यान्वयन पक्षलाई प्रभावकारी बनाईनेछ । | ३२ |
| ११ | नीति ञ | पर्यटकीय व्यवसायको बजारीकरण गर्न आधुनिक सूचना प्रविधिको उपयोग गरिनेछ । | ३१.११ |
| १२ | नीति ढ | पर्यटनको विकास, विस्तार, प्रबद्र्धन र समन्वयकालागि पर्यटनसँग सम्बन्धित कानुनी, संस्थागत र प्रक्रियागत व्यवस्थामा सुधार गरिनेछ । | २६.६७ |
| १३ | नीति-ग | आन्तरिक पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रुपमा अघि बढाइनेछ । | २४ |
| १४ | नीति ख | देशका मूर्त–अमूर्त प्राकृतिक, सांस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरुको खोज, संरक्षण, सम्बद्र्धन एवं विकास गरी नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्य स्थलको रुपमा विकास गर्ने, | २२ |
| १५ | नीति ण | पर्यटन व्यवसायसँग सम्बन्धित विविध गतिविधिको सञ्चालन र यसका पूर्वाधारको विकास, निर्माण तथा विस्तारमा सम्बन्धित मन्त्रालय वा निकायहरुसँग समन्वय गरी एकीकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ । | २० |
| १६ | नीति-घ | पर्यटन उद्योगले उपलब्ध गराउने सेवाको प्रकृतिका आधारमा पर्यटन उद्योगलाई विशिष्टीकृत रुपमा विभाजन गरिनेछ र पर्यटन उद्योगले उपलब्ध गराउने सेवाको क्षमताको आधारमा ठूला, मझौला र साना उद्योगमा वर्गीकरण गरिनेछ । | ० |

तालिका-५ मा प्रस्तुत नीति कार्यान्वयन मूल्याङ्कनबाट स्पष्ट हुन्छ कि पर्यटन नीति, २०६५ को कार्यान्वयन अपेक्षित रूपमा हुन सकेको पाइएन। पर्यटन नीतिमा उल्लिखित १६ वटा नीति मध्ये २ पुरा कार्यान्वयन भएका, ३ वटा ६० देखि ६५ प्रतिशत कार्यान्वयन भएका, ६ वटा नीति ३० देखि ४५ प्रतिशतसम्म कार्यान्वयन भएका, ४ वटा नीति २७ प्रतिशत भन्दा कम र एउटा नीतिको कार्यान्वयन शून्य पाइयो। कायान्वयन भएका दुई नीति मध्ये पनि एउटा त राष्ट्रिय पर्यटन परिषद तथा पर्यटन विकास समन्वय समतिको गठन गर्ने भएकोले तात्विक महत्वको मान्न सकिंदैन। त्यसमा पनि ती संयन्त्रहरू व्यवहारमा प्रभावकारी भएको समेत पाइएन। अत: नीति कार्यान्वयनको अवस्था सन्तोषजनक मान्न सकिने अवस्था देखिएन।

### ३.३.५ पर्यटनसंग सम्बन्धित समकालीन नीतिगत औजारको विश्लेषण

#### ३.३.५.१ टुरिजम भिजन, २०२०

सन् २००६ बाट देखिएको उत्साहजनक वातावरण, विदेशी पर्यटक आगमनमा भएको वृद्धि संगै पर्यटन नीति, २०६५ को तर्जुमाले गर्ने नीतिगत मार्गदर्शनको परिप्रेक्षबाट उत्साहित भई सन् २०२० सम्मको एक दशकलाई लक्षित गरी पर्यटन दूरदृष्टि (Tourism Vision, 2020) नामक रणनीतिक दस्तावेज निर्माण गरियो। यो भिजन पेपरले सन् २०२० सम्म नेपालको पर्यटक संख्या २० लाख पुर्याई आर्थिक अवसर बढाई यस क्षेत्रको रोजगारी दश लाख पुर्याउने लक्ष लिएको छ। उक्त भिजनले छ वटा उद्देश्य तथा ती उद्देश्य प्राप्त गर्न ३६ वटा रणनीतिहरू लिएको थियो। यो दस्तावेजले राखेका उद्देश्यहरू पनि निकै महत्वाकांक्षी देखिन्छन्। नेपालमा पर्यटन विकासको प्रमुख अवरोध हवाई सम्पर्कको साँघुरो दायरा तथा मुलुक भित्रको सडक यातायात पूर्वाधारको कमजोर अवस्था तथा गुणस्तरमा तात्विक सुधार नभई पर्यटनको लाभ ग्रामीण स्तरसम्म पुर्याई पिछडिएको क्षेत्र र वर्गको जीवनस्तरमा सुधार ल्याउन संभव छैन। अत: पर्यटन विकासको आधारभूत समस्या समाधान गर्ने नीतिगत प्राथमिकता निर्धारण गरी पर्यटन पूर्वाधार विकासका कार्यक्रमहरू: निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, गौतम वुद्ध तथा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको कार्यक्रमलाई राष्ट्रिय गौरवका आयोजनामा समावेस गरी राष्ट्रिय प्राथमिकतामा राखिए पनि कार्यान्वयनमा भएको ढिलाईले हवाई पूर्वाधार विकासमा अपेक्षित नतीजा प्राप्त हुन सकेन।

तत्कालीन प्रत्येक पाँच विकास क्षेत्रका हिमाल, पहाड र तराईका एक एक वटा क्षेत्रलाई पर्यटकीय केन्द्रको रूपमा विकास गर्ने रणनीति लिइएको भएपनि ती स्थलसम्मको कमजोर सडक तथा नियमित हवाई सेवाको अभावमा भिजन पेपरको अपेक्षा अनुसार ती क्षेत्र पर्यटकीय हवको रूपमा विकास हुन सकेनन्। यसरी पर्यटकीय केन्द्रको रूपमा विकास गर्ने रणनीतले राष्ट्रिय प्राथमिकता पाई सो अनुरूप सडक पूर्वाधार विकास गर्ने कार्यक्रम निर्माण हुन सकेन। गुणस्तरीय पूर्वाधारको विकास भएपछि मात्र निजी क्षेत्रले पर्यटकीय वस्तु

विकास गर्न लगानी बढाउने र पर्यटकीय हवको रूपमा विकास हुने संभावना रहन्छ ।

यस भिजनले लिएका रणनीतिहरू हेर्दा सहि र अर्थपूर्ण देखिए पनि तत्पश्चातका वार्षिक कार्यक्रम र बजेटले यी रणनीति कार्यान्वयनमा सहयोग नगर्दा नतीजा प्राप्त हुन सकेन। तसर्थ नीति वा रणनीति तर्जुमा गरिंदैमा नतीजा सुनिश्चित हुँदैन । त्यसैले नीति कार्यान्वयनको सन्दर्भ (Context) ले कार्यान्वयनलाई प्रभाव पार्छ । अत: नीति कार्यान्वयनको वातावरणीय सन्दर्भलाई ध्यान दिइ महत्वाकांक्षी नभइ यथार्थवादी नीति निर्माण गर्नु पर्ने देखिन्छ। श्रोतको सीमितता सबैभन्दा ठूलो व्यवधान रहने हुनाले समयवद्ध नीतिगत प्राथमिकताक्रम निर्धारण गर्नु जरूरी देखिन्छ। प्राथमिकताक्रम अनुसार क्रमश: समयवद्ध रूपमा एक पछि अर्को रणनीति कार्यान्वयन गर्ने गरी बजेट र कार्यक्रमको प्राथमिकता निर्धारण गर्दै जानु पर्दछ। पर्यटन भिजनमा उल्लिखित रणनीतिहरू कुन निकायले कार्यान्वयन गर्ने, श्रोत कसरी जुटाउने, कुन कार्य कहिले सम्ममा कसले गर्ने भन्ने स्पष्ट कार्ययोजना समावेस नगरिनु विषयवस्तु (Content) कै कमजोरी हो । अर्कोतर्फ नीति कार्यान्वयनको वातावरणीय सन्दर्भ र सीमाको ख्याल नगरी रणनीति अख्तियार गरिनु सान्दर्भिक (Contextual) कमजोरी हो ।

विस्तृत शान्ति संझौताद्वारा एक दशक लामो जनयुद्ध अन्त्य भए पश्चात सृजित उत्साहजनक वातावरणमा नेपालको पर्यटन उद्योगले गति लिन प्रारंभ भयो । यसै परिप्रेक्षमा सरकारले सन् २०२० लाई लक्षित गरी 'भिजन २०२०' नामक रणनीतिक दस्तावेज सार्वजनिक गर्यो । यसले नेपालको पर्यटन क्षेत्रको सबलता र दुर्बलता, अवसर र चुनौतीको विश्लेषण (SWOT Analysis) सहित सन् २०२० सम्ममा नेपालमा पर्यटक संख्या बीस लाख पुर्याउने र आर्थिक अवसर सृजना गरी पर्यटक संख्या १० लाख पुर्याउने लक्ष निर्धारण गर्नु आफैमा धेरै महत्वाकांक्षी होइन । यस भिजनले छ वटा उद्देश्यहरू निर्धारण गरेका छ:-

(१) एकीकृत पर्यटन पूर्वाधार विकास, पर्यटकीय वस्तु र गतिविधि बढाउने, पिछडिएको समुदाय र महिलाको समावेसीता बढाई ग्रामीण क्षेत्रमा रोजगारी सृजना गरी जनताको जीवनयापनमा सुधार गर्ने;

(२) सुसंगत तथा अनुकूल संस्थागत वातावरण निर्माणको माध्यमबाट पर्यटनलाई नेपालको आर्थिक-सामाजिक विकासको मुल प्रवाहमा ल्याई यसलाई व्यापकतामा आधारित क्षेत्रको रूपमा विकास गर्ने;

(३) पर्यटन गतिविधिमा सहभागी हुने सामुदायिक क्षमता बढाई नयाँ एवम् संभाव्य क्षेत्रमा पर्यटन वस्तु र सेवा विकास तथा विस्तार गर्ने;

(४) नेपालको पहिचानलाई अन्तर्राष्ट्रिय श्रोत बजारमा प्रचार-प्रसार, प्रवर्द्धन र अभिवृद्धि गर्ने; (५) उडान सुरक्षा तथा उड्डयन सुरक्षा अभिवृद्धि गर्ने; हवाई सम्पर्क विस्तार गर्न तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय विमानस्थलको सुविधा र क्षमता सुधार गर्ने;

(६) नयाँ पर्यटकीय सुविधा, वस्तु र सेवा सृजना गर्न नयाँ लगानी आकर्षित गर्ने ।

यी छ उद्देश्यहरू प्राप्त गर्न ३६ वटा रणनीतिहरू लिइएको छ। यी ३६ वटा रणनीति कार्यान्वयन गर्ने सिलसिलामा तत्काल गर्नुपर्ने २० वटा कार्य र दीर्घकालमा गर्नुपर्ने ११ वटा कार्य गरी ३१ वटा कार्यहरू समेत उल्लेख गरिएको छ। यी रणनीति तथा कार्यहरू सम्पन्न गर्न आन्तरिक र बाह्य वातावरण अनुकूल हुनुपर्ने, आवधिक योजना र वार्षिक कार्यक्रमले सहयोग गर्नुपर्ने, सरकारको आर्थिक कार्यसूचीमा पर्यटनलाई निरन्तर प्राथमिकतामा राखिनुपर्ने, राजनीतिक स्थायित्व र सुरक्षको अवस्थामा सुधार हुनुपर्ने, निजी क्षेत्र सरकारसँग साझेदारीको लागि तत्पर हुनुपर्ने, र अर्थतन्त्र स्थिर एवम् सामान्य रहनुपर्ने जस्ता मान्यता (Assumptions) हरू समेत उल्लिखित छन्। कुनैपनि नीति, रणनीतिक दस्तावेज वा भिजनको कार्यान्वयनको लागि जुन विषय अनिवार्य रहन्छ, त्यसैलाई नै मान्यता (Assumptions) अन्तर्गत राखिने प्रवृत्तिले गर्दा रणनीति कार्यान्वयन बेवारिसे हुने अवस्था आउँछ। जस्तो पर्यटनलाई आवधिक योजना र वार्षिक कार्यक्रमले सहयोग पुर्याउनु पर्ने त अनिवार्य शर्त नै हुनुपर्ने तथा सरकार स्वयमले तर्जुमा गरेको दस्तावेजमा सरकारले नै स्वामित्व नलिएको जस्तो अनुभूति हुन्छ ।

प्रस्तुत भिजनले लिएका केही रणनीतिहरू कार्यान्वनमा ल्याइएका छन्। जस्तै: सन् २०११ लाई नेपाल पर्यटन वर्षको रूपमा मनाउने, ग्रेट हिमालयन ट्रेल विकास र प्रवर्द्धन गर्ने, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण गर्ने, पोखरा र भैरहवा विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकास गर्ने, हिमाली र पहाडी क्षेत्रका विमानस्थललाई स्तरोन्नति गर्ने, नेपाल एयरलाईन्सको क्षमता विस्तार गर्ने, क्षेत्र भित्रका देशसँग हवाई सेवा संझौता गर्ने, नेपालमा उडान गर्न थप एयरलाइन्सलाई आकर्षित गर्ने, श्रोत बजारमा नेपाललाई प्रवर्द्धन गर्ने जस्ता रणनीतिहरू मध्ये केही कार्यान्वयन भैसकेका र केही कार्यान्वयनको प्रकृयामा रहेको देखिन्छ ।

तर भिजनले लिएका अधिकांश रणनीति, तत्कालीन तथा दीर्घकालीन कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयनमा आउन सकेका छैनन्। भिजन अपेक्षित रूपमा कार्यान्वयन हुन नसक्नुमा भिजनको विषयवस्तु र संरचना (Content and Structure) तथा सन्दर्भ (Context) ले सृजना गरेको प्रतिकूल परिस्थिति दुवै जिम्मेवार देखिन्छन्। भिजनले लिएका रणनीति र गर्नुपर्ने कार्यहरूको कार्यान्वयनको लागि जिम्मेवारी सहितको समयवद्ध कार्ययोजना भिजन कै अङ्गको रूपमा हुनुपर्ने थियो। प्रस्तुत भिजन कार्यान्वयनको कार्य

योजना बनेको पनि पाइएन । त्यस्तै, भिजनले देश भित्रको सडक पूर्वाधार विकासलाई पर्यटन मैत्री बनाउनु पर्ने महत्वपूर्ण विषयलाई रणनीतिलाई समेटेको पाइएन। सडक पूर्वाधारले महत्वपूर्ण केही पर्यटकीय गन्तब्य जस्तै: काठमाडौं-पोखरा, काठमाडौं- चितवन, पोखरा-चितवन, पोखरा-भैरहवा, चितवन-भैरहवा, वर्दीया- शुक्लाफाँटा, शुक्लाफाँटा-रारा, झापा-पाथिभरा जस्ता सडक निर्माणलाई उच्च प्राथमिकतामा रहने गरी अन्तरनीति र अन्तरनिकाय समन्वयको विषयलाई रणनीतले प्राथमिकताका साथ सम्बोधन गर्नुपर्थ्यो। कम्तीम चार लेनको सडकले यी गन्तब्यहरू जोड्ने गरी रणनीतिलाई अँगाडि बढाउन सकेको भए विदेशी पर्यटक मात्र होइन आन्तरिक पर्यटन विकासको आधार पनि क्रमश: सृजना हुँदै जाने थियो । त्यस्तो रणनीति र अन्तरनीति र अन्तरनिकाय समन्वयको सन्दर्भको अभाव यस भिजनको ठूलो कमजोरी हो ।

अर्कोतर्फ कतिपय रणनीतिहरू स्पष्ट र मापनयोग्य अनुगमन सूचकमा रूपान्तरण गर्न सकिने प्रकृतिका नभई अस्पष्ट किसिमका देखिन्छन् । जस्तै: पर्यटनमा निजी क्षेत्रको लगानी आकर्षण गर्ने भन्ने रणनीतिमा के कसरी आकर्षण गर्ने भन्ने उल्लेख भएन; मानव संसाधन विकासमा संलग्न संस्थाहरू बीचको समन्वय गर्ने संयन्त्र कस्तो हुने स्पष्ट छैन; आवश्यकतामा आधारित मानव संसाधन विकासमा जोड दिने भनियो, तर के गर्दा जोड दिएको मान्ने र त्यसको अनुगमन सूचक के हुने; पर्यटन र अन्य क्षेत्र बीच सम्बन्ध स्थापित गर्ने भनियो, तर कसरी, कुन उपाय वा कार्यबाट सम्बन्ध स्थापित हुन्छ स्पष्ट छैन; विदेशी र स्वदेशी लगानीकर्तालाई ग्रामीण तथा दुर्गम क्षेत्रको पर्यटनमा लगानी गर्न प्रोत्साहन गर्ने भनियो, तर के प्रोत्साहन दिने स्पष्ट छैन । यसरी भिजनमा रहेको अस्पष्टताको कारण पनि कार्यान्वयनले अपेक्षित नतीजा दिन सकेन । त्यसैगरी, केही रणनीति र गर्नुपर्ने कार्यहरू कार्यान्वयन हुन सकेनन् । जस्तै: पर्यटन गुरू योजना तथा एकीकृत क्षेत्रीय पर्यटन व्यवस्थापन योजना बनेन। उद्देश्य-१ कार्यान्वयन गर्न तत्कालीन ५ विकास क्षेत्रका हिमाल, पहाड र तराईबाट कम्तीमा एक एक वटा गरी जम्मा १८ पर्यटकीय हव पहिचान गरी ती हवको वरिपरिका पर्यटकीय गन्तब्यलाई पर्यटकीय 'सेटेलाइट' गन्तब्यको रूपमा विकास गर्ने रणनीति पनि कार्यान्वयनमा आउन सकेन ।

अर्कोतर्फ, भिजन कार्यान्वयनमा आए पश्चातको केही प्रतिकूल सन्दर्भ (Context) ले पनि कार्यान्वयनमा अवरोध सृजना गरेको हुन सक्छ। वि सं २०७२ को महाभूकम्प तथा नेपाल उपर भएको भारतीय नाकाबन्दी, उर्जा संकट, कमजोर सडक पूर्वाधार, विश्वस्तरमा देखिएका सार्स जस्ता स्वास्थ्य समस्या, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको ढाँचाका सम्बन्धमा देखिएको सरकार पिच्छेको नीतिगत अन्योलता, त्रिभुवन विमानस्थल विस्तार सुधार तथा भैरहवा विमानस्थल निर्माण आयोजना कार्यान्वयनमा ढिलाईलाई समयमै सम्बोधन गर्न नसक्नु तथा कोभिड-१९ को महामारी जस्ता कारणले गर्दा अपेक्षित नतीजा प्राप्त हुन सकेन। तर समग्रमा भन्नुपर्दा कार्ययोजना समेत संगै आइदिएको भए भिजन २०२० को दस्तावेज आफैमा

त्यति कमजोर थिएन। तर उपर्युक्त नीतिगत विषयवस्तुको कमजोरी र प्रतिकूल सन्दर्भले सन् २०२० सम्म पर्यटक संख्या बीस लाख र रोजगारी १० लाख पुर्याउने लक्ष पुरा हुन सकेन।

३.३.५.२ नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, सन् २०१६-२०२५

नीति संरचना निर्माण श्रृङ्खलाको अर्को कडीको रूपमा वि.सं २०७२ (सन् २०१५) मा प्रस्तुत रणनीतिक योजना रहेको छ। यो रणनीतिक योजनाले नेपालको पर्यटनको अवस्था विश्लेषण, पर्यटन पूर्वाधारको अवस्था, पर्यटन क्षेत्रको संरचना र कार्यसम्पादन क्षमता, बजारको अवस्था, अर्थतन्त्रमा योगदान, गुणस्तरको अवस्था र चुनौति, संस्थागत संरचना र समन्वय, लगानी र व्यवसायिक वातावरण, पर्यटन विकासको चरणवद्ध योजना, पर्यटन प्रकोप व्यवस्थापन र पर्यटन क्षेत्रमा लैङ्गिक मूलप्रवाहीकरण जस्ता व्यापक विषय र क्षेत्रको संगोपाङ्गो अध्ययन विश्लेषण गरेकोछ। रणनीति कार्यान्वयन गर्न मापनयोग्य सूचक सहित कृयाकलापमा ढाली पहिलो पाँच वर्ष भित्र कार्यान्वयन गर्ने कार्ययोजना तयार हुनु यसको सबल पक्ष हो। त्यस्तै, यो रणनीति कार्यान्वयनका लागि निकायगत तथा कार्यक्रमगत समन्वयका लागि गठित राष्ट्रिय पर्यटन परिषद तथा राष्ट्रिय पर्यटन विकास समन्वय समिति जस्ता संयन्त्रको कृयाशीलता बढाउन तथा सार्वजनिक एवम् निजी क्षेत्रको सहभागिता रहने गरी नीति कार्यान्वयन समूह गठन गर्न सिफारिस गरेको छ। यस दस्तावेजमा १३ वटा क्षेत्रहरूलाई समेटेर रणनीति निर्धारण गरी सो अन्तर्गतका कृयाकलापहरू निर्धारण गरिएिको छ।

प्रस्तुत रणनीति कार्यान्वयन गर्न कार्यदल गठनको व्यवस्था गर्नु सकारात्मक पक्ष हो। त्यस्तै, पर्यटन विकासमा मुलुक भित्रको सडक पूर्वाधार विकासको महत्वलाई यसले राम्ररी आत्मसात गरेको छ, जुन भिजन २०२० मा अभाव थियो। राष्ट्रिय सडक सञ्जाल विकास गर्न समेत कार्यदल गठनको व्यवस्था गरेको छ। कार्यान्वयन र अन्तरनिकाय समन्वयका लागि प्रस्ताव गरिएका यी संयन्त्रहरू प्रभावकारी हुन सकेको भए रणनीति कार्यान्वयनमा सहजता हुने थियो। तर ती संयन्त्र अपेक्षित रुपमा प्रभावकारी हुन सकेनन्।

विकास साझेदारको तर्फबाट निर्मित यस योजनाका केही कमजोरीहरू छन्। पहिलो, यो योजनाले पर्यटन क्षेत्रमा गर्नुपर्ने लगभग सबै काम गर्ने अठोट गरेको छ। यद्यपि पहिलो पाँच वर्षको अवधिमा सम्पन्न गर्ने कार्यको मात्र कार्य योजना बनेको छ, यी सबै काम गर्न हाम्रो प्रशासनिक तथा आर्थिक क्षमता छ छैन भन्ने आंकलन नगरी रणनीति र कृयाकलाप तर्जुमा गरिएको छ। कार्य योजनामा उल्लिखित पाँच वर्ष (सन् २०२०) मा सम्पन्न गरिसक्नुपर्ने कृयाकलापहरू अधिकांशत: कार्यान्वयन हुन नसकेकोले यो महत्वाकांक्षी भएको पुष्टि हुन्छ। पहिलो पाँच वर्षको कार्ययोजनाको अनुमानित बजेट रू ८ अर्ब २५ करोड भन्दा बढी छ। अर्को चरणको पाँच वर्षको अनुमानित बजेट त्यत्ति नै अनुमान गर्दा बजेट करीब १७ अर्ब पुग्छ। अर्थ

मन्त्रालयले रणनीतिक योजना अनुसार बजेट विनियोजन नगरेको अवस्थामा यसको कार्यान्वयन अलपत्र पर्ने अवस्था आउने थियो। अन्ततः त्यस्तै नै भयो। यस योजनामा परेका कृयाकलापहरूलाई विगतका वार्षिक बजेट र कार्यक्रमले समेट्न नसकेको सन्दर्भले हाम्रो वित्तीय क्षमता, संस्थागत क्षमता, प्रतिवद्धताको स्तर, अन्तरनिकाय नीतिगत तथा कार्यक्रमगत समन्वय जस्ता विषयहरूमा देखिने कमजोरीलाई उजागर गरेको छ।

यो दस्तावेजको आकार निकै ठूलो भएकोले यो आफ्नै बोझले थिचिएको जस्तो भान पर्छ। यो दस्तावेजको कार्यकारी सारांस पढ्दा समेत यस योजनाको राखेको दुर दृष्टि, ध्येय, लक्ष, उद्देश्य, रणनीति र कृयाकलापहरूको स्पष्ट फेहरिस्त पाउन नसकिने अवस्था छ। कार्यान्वयन कार्य योजनाले १३ वटा क्षेत्रगत विषय अन्तर्गत ६४ वटा रणनीति र उक्त रणनीति कार्यान्वयन गर्न २७७ वटा कृयाकलापहरू समेटेको छ। पहिलो चरणको पाँच वर्षे कार्य योजनाले गर्नु पर्ने कार्यहरुको सूची त दिन्छ, तर सबै काम गर्न संभव छ त? भन्ने प्रश्न शुरूमै उठ्ने अवस्था आउँछ। यो दस्तावेज धेरै ठूलो पढ्दै जाँगर मर्ने खालको बोझिलो भएकोले राजनीतिक तथा प्रशासनिक नेतृत्वमा यो दस्तावेज कार्यान्वयन गर्ने जाँगर कति पलाउला भन्ने प्रश्न उठ्न सक्छ। उल्लिखित सबै कृयाकलाप महत्वपूर्ण त छन्, तर सबै कार्यान्वयन गर्न नसकिने अवस्थामा यसलाई प्राथमिकीकरण गरेको भए प्रस्तुत रणनीति बढी कार्यान्वयनयोग्य हुन सक्थ्यो। तसर्थ नीति कार्यान्वयनमा नीतिको विषयवस्तु (Content) र सन्दर्भ (Context) यस योजना कार्यान्वयनको सन्दर्भमा पनि निः सन्देह आउँछ।

३.३.५.३ धेरै नीतिगत दस्तावेजबाट सिर्जित नीतिगत अन्योल

हामी नीति बनाउन धेरै जाँगरिला छौं। हाम्रा विकास साझेदार पनि यस्ता काम गर्न प्राविधिक सहयोग दिन तत्पर हुन्छन्। एउटै समयावधिमा पर्यटन नीति २०६५, भिजन २०२० र पर्यटन रणनीतिक योजना २०१६-२०२५ कार्यान्वयनमा रहनुले नीति कार्यान्वयनकर्तालाई कुन नीति वा भिजन वा रणनीतिलाई नीतिगत मार्गदर्शन मानी कार्यक्रम निर्माण गर्ने हो अन्योलको अवस्था आउँछ। अन्य देशहरूमा एउटा मात्र नीतिगत दस्तावेजले पर्यटन क्षेत्रलाई मार्गदर्शन गरेको पाइन्छ। तर क्षेत्रगत विभिन्न मार्गदर्शन (Guidelines) भने हुन सक्छन्, जुन नेपालमा पनि छन्। भारतमा अहिले सम्म पनि 'राष्ट्रिय पर्यटन नीति २००२' कार्यान्वयनमा छ। पर्यटनलाई कसरी दीगो विकास लक्ष हाँसिलसँग आवद्ध गर्ने भन्ने गैर-सरकारी क्षेत्रबाट अध्ययन गरिएको प्रतिवेदन त छ। भारतमा सन् २००२ को उक्त नीति बाहेक अर्को नीतिगत दस्तावेज छैन। भुटानमा त पर्यटनको नीतिगत दस्तावेज नै छैन; पर्यटन परिषदको वेबसाइटमा ५-७ बटा रणनीति मात्र उल्लेखित छन्। श्रीलङ्कामा सन् २०१६ मा निर्मित 'श्रीलङ्का टुरिजम भिजन २०२५' मात्र

कार्यान्वयनमा छ। माल्दिभ्सले 'चौथो पर्यटन गुरू योजना २०१३-२०१७' पछि अर्को नीतिगत दस्तावेज तर्जुमा गरेको छैन। मरिससमा 'Adapting to the Changing Global Environment' भन्ने ब्यानरमा तीन वर्षे 'रणनीतिक योजना २०१८-२०२१' कार्यान्वयनमा छ। मलेशियामा तीन वर्षे 'एकीकृत प्रवर्द्धन योजना २०१८-२०२०' कार्यान्वयनमा छ। थाइल्याण्डमा पाँच वर्षे 'दोस्रो राष्ट्रिय पर्यटन विकास योजना २०१७-२०२१' कार्यान्वयनमा छ। इन्डोनेशियाले अन्तर्राष्ट्रिय श्रम संगठनको सहयोगमा 'इन्डोनेशियाका लागि दीगो पर्यटन र हरित काम' (Sustainable Tourism and Green Jobs for Indonesia) शिर्षकमा सन् २०१२ मा रणनीतिक योजना बनाएको छ। हङ्कङ्को टुरिजन काउन्सिले आफ्नो वेबसाइटमा भिजन सहितको पाँच वटा रणनीतिलाई नै नीतिगत दस्तावेज मानेको छ।

राजनीतिक तथा प्रशासनिक नेतृत्वमा छिटो छिटो परिवर्तन भैहरने नेपालको राजनीतिक र प्रशासनिक परिवेश मन्त्री र सचिवले यी नीति दस्तावेज राम्रोसँग पढ्न समेत ध्यान दिंदैनन्। कार्य योजना विनाका बोझिला तथा कार्यक्रम वा कृयाकलापमा रूपान्तरण गर्न नसकिने चाहानाको लिस्ट (Wish List) जस्ता नीतिगत दस्तावेजको कार्यान्वयन गर्ने विषयलाई कहिल्यै गंभीरतापूर्वक लिइएको पाइँदैन। वार्षिक बजेट र कार्यक्रमले सम्बोधन नगर्ने नीतिगत व्यवस्था केबल बौद्धिक विलास र हात्तिको देखाउने दाँत सावित हुने अवस्था छ। विकासका क्षेत्रहरू बीच बजेटको लागि प्रतिस्पर्धा हुने हुनाले मुलुकको क्षेत्रगत प्राथमिकता सापेक्ष नीतिहरू तर्जुमा गरिनु जरूरी देखिन्छ। यद्यपि पर्यटन क्षेत्र प्राथमिकताको क्षेत्र हो, तर यसमा पनि प्रथम प्राथमिकता के हो भन्ने खुट्याउन नसकेको कारण पर्यटन क्षेत्रको अपेक्षित विकास हुन नसकेको हो। आधुनिक सडक पूर्वाधार तथा हवाई सेवा र पूर्वाधार पर्यटनको प्रमुख प्राथमिकता हो। हवाई पूर्वाधार विकासमा त सरकारले प्राथमिकता दिएकै छ; नेपाल वायु सेवा निगमको क्षमता विस्तारलाई भने सरकारले पर्याप्त ध्यान दिएको छैन। तर सडक पूर्वाधार विकासका कार्यक्रम पर्यटन संवेदनशील (Tourism Sensitive) भएर मात्र हुँदैन, पूर्णत: पर्यटन विशिष्टीकृत (Tourism Specific) हुनु पर्छ।

### ३.३.५.४ पर्यटन ऐन, २०३५

विद्यमान पर्यटन ऐनले मुलुक संघीय प्रणालीमा गैसके पछिको संघ, प्रदेश र स्थानीय सरकारको कार्यक्षेत्रको विषयलाई सम्बोधन गर्ने भएन नै। त्यसैले पर्यटन नीतिले एउटा छाता ऐनको रूपमा यो सन्दर्भलाई सम्बोधन गर्नुपर्ने भएकोले नयाँ पर्यटन ऐन ल्याउनु पर्ने देखिन्छ। त्यस्तै क्यासिनो सञ्चालन र नियमन क्यासिनो नियमावलीको माध्यमबाट भैरहेकोमा यसलाई सबल कानूनी आधार प्रदान गर्न सोको व्यवस्था पनि पर्यटन ऐनमा नै राख्नुपर्ने देखिएको छ। पर्यटन सेवामा गुणस्तर, सञ्चालन मापदण्ड, वचाव तथा सुरक्षा मापदण्ड (Safety and Security Standard), पर्यटकीय वस्तु विकास, निषेधित क्षेत्र अनुमति सम्बन्धी

व्यवस्थाको कार्यान्वयन पर्यटन मन्त्रालयले गर्ने जस्ता विषयहरू नयाँ पर्यटन ऐनमा समावेस गरिनु पर्दछ। पर्यटन ऐन २०३५ ले समेट्न नसकेका अन्य पर्यटकीय गतिविधि जस्तै: आन्तरिक पर्यटक, जलयात्रा, होमस्टे, पर्यटक प्रहरी सम्बन्धी व्यवस्था तथा सम्पत्ति शुद्धिकरण सम्बन्धी व्यवस्था ऐनमा केही विस्तृतमा उल्लेख गर्नुपर्ने देखिन्छ। त्यसैगरी दण्ड जरिवाना रकम समय सापेक्ष परिमार्जन गर्नुपर्ने छ।

### ३.३.५.५ नेपाल पर्यटन वोर्ड ऐन, २०५३

ऐनमा उल्लिखित उद्देश्य र सांगठनिक संरचनामा तादात्म्यता छैन। वोर्डको उद्देश्यहरू वृहत किसिमका छन्; तर संगठन संरचना सानो र छरितो छ। वोर्डको प्रमुख काम पर्यटन प्रवर्द्धन हो। पर्यटन वोर्ड प्रमुख कामबाट विषयान्तर हुन सक्दैन। अत: प्रमुख कार्य क्षेत्र अन्तर्गतका उद्देश्यहरू मात्र समावेस हुनुपर्ने देखिन्छ। विदेशमा पर्यटन प्रवर्द्धनको कामको व्यवस्थापन तथा समन्वय गर्ने काममा विदेश स्थित नेपाली नियोगको भूमिका हुने हुनाले पर्यटन वोर्डको सदस्यमा परराष्ट्र मन्त्रालयको सहसचिव राख्नुपर्ने आवश्यक देखिन्छ। त्यस्तै वोर्डमा प्रतिनिधित्व गर्ने निजी क्षेत्रको प्रतिनिधित्वलाई थप गरिमामय बनाउन सो सम्बन्धी मापदण्ड परिमार्जन गर्नुपर्ने देखिन्छ।

संघीय संरचनामा नेपाल पर्यटन वोर्डको प्रदेश सरकारसँगको सम्बन्ध परिभाषित गर्नुपर्ने देखिन्छ। त्यसैले प्रत्येक प्रदेशमा पर्यटन वोर्डको एउटा डेस्क राखी प्रदेशले गर्ने पर्यटन प्रवर्द्धनका गतिविधिमा समन्वय गर्नुपर्ने आवश्यकता छ। यस्तो व्यवस्था गरिएमा प्रदेश सरकारले आफ्नै पर्यटन वोर्ड गठन गर्ने चाहना राख्ने छैनन्। वेलायतको स्कटल्याण्ड पर्यटन वोर्डले आफ्नो ११ काउन्टीका लागि त्यस्तै डेस्क राखेको छ। अत: उपर्युक्त विषयहरूलाई सम्बोधन गर्ने गरी ऐनमा संशोधन गर्नु आवश्यक छ।

### ३.३.५.६ पर्यटन सम्बन्धी विभिन्न नियमावली, निर्देशिका तथा कार्यविधि

पर्यटन सम्बन्धी नियमावलीहरूमा राखिएका कतिपय प्रावधानहरू पर्यटन ऐनमा नै समावेस गर्नुपर्ने देखिन्छ। जस्तो क्यासिनो नियमावली खारेज गरी ऐनमा व्यवस्था गर्नुपर्नेछ। त्यस्तै कतिपय निर्देशिका र कार्यविधिमा उल्लेखित विषयहरू नियमावलीमा राख्नुपर्ने देखिन्छ। नयाँ पर्यटन ऐनले औपचारिकात पाए पश्चात सो अनुरूप विभिन्न नियमावली, निर्देशिका र कार्यविधिहरूमा परिमार्जन गर्नु आवश्यक र उपयुक्त हुने देखिन्छ।

### ३.३.५.७ हवाई नीति, २०६३

हवाई नीतिका उद्देश्यहरू मध्ये एउटा उदेश्य आधुनिक सुविधायुक्त अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण र विकास गर्नु रहेको छ। यस नीतिमा आधुनिक, सुरक्षित र सुविधायुक्त हवाई सेवा मार्फत नेपालमा पर्यटनको

विकास गर्ने थप उद्देश्य राख्नु आवश्यक देखिन्छ। त्यस्तै, पर्यटनको प्रचुर संभावना भएका मुलुकहरूसँग द्विपक्षीय वा बहुपक्षीय हवाई संझौता गर्न पहल गरिने नीति र रणनीति लिएको छ। यो रणनीति मात्र पर्याप्त छैन। अत: रणनीतिमा प्रमुख पर्यटकीय गन्तव्य नजिकका विमानस्थललाई आधुनिकीकरण गर्ने, तथा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने विषय रणनीतिमा समावेस गरी यसलाई थप पर्यटन नीति विशिष्टीकृत (Tourism Policy Specific) बनाउनु जरुरी देखियो।

३.३.५.८ नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३

यस ऐनले नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवा प्रदायक निकाय दुवै प्रकृतिको काम गर्ने गरी अख्तियारी दिएको छ। यी दुई काम एउटै निकायबाट गर्दा नियमन र सेवा प्रवाहको काम प्रभावकारी नहुने तथा स्वार्थको द्वन्द्व समेत हुने हुनाले अन्तर्राष्ट्रिय प्रचलन र अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सिफारिस समेतलाई ध्यानमा राखी वर्तमान नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवा प्रदायक निकायको रूपमा विभाजन गरी छुट्टा छुट्टै ऐनबाट सञ्चालन गर्ने गरी दुई वटा नयाँ ऐन संसदमा पेश भैसकेको छ। प्रस्तावित 'हवाई सेवा प्रधिकरण ऐन' ले 'नेपाल हवाई सेवा प्राधिकरण' (Air Services Authority of Nepal) गठन र सञ्चालनको व्यवस्था गर्नेछ। त्यस्तै, प्रस्तावित 'नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन'ले 'नेपाल नागरिक उड्डयन प्राधिकरण' (Civil Aviation Authority of Nepal) गठन र सञ्चालनको व्यवस्था गर्नेछ। यी प्रस्तावित ऐन मस्यौदा गर्दा ICAO को लेखापरीक्षणा उठाइएका मुद्दाहरू तथा यसले आफ्नो अनुसूचीमा वारंवार गर्ने संशोधनलाई सम्बोधन गरी तयार गरिएको छ। ससंसदमा विचाराधीन प्रस्तुत ऐनहरू पारित भई कार्यान्वयनमा आएको केही पछि मात्र यी दुवै ऐनमा संशोधनको सन्दर्भ आउन सक्छ।

३.३.५.९ नेपाल वायु सेवा निगम ऐन, २०१९

अहिले नेवानि निगमको कानूनी हैसियतमा रहेको अवस्थामा यस ऐनमा संशोधन गर्नुपर्ने विषय खासै केही देखिएन। तर महाप्रवन्धकको पद हुँदा हुँदै वारंवार कार्यकारी अध्यक्ष नियुक्ति गर्ने प्रचलनले दुई बीचमा द्वन्द्व भएको विगत पनि छ। ऐनमा यस्तो व्यवस्था पनि नभएको भएपनि यस्तो गर्नु उचित देखिंदैन।

३.३.५.१० गैर-सैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०१५

नेपालको नागरिक उड्डयन सम्बन्धी व्यवस्थालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सुरक्षित, नियमित, स्तरीय र व्यवस्थित बनाउँदै सर्वसाधारणको हितको लागि विश्वसनीय एवम् भरपर्दो वायुसेवाको विकास गर्नको लागि यस ऐनलाई खारेज गर्ने गरी नयाँ 'नेपाल नागरिक उड्डयन ऐन' संसदमा पेश गरिएको छ। यो

प्रस्तावित ऐन पनि ICAO को लेखापरीक्षणबाट औंल्याइका कैफियत तथा यसले आफ्नो अनुसूचीमा समय समयमा गर्ने संशोधनहरूलाई सम्बोधन गरी मस्यौदा तयार गरिएको छ ।

३.३.५.११ नागरिक उड्डयनसँग सम्बन्धित नियमावली, निर्देशिका तथा कार्यविधि

क. नागरिक उड्डयन सुरक्षा नियमावली, २०७३

ICAO ले गर्ने सुरक्षा लेखापरीक्षणले औंल्याएका कैफियतलाई सम्बोधन गरी प्रस्तुत नियमावलीमा हालै संशोधन गरिएकोले यसमा हाल अध्ययन गर्नुपर्ने देखिएन ।

ख. गैर-सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१

विभिन्न समयमा हवाई दुर्घटना जाँच आयोगले दिएका सुझावहरूलाई समेत सम्बोधन गरी संशोधन गरिएको ।

ग. विमानस्थल दस्तुर नियमालवी, २०६७

विद्यमान दस्तुरहरूमा समय सापेक्ष परिमार्जन गरी नयाँ नियमावली ल्याउने गरी प्रकृया अँगाडि बढेको छ ।

घ. नेपाल वायु सेवा निगम आर्थिक प्रशासन नियमावली, २०६७

यो नियमावलीका विद्यमान प्रावधानले विमान खरीद प्रकृयालाई जटील बनाएको छ । कुनै एउटा निर्माता कम्पनिबाट प्रस्ताव लिएर सिधै जहाज खरीद गर्न सक्ने गरी यसमा संशोधन गर्नु जरूरी छ। त्यस्तै आकष्मिक रूपमा जहाजका पाटपूर्जा लगायत अन्य सेवा खरीद गर्ने विशेष व्यवस्था पनि गर्नुपर्ने देखिन्छ। हालै यी विषयहरूलाई सम्बोधन गर्दै निगमको सञ्चालक समितिले आर्थिक कार्यविधि तयार गरी सहमतिको लागि सार्वजनिक अनुगमन कार्यालयमा पठाएको छ ।

ङ. नेपाल वायुसेवा निगमका कर्मचारीहरूको सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०५८

नेपाल वायु सेवा निगम सञ्चालक समितिमा कुनै पटके समस्या आउँदा पटके रूपमा प्रस्तुत नियमावली संशोधन हुने परंपरा स्वस्थ होइन । यसको समग्र पक्ष अध्ययन गरी नियमावलीमा संशोधन हुनु जरूरी छ ।

च. गैर-सैनिक हवाई उडान नियमावली, २०५२

यो नियमावली प्राविधिक प्रकृतिको छ। ICAO ले आफ्नो चार्टरको अनुसूचीमा समय समयमा गर्ने संशोधनलाई सम्बोधन गर्ने गरी यो समयानुसार संशोधन हुँदै आएको छ । त्यस्तै ICAO ले नागरिक उड्डयन

प्राधिकरणको सुरक्षा लेखापरीक्षण गर्दा औल्याएका कैफियत तथा दुर्घटना जाँचबुझ आयोगले दिएका सिफारिसहरूलाई सम्बोधन गर्ने गरी यस नियमावलीमा संशोधन हुँदै आइरहेको छ।

छ. नागरिक उड्डयनसँग सम्बन्धित संस्थालाई इजाजत दिने सम्बन्धी कार्यविधि, २०६६

यस कार्यविधिले शुल्क तथा दस्तुर उठाउने व्यवस्था गरेको छ। शुल्क तथा दस्तुर उठाउने व्यवस्था नियमावलीबाट मात्र गर्न उपयुक्त हुने हुनाले यसलाई नियमावलीमा परिवर्तन गर्न जरूरी छ।

ज. **Procedure Manual Of Aircraft Accident/Serious Incident Investigation**

ICAO ले आफ्नो चार्टरको अनुसूचीमा समय समयमा गर्ने संशोधनलाई सम्बोधन गर्ने गरी यो समयानुसार संशोधन हुँदै आएको छ। त्यस्तै ICAO ले नागरिक उड्डयन प्राधिकरणको सुरक्षा लेखापरीक्षण गर्दा औल्याएका कैफियत तथा दुर्घटना जाँचबुझ आयोगले दिएका सिफारिसहरूलाई सम्बोधन गर्ने गरी यस नियमावलीमा संशोधन हुँदै आइरहेको छ।

झ. दुर्गम क्षेत्रका हवाई उडानमा भाडा सहुलियत प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०७३

नागरिक उड्डयन नियमावलीले दुर्गम क्षेत्र हवाई सेवा कोष रहने व्यवस्था गरेको छ। संघीयताको भावना अनुरूप यस्तो कोष संघमा राख्नु भन्दा संघ र प्रदेशको योगदानमा सातै प्रदेशका सरकारले सञ्चालन गर्ने गरी प्रदेशस्तरमा यस्तो कोष रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ। दुर्गम क्षेत्रमा उडान गर्दा जहाजको अकुपेन्सी ५० देखि ७० प्रतिशत हुने अवस्थामा यो कोषबाट अनुदान दिने व्यवस्था गर्न उपयुक्त हुन्छ। किनकि ७० प्रतिशत भन्दा बढी अकुपेन्सी हुँदा एयरलाईन्सलाई घाटा नहुने तथा ५० प्रतिशत भन्दा कम हुँदा उडान नै नगर्ने नीति लिइनु पर्ने हुन्छ। ५० देखि ६० प्रतिशतको बीचमा अकुपेन्सी हुने अवस्थामा उडान नियमित गर्न प्रति उडान करीब ४ सीट सम्मको अनुदान व्यवस्था गर्न सकिने अवस्था रहन्छ।

संस्कृति नीति, ऐन, नियमावली तथा कार्यविधिको समीक्षा

३.३.५.१२ राष्ट्रिय संस्कृति नीति, २०६७

नेपालको संविधान २०७२ को धारा ३ मा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र हो भन्ने उल्लेख छ। धारा ४ (१) मा नेपाल धर्मनिरपेक्ष राज्य हो भनी लेखोएको छ। धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भन्ने उल्लेख छ। धारा ७ (१) मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ भनिएपनि उपधारा (२) मा नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेश भित्र बहुसंख्यक जनताले बोल्ने एक वा एक भन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ भन्ने

उल्लिखित छ। उपधारा (३) मा भाषा सम्बन्धी अन्य कुरा भाषा आयोगले सिफारिसमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ भन्ने उल्लेख छ। धारा ९ को उपधारा (१) र (२) मा क्रमश: राष्ट्रिय गान तथा नेपालको निशान छाप उल्लेख छ भने उपधारा (३) मा नेपालको राष्ट्रिय फूल लालीगुराँस, राष्ट्रिय रङ्‍ सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पंक्षी डाँफे हुनेछ भन्ने उल्लेख छ। धारा २६ मा धार्मिक स्वतन्त्रताको हक उल्लेख छ। उपर्युक्त संवैधानिक व्यवस्थाले नेपालको बहुपक्षीय विविधतामा एकता कायम गर्दै राष्ट्रिय सार्वभौमसत्ता अक्षुण राख्न अवलम्बन गरिने राष्ट्रिय सांस्कृतिक नीति निर्माणलाई मार्गदर्शन गर्दछन्।

संविधानको धारा ५१ (ग) मा सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी नीतिको व्यवस्था गरेको छ। यस नीतिमा स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने; सम्पदाको अनुसन्धान, उत्खनन् र प्रचार प्रसार गर्ने; सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा जनसहभागिता अभिवृद्धि गर्ने; राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र संगीतको विकास गर्ने; धार्मिक र सांस्कृतिक आधारमा हुने विवेध, असमानता, शोषण र अन्यायको अन्त गर्ने; देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवम् सहअस्तित्वका आधारमा विभिन्न जात जाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने; र बहुभाषिक नीति अवलम्बन गर्ने उल्लेख गरिएको छ। त्यस्तै सांस्कृतिक नीतिले समेट्ने कार्यक्षेत्र संविधानको अनुसूची-५, ६, ७, ८ र ९ मा उल्लेख गरिएको छ। प्रस्तुत संवैधानिक व्यवस्था अनुरूप राष्ट्रिय सांस्कृतिक नीति, २०६७ लाई खारेज गरी नयाँ नीति तर्जुमा गर्नु आवश्यक छ। उपर्युक्त संवैधानिक व्यवस्थाको पृष्ठभूमिमा नयाँ राष्ट्रिय सांस्कृतिक नीतिले थप निम्न विषय र चासोलाई सम्बोधन गर्नुपर्ने देखिन्छ।

१. यो नीतिले लिएका ९ वटा उद्देश्य मध्ये एउटा मात्र उद्देश्य पर्यटन संवेदनशील (Tourism Sensitive) छ। २० वटा नीति मध्ये कुनैपनि नीतिमा पर्यटन भन्ने शब्द समेत उल्लेख छैन। ७७ वटा कार्यनीति मध्ये एक ठाउँ ९.५३ मा मात्र पर्यटनको सन्दर्भ उल्लेख छ। यो नीतिको समग्र अभिमुखीकरण नै धार्मिक, सांस्कृतिक र पुरातात्विक सम्पदाहरूको संरक्षणमा मात्र छ। संरक्षणको साथै यसलाई पर्यटन विकासको लागि कसरी उपयोग गर्ने भन्ने नीति, रणनीति र कार्यनीतिको पूर्णत: अभाव भएकोले यस नीतिलाई पूर्णत: पर्यटन विशिष्टिकृत (Tourism Specific) बनाउन नयाँ नीति तर्जुमा गर्नु जरूरी देखियो।

२. नेपाल धर्म निरपेक्ष राष्ट्र हो भन्ने संवैधानिक व्यवस्था आत्मसात गरी सांस्कृतिक नीतिको विषयवस्तु (Context) निर्धारण गरी धर्म निरपेक्षताको सामाजिक सन्दर्भ (Context) अनुकूल बनाउने।

३. संस्कृति नीतिले समेट्ने विषयवस्तु संघ, प्रदेश, स्थानीय तह तथा साझा अधिकारको सूचिमा समेत रहेको संवैधानिक व्यवस्थाको सन्दर्भमा प्रदेश र स्थानीय तहले संस्कृतिक संरक्षण र विकासमा लिने नीतहरूलाई मार्गदर्शन गर्ने छाता नीतिको रूपमा राष्ट्रिय सांस्कृतिक नीति तर्जुमा गर्ने;

४. राष्ट्रिय प्रतिक (Symbol) को रूपमा रहेका राष्ट्रिय फूल लालीगुराँस, राष्ट्रिय रंग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पंक्षी डाँफेले मात्र नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक पहिचानलाई पूर्ण रूपमा प्रतिनिधित्व गर्न सक्छन् त भन्ने प्रश्न उठ्न सक्छ। उपर्युक्त संवैधानिक प्रतीकको अतिरिक्त राष्ट्रिय सांस्कृतिक नीतिले बहुल समाजको प्रतिनिधित्व गर्ने गरी केही थप राष्ट्रिय प्रतिक वा साझा प्रतीकहरू पहिचान गर्ने नीति लिनु पर्ने। यस्ता प्रतीकहरूले विविधता बीच राष्ट्रिय एकतालाई थप सुदृढ गर्न योगदान गर्दछन्।

५. सांस्कृतिक मूल्यमा अतिक्रमण तथा संस्कृतिमा रहेका केही विकृतिका कारण सांस्कृतिक मूल्यमा ह्रास तथा विचलन भैरहको परिप्रेक्षमा नेपालको संस्कृतिको आधिकारिकता (Authenticity) एवम मौलिकता (Originality) लाई संरक्षण र सम्बर्द्धन गर्दै सांस्कृतिक मूल्यको अन्तरपुस्ता हस्तान्तरण गरी सांस्कृतिक पर्यटनको संभावनलाई कायम राख्ने नीति लिने।

६. पहिचानको मुद्दा प्रबल रूपमा उठ्ने गरेको सन्दर्भलाई दृष्टिगत गरी पहिचानको मुद्दालाई सम्बोधन गरी यसबाट राष्ट्रिय एकता र सामाजिक सहअस्तित्वमा खलल् पुग्न नदिने तथा पहिचानलाई बहुल समाजको धरोहरको रूपमा संरक्षण, सम्वर्द्धन र गर्ने नीति लिने। संघीय संरचनामा पहिचानको मुद्दालाई सम्बोधन गर्न स्थानीय तहलाई जिम्मेवार बनाउने, त्यसको अनुगमन प्रदेशले गर्ने, संघले राष्ट्रिय एकीकरण (National Integration) को जिम्मेवारीमा रहने नीति लिने।

७. ILO, UNESCO, WIPO जस्ता अन्तर्रष्ट्रिय संगठन अन्तर्गत भएका महासन्धि तथा संझौताहरूले सृजना गरेका सांस्कृतिक दायित्व तथा सांस्कृतिक अभिव्यक्तिको अधिकार (Cultural Expression Rights) प्रचलन गराउने नीति र आवश्यक कानूनको निर्माण गर्ने;

८. धर्मनिरपेक्षता सम्बन्धी संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने सम्बन्धमा सर्वोच्च अदालतको फैसलाले एउटा छाता ऐन बनाउन निर्देश गरे अनुसार ऐन तर्जुमा गर्ने।

३.३.५.१३ प्राचीन स्मारक संरक्षण ऐन, २०१३

१. एकात्मक शासन व्यवस्थामा बनेको प्रस्तुत ऐन काठमाडौं उपत्यकाका पुरातात्विक तथा प्राचीन स्मारकहरूलाई मात्र ध्यानमा राखी तर्जुमा गरिएको थियो। वर्तमान संविधानको प्रावधान अनुरूप

संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची अनुरूप प्राचीन स्मारकहरूको व्यवस्थापन तीनै तहबाट हुने गरी कानूनमा संशोधन गर्नुपर्ने;

२. यस ऐनले मूर्त सम्पदा (Tangible Heritage) को मात्र संरक्षणको व्यवस्था गरेकोले अमूर्त सम्पदा (Intangible Heritage) को पनि संरक्षण गर्ने गरी परिभाषा खण्डमा परिमार्जन गर्नुपर्ने;

३. सम्पदाको संरक्षण तथा व्यवस्थापनको जिम्मेवारी संघीय सरकारबाट स्थानीय सरकार तथा स्थानीय समुदायलाई प्रदान गर्ने;

४. संग्राहलय व्यवस्थापन समेत यसै कानूनद्वारा भैरहेकोमा अन्तर्राष्ट्रिय अभ्यास समेतलाई ध्यानमा राखी संग्राहलय व्यवस्थापन सम्बन्धमा छुट्टै ऐनको व्यवस्था गर्ने;

५. राष्ट्रिय र स्थानीय सम्पदाको रूपमा सांस्कृतिक तथा पुरातात्विक सम्पदाको वर्गीकरण गर्ने । एक सय वर्ष पुराना घर, शहर तथा वस्तुहरू पुरातात्विक सम्पदाको परिभाषा भित्र पर्ने भएकोले त्यस्ता सम्पदाको संरक्षण र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकार र समुदायको रहने कानूनी व्यवस्था गर्ने ।

३.३.६.१४ नेपाल प्रज्ञा प्रतिष्ठान ऐन २०६४, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन २०६४ र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन २०६४

यी ऐनहरूमा त्यस्तो संशोधन गर्नुपर्ने विषय देखिएन । प्रदेश सरकारले समेत प्रदेश स्तरका प्रज्ञा प्रतिष्ठान गठन गर्नुपर्ने सन्दर्भ उठाइरहको परिप्रेक्षमा यी प्रतिष्ठानहरूको संस्थागत सुदृढीकरण, प्रदेश तहलाई समेत समेट्ने गरी कार्यक्रमको विस्तार गर्नु जरूरी छ । यस्तो भएमा प्रदेश स्तरमा प्रतिष्ठानको आवश्यकता पर्ने देखिंदैन ।

३.३.६.१५ पशुपति क्षेत्र विकास कोष ऐन, २०४४

तत्कालीन अवस्थामा वडामहारानी संरक्षक हुने गरी संस्थागत संरचना निर्माण गरिएको हो । नीतिगत निर्णय मन्त्रीको अध्यक्षतामा गर्ने परिषदले गर्ने भएपनि कार्यकारी अधिकार सदस्य सचिव, कोषाध्यक्ष र हालै सिर्जना गरिएको कार्यकारी निर्देशकमा विभाजन गरिएकोले यदाकदा द्वन्द्वको अवस्था पनि आएको पाइन्छ । यी पदहरूमा खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्ने व्यवस्था गर्नु आवश्यक छ । यस्ता संस्थाहरूको कुशल व्यवस्थापनको लागि संस्कृति विज्ञ भएर मात्र हुँदैन, व्यवस्थापकीय अनुभव र योग्यता परीक्षण गरी नियुक्ति गर्नु जरूरी देखियो ।

३.३.६.१६ लुम्बिनी विकास कोष ऐन, २०४२

यस ऐनले उपाध्यक्ष, सचिव र परियोजना प्रमुख तीनै पदलाई कार्यकारी अधिकार प्रदान गरेकोले अधिकार क्षेत्रको कारणले गर्दा वारंवार द्वन्द्व हुने गरेको छ। अर्कोतर्फ उपाध्यक्ष वौद्धमार्गी नै हुनुपर्ने व्यवस्था छ। वौद्धमार्गी हुनै पर्ने व्यवस्थामा उपाध्यक्षलाई कार्यकारी अधिकार होइन कि नितिगत निर्णय गर्ने तहमा सीमित गर्नुपर्ने हुन्छ। सचिवलाई मात्र कार्यकारी अधिकार दिने र व्यवस्थापकीय कुशलता भएको निश्चित योग्यता र अनुभव भएको जो सुकै व्यक्तिलाई खुला प्रतिस्पर्धाको आधारमा सचिवमा नियुक्त गर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ। परियोजना प्रमुखलाई दिइएको कार्यकारी अधिकार सबै सचिवलाई दिनु उपयुक्त हुन्छ। यस्तो गरेमा तीन पदाधिकारी बीच हुने द्वन्द्वको अन्त भई कोषको कार्यसम्पादनमा सुधार हुनेछ। यो कानून खारेज गरी नयाँ कानून बनाउन उपयुक्त हुन्छ।

३.३.६.१६ बृहत्तर जनकपुर क्षेत्र विकास परिषद ऐन, २०५५

यसमा पदाधिकारी बीच कार्य क्षेत्रको विवाद छैन। बृहत्तर जनकपुर क्षेत्र अन्तर्गत पर्ने सबै जग्गा गुठीमा छन्। यहाँका महन्तलाई जग्गा व्यवस्थापनमा दिइएको अधिकारको प्रयोगको अनुगमन भने आवश्यक छ।

३.३.५.१७ संस्कृति सम्बन्धी नियमावली तथा निर्देशिका

क. अभिलेख संरक्षण नियमावली, २०६३ र प्राचीन स्मारक संरक्षण नियमावली २०४६ मा सम्बन्धित ऐन नयाँ तर्जुमा पश्चात नयाँ नियमावली बनाउनु पर्ने हुन्छ।

ख. भेटी व्यवस्थापन निर्देशिका, २०७५

यो सामान्य किसिम (Generic) भेटी व्यवस्थापन निर्देशिका हो, जुन पशुपति विकास कोषलाई ध्यानमा राखी बनाइएको हो। धार्मिक स्थल अनुसार कति प्रतिशत पुजारीलाई दिने भन्ने स्थल अनुसारको विशिष्ट (Specific) निर्देशिका बनाउनु पर्ने देखिन्छ।

### ३.४ अन्तरनीति अन्तर विश्लेषण (Inter-Policies Gap Analysis)

राष्ट्रिय उद्देश्य र प्राथमिकता अनुसारको नीतिगत लक्ष हासिल गर्न सुसंगत राष्ट्रिय नीतिगत संरचना (Consistence National Policy Architechture) को आवश्यकता पर्दछ। अर्को शव्दमा, समग्र राष्ट्रिय नीतिगत संरचनाका उद्देश्य, लक्ष, प्राथमिकता परस्पर विरोधी हुनुहुँदैन। अर्थात, नीतिहरू बीच संगति (Consistency) तथा सद्भाव (Harmony) कायम हुनुपर्दछ। पर्यटन नीतिको सन्दर्भमा पर्यटन नीतिका लक्ष, उद्देश्य, नीति, रणनीति र प्राथमिकताले अन्य राष्ट्रिय नीतिसंग संगति राख्नुपर्दछ। त्यसमा पनि पर्यटन नीतिका लक्ष्य र प्राथमिकता अनुरूप अन्य नीति सहयोगी (Supportive) हुनुपर्दछ। पर्यटन नीतिको सन्दर्भमा अन्तरनीति अन्तर विश्लेषण गर्दा आकर्षित हुने प्रमुख नीतिहरू यस प्रकार हुन सक्छन्: आवधिक योजनाका समग्र लक्ष्य, उद्देश्य र प्राथमिकता; वार्षिक बजेट र कार्यक्रम; आवधिक योजनाले अवलम्बन गर्ने पर्यटन नीति; पर्यटन नीतिलाई प्रत्यक्ष सहयोग पुर्याउने वा सम्बन्ध राख्ने नीतिहरू: राष्ट्रिय यातायात नीति, हवाई नीति, संस्कृति नीति, औद्योगिक नीति, सूचना तथा सञ्चार प्रविधि नीति, स्वास्थ्य नीति, कृषि नीति आदि। यी समग्र नीति पर्यटन नीतिप्रति सहयोगी छन् भने अन्तरनीति अन्तर नभएको वा कम भएको मानिन्छ भने सहयोगी छैनन् भने त्यस्तो अन्तर बढी भएको मानिन्छ। नीति निर्माणको प्रकृया समावेसी र सहभागितात्मक भएमा अन्तर कम हुन जान्छ। अर्कोतर्फ, राष्ट्रिय विकास नीतिका लक्ष्य, उद्देश्य र प्राथमिकता निर्धारण गर्दा क्षेत्रगत समन्वय (Coordination), एकीकरण (Integration) र सद्भाव (Harmony) निर्माण गर्न सकिएमा नीतिगत अन्तरमा कमी ल्याउन सकिन्छ।

यसमा पर्यटन नीति २०६५ र पर्यटनलाई प्रत्यक्ष प्रभाव पार्ने नीतिहरू बीचको अन्तर विश्लेषण गरिनेछ। यसले त्यस्ता अन्य नीतिहरू पर्यटन संवेदनशील तथा पर्यटन विशिष्टीकृत छन् छैनन् भन्ने हेरिन्छ। यस विश्लेषणले अन्य नीति पर्यटन मैत्री बनाउन के के गर्नुपर्छ भन्ने सन्दर्भलाई उजागर गर्दछ।

तालिका-६

अन्तरनीति अन्तर विश्लेषण (Inter-Policies Gap Analysis): पर्यटन नीति, २०६५ र अन्य नीति बीच अन्तर

| सि. नं | नीति | पर्यटनसँग सम्बन्धित व्यवस्था | पर्यटन नीतिलाई सहयोग पुर्याउने व्यवस्था | पर्यटन संवेदनशील /विशिष्टिकृत (Toursim Sensitive/ Specific) | पर्यटन नीति २०६५ तथा वर्तमान आवश्यकतासँगको अन्तर (Policy Gap with Tourism Policy and Present Needs) |
|---|---|---|---|---|---|
| १ | पन्ध्रौं योजना | क्षेत्रगत नीति अन्तर्गत पर्यटन | १) सबै व्यवस्थाले पर्यटन नीतिलाई सहयोग पुर्याउने नै छन् ।<br>२) गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तारलाई नेपालको रूपान्तरणका प्रमुख सम्बाहक मध्ये एक मानिएको छ ।<br><br>अन्तर: (४) क्षेत्रगत नीति अन्तर्गतका पर्यटन रणनीति र कार्यनीतिलाई प्राथमिकीकरण गरी क्रमश: वार्षिक कार्यक्रम र बजेटले सम्बोधन गर्ने सुनिश्चितता आयोगले गर्ने ।<br>(५) पर्यटन नीति र क्षेत्रगत नीति बीचमा रणनीति र कार्यानीतिमा असंगति नदेखिए पनि नीतिगत दायरा र प्राथमिकताक्रम नहुँदा नीतिगत अन्योल रहने गरेको । | विशिष्टीकृत | १) पर्यटकीय गन्तब्य केन्द्रित सडक पूर्वाधार विकासको रणनीति र कार्यनीतिको अभाव;<br>२) कतिपय कार्यनीतिहरू कसरी कार्यान्वयन गरिने हुन् अस्पष्ट छ, जस्तै: 'कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट अगाडि बढाइनेछ', 'स्थानीय साधन र उत्पादनलाई प्रोत्साहित गरिने छ' 'पर्यटन विकासमा तहगत सरकार, अन्तरमन्त्रालय तथा निकायगत समन्वय र सहकार्यलाई प्रोत्साहन गरिने छ' समन्वय संयन्त्र कस्तो हुने स्पष्ट आएन ।<br>३) नेपालको पर्यटन विकासको प्रमुख अवरोध: हवाई सम्पर्क विस्तार र सडक पूर्वाधारमा कम केन्द्रित; प्राथमिकता निर्धारणको अभाव । |
| २ | राष्ट्रिय यातायात नीति, २०५८ | हवाई यातायात | उपयुक्त स्थानमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने (७.२) | संवेदनशील | घरेलु विमानस्थल निर्माणमा प्रमुख पर्यटकीय गन्तव्यलाई लक्षित नगरिएको |
| | | सडक यातायात | पर्यटन संभावना भएका स्थानलाई जोड्ने सडकलाई रणनीतिक सडक अन्तर्गत राखिएको (७.१.२) | संवेदनशील | (१) प्रमुख पर्यटकीय स्थलसम्म आधुनिक द्रुत सडक निर्माण गर्नुपर्ने आवश्यकता सम्बोधन नहुनु;<br>(२) अन्तर्देशीय आधुनिक सडक सञ्जालको आवश्यकता सम्बोधन नहुनु; |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | (३) सडक वर्गीकरणमा 'पर्यटकीय सडक' भनी वर्गीकरण नहुनु (७.१.१)<br>(४) 'पर्यटक वस' सम्बन्धी व्यवस्था नहुनु (६.२) |
| | | रेल यातायात | विद्युतीय रेल सेवाको विकास;<br>भारतीय रेल सेवासँग समन्वय गरी रेल यातायात विस्तार गरिने (७.४) | छैन | (१) अन्तर्देशीय रेल सेवाको नीतिगत व्यवस्था नहुनु;<br>(२) प्रमुख केही पर्यटकीय गन्तव्यलाई रेल यातायातबाट जोड्ने व्यवस्था नहुनु |
| | | जल यातायात | छिमेकी राष्ट्रको जल यातायातसँग गर्ने (७.३) | छैन | जल यातायातलाई यातायातको साधन मात्र मानिएको, यसलाई पर्यटनसँग जोड्ने सन्दर्भ नहुनु । |
| | | केवलकार | पर्यटकीय गन्तव्यमा निजी क्षेत्रलाई केवलकार निर्माण गर्न प्रोत्साहित गर्ने (७.६) | विशिष्टिकृत | यसमा लगानी प्रोत्साहनको ठोस कार्यनीति छैन । |
| ३ | औद्योगिक नीति, २०७३;<br>औद्योगिक व्य. ऐन, २०७६ | उद्योगको वर्गीकरण {दफा १५ को (२)} | (१) उद्योगबाट उत्पादित हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा पर्यटनलाई छुट्टै उद्योगको रूपमा वर्गीकरण गरिएको {दफा १५, उपदफा (२) (च); अनुसूची-६}<br>(२) केही पर्यटन व्यवसायलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगमा समावेस गरिएको (दफा १७; अनुसूची-९ को ५) | विशिष्टीकृत | अन्तरनीति अन्तर नदेखिएको । |
| ४ | हवाई नीति, २०६३ | उद्देश्य | अत्याधुनिक सुविधायुक्त अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण र विकास गर्ने | संवेदनशील | (१) हवाई नीतिको उद्देश्य नेपालमा पर्यटनको विकास गर्नु नरहेको |
| | | नीति तथा रणनीति | पर्यटनको प्रचुर संभावना भएका मुलुकहरूसँग द्विपक्षीय वा बहुपक्षीय हवाई संझौता गर्न पहल गरिने | | (१) नेपालका प्रमुख पर्यटकीय गन्तव्य नजिकका विमानस्थललाई आधुनिकीकरण गर्ने रणनीति नहुनु;<br>(२) अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने विषय रणनीतिमा समावेस नहुनु |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ | ११.९ पर्यटनमा सूचना तथा सञ्चार प्रविधि नीति | ११.९.१ सूचना तथा प्रविधिको प्रभावकारी प्रयोगद्वारा पर्यटन क्षेत्रको समग्र विकासमा लगानी गर्न आवश्यक उपायहरू अवलम्बन गरिनेछ;<br>११.९.२ निजी क्षेत्रको सहकार्यमा प्रमुख पर्यटकीय गन्तव्यहरूमा सूचना तथा प्रविधिको उपलब्धता सुनिश्चित गरिनेछ। | विशिष्टीकृत | अन्तरनीति अन्तर नदेखिएको। |
| ६ | राष्ट्रिय स्वास्थ्य नीति, २०७१ | रणनीति (१.६) | अति विशिष्ट र अन्तर्राष्ट्रिय स्तरको सेवा दिने क्षेत्रहरूको यकिन गरी त्यस्ता क्षेत्रको यथोचित विकास गरी नेपाललाई क्रमश: क्षेत्रगत स्वास्थ्य पर्यटन र स्वास्थ्य विज्ञान अध्ययन केन्द्रका रूपमा विकास गर्दै लगिनेछ। | संवेदनशील | वैकल्पिक चिकित्सा पद्धतिको विकास तथा स्वास्थ्योपचार पश्चात नेपालको अनुपम प्राकृतिक स्थलमा आराम गर्ने व्यवस्था मार्फत नेपालमा स्वास्थ्य पर्यटनको विकास गर्ने रणनीति थप गर्नुपर्ने।<br>अन्तर्रष्ट्रिय स्तरका अस्पताल स्थापना गर्न स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने नीति लिने। |
| ७ | राष्ट्रिय कृषि नीति, २०६१ | रणनीति | कृषि पर्यटन सम्बन्धी रणनीति नभएको | छैन | पर्यटकीय केन्द्र आसपास वा पर्यटकीय मार्गमा संभाव्य कृषि उत्पादनलाई प्रोत्साहन गरी कृषिलाई पर्यटनसँग जोड्ने रणनीति लिनु पर्ने। |
| ८ | उच्च शिक्षा नीति, २०७४ | नीति | उच्च शिक्षा प्रदायक संस्थाहरूको प्राज्ञिक उत्कृष्टता एवम् अन्तर्राष्ट्रिय उत्कृष्टताका लागि पाठ्यक्रम, शैक्षिक प्रणाली एवम् व्यवस्थापनमा सुधार गरिने (७.४) | छैन | गुणस्तरीय शैक्षिक प्रतिष्ठानको विकास तथा बजारीकरण गरी बिदेशी विद्यार्थीलाई तालीम तथा अध्ययनको अवसर प्रदान गरी विविध क्षेत्रमा तालिम तथा अध्ययन भ्रमणमा प्रोत्साहन दिइने रणनीति लिइनुपर्ने।<br>अन्तर्राष्ट्रिय स्तरका स्कूल तथा कलेज स्थापना गरी विदेशी विद्यार्थी आकर्षित गर्ने नीति लिने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | राष्ट्रिय संस्कृति नीति, २०६७ | उद्देश्य<br><br>कार्यनीति (९.४४) | सांस्कृतिक सम्पदाहरूको माध्यमबाट देशको पर्यटन उद्योगमा टेवा पुर्याइ समाजमा रोजगारी र आय आर्जनका अवसर वृद्धि गर्ने;<br><br>प्रदर्शनकारी लोककलाहरूको माध्यमबाट आन्तरिक र बाह्य पर्यटकलाई आकर्षण गरी पर्यटन व्यवसायमा टेवा पुर्याउने | संवेदनशील | १) राष्ट्रिय संस्कृति नीति समग्र अभिमुखीकरण नै संस्कृतिको संरक्षण तर्फ मात्र देखियो;<br>२) नौ वट उद्देश्यहरू मध्ये एउट मात्र उद्देश्य पर्यटन विशिष्टिकृत छ;<br>३) मूर्त र अमूर्त सांस्कृतिक सम्पदालाई संरक्षणको अतिरिक्त पर्यटन विकासमा कसरी उपयोग गर्ने भन्ने नीति र रणनीतिको पूर्णत: अभाव छ;<br>४) संस्कृतिलाई पर्यटनसंग जोड्ने गरी संस्कृति नीति नयाँ तर्जुमा गर्नु जरूरी देखियो । |
| १० | सार्वजनिक-निजी साझेदारी नीति, २०७२ | प्राथमिकताका क्षेत्रहरू (११.३ को २.) | (२) (क) विमानस्थल, केबुलकार;<br>(२) (ख) पर्यटन पूर्वाधार (होटल र आवाश बाहेक) | विशिष्टीकृत | यसमा 'पर्यटकीय गन्तव्य विकास; तथा पर्यटकीय वस्तु विकास' भनी समावेस गर्नुपर्ने । |
| ११ | विदेशी लगानी नीति, २०७१ | ८.१.२ नीति<br><br>१४. प्राथमिकता क्षेत्र: | • राष्ट्रिय प्राथमिकताका क्षेत्रहरू विशेषगरी उत्पादनमूलक उद्योगहरूमा लगानी अभिवृद्धि गर्न विदेशी पूँजी, प्रविधि, सीप र ज्ञानलाई आकर्षित गरिनेछ<br>• १४.४ 'पर्यटन उद्योग' भनी प्राथमिकता प्राप्त क्षेत्रमा राखिएको | संवेदनशील (प्राथमिकता प्राप्त क्षेत्रमा पर्यटन उद्योग परेकोले)<br><br>विशिष्टीकृत | • यसमा उत्पादनमूलक उद्योग पछि "तथा पर्यटन उद्योग" थप गर्नुपर्ने ।<br>• तर 'पर्यटन उद्योग'ले गन्तव्य विकासलाई समेट्ने वा नसमेट्ने द्विविधा हुने हुनाले 'पर्यटन उद्योग (गन्तव्य विकास समेत)' भनी थप गर्नुपर्ने । |

## परिच्छेद-४

# भविष्यको लक्ष र वर्तमान अवस्थासँगको अन्तर

### ४.१ सन् २०३० को लागि हाम्रो पर्यटकीय लक्ष

आजको तिब्रतर परिवर्तनशील परिवेश धेरै लामो समयको लक्ष निर्धारण गर्नु यथार्थवादी नहुन सक्छ । अत: पर्यटनको आगामी एक दशकको मार्गचित्र तयार गर्नु व्यवहारिक हुन सक्छ। सन् २०३० सम्म दीगो विकासको लक्ष हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने लक्षसँग एकाकार हुँदै पर्यटन विकासको मार्ग चित्र बनाउनु उपयुक्त हुन्छ। सन् २०३० पर्यटन क्षेत्रको लक्ष निर्धारण बढी यथार्थवादी बनाउन उक्त समयावधिमा सम्पन्न हुने पर्यटन तथा सो सँग सम्बन्धित केही महत्वपूर्ण कार्यक्रमको आंकलन गर्नु उपयुक्त हुन्छ।

(क) निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिएको हुनुपर्छ। यद्यपि नेपालको सार्वजनिक आयोजना कार्यान्वयन क्षमता अत्यन्त कमजोर छ, यो आयोजना कार्यान्वयन गर्न उच्च प्राथमिकता दिइनु पर्दछ।

(ख) काठमाडौं -तराई द्रुत मार्ग सम्पन्न भै सञ्चालनमा आइसक्छ ।

(ग) गौतम वुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भई सञ्चालनमा आइसक्नेछन् ।

(घ) नारायणगढ-बुटवल तथा काकड भित्ता- नारायणगढ सडक खण्ड स्तरोन्नति भइसक्ने छ ।

(ङ) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार कार्यक्रम सम्पन्न हुनेछ ।

(च) मध्य पहाडी लोक मार्ग, उत्तर दक्षिण लोक मार्ग, हुलाकी सडक सम्पन्न हुनेछन्। शहरी सडक पूर्वाधारमा सुधार हुनेछ । सडक तथा यातायात सेवाको गुणस्तर वृद्धि हुनेछ ।

(छ) पूर्व पश्चिम रेल मार्गको केही खण्ड सम्पन्न भैसक्ने छ ।

(ज) पशुपति क्षेत्र विकास कोष तथा लुम्बिनी विकास गुरू योजनाका कार्यक्रम सम्पन्न हुनेछन् ।

उपर्युक्त आयोजनाहरू सम्पन्न हुँदा नेपालको हवाई सम्पर्क तथा सडक यातायातको गुणस्तर वृद्धि भई पर्यटन विकासको लागि अनुकूल वातावरण सिर्जना हुनेछ। यस सन्दर्भमा दुई वटा परिदृष्यमा लक्ष निर्धारण गर्न सकिन्छ। निजगढ विमानस्थल आगामी ५-७ वर्ष भित्रै बनेर सञ्चालनमा आयो भने नेपालमा पर्यटन क्षेत्रमा क्रान्ति नै हुने संभावना छ। उक्त विमानस्थल निर्माणको क्रममा नेपालमा लगानीको उचित वातावरण निर्माण गर्न सकियो गन्तब्य विकास र पर्यटकीय वस्तु विकासमा स्वदेशी तथा विदेशी लगानी पनि बढी यस क्षेत्रको विकासमा फड्को मार्न सकिने छ। तर निजगढ विमानस्थल आगामी दश वर्ष भित्र पनि बनेन भने यस क्षेत्रको विकासको दर सामान्य रहने छ, त्यति धेरै उत्साहप्रद हुने छैन। पन्धौं योजनाको अन्त्यसम्ममा विदेशी पर्यटक आगमन संख्या ३५ लाख, बसाइ अवधि १५ दिन, दैनिक खर्च १०० डलर, ३ लाख ८२ हजार थप प्रत्यक्ष रोजगारी, तथा कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान १० प्रतिशत पुग्ने अपेक्षा गरिएको छ। यो अलि महत्वाकांक्षी जस्तो देखिन्छ। यसलाई अलि यथार्थताको नजिक ल्याउँदा सन् २०२० सम्म हाल पर्यटनबाट प्राप्त हुने विदेशी मुद्रा (सन् २०१९ मा ७२.४ अर्ब) तथा पर्यटकको संख्या (करीब १२ लाख) हालको भन्दा चार गुणा वृद्धि (करीब ५० लाखबाट ३०० अर्ब डलर) गर्न सकिने लक्ष निर्धारण गर्न सकिन्छ।

## ४.२ वर्तमान नीति र भविष्यको नीतिगत आवश्यकता बीचको अन्तर विश्लेषण (Gap Analysis Between Present Policy and Future Policy Needs)

यस खण्डमा नीति भित्रकै अन्तर (Intrapolicy Gap Analysis) तथा अन्तरनीति अन्तर विश्लेषण (Interpolicies Gap Analysis) को आधारमा विद्यमान अवस्था र भविष्यको आवश्यकता बीचमा रहेको अन्तर पहिचान गरिन्छ।

तालिका-७

वर्तमान नीति र भविष्यको नीतिगत आवश्यकता बीचको अन्तर विश्लेषण

| सि.नं. | भविष्यको नीतिगत आवश्यकता | विद्यमान नीतिग व्यवस्था | अन्तर |
|---|---|---|---|
| १ | सम्बन्धित क्षेत्रगत नीतिहरूलाई पर्यटन नीति मैत्री तथा आवश्यकता अनुसार पर्यटन संवेदनशील (Tourism Sensitive) वा पर्यटन विशिष्टीकृत (Tourism Specific) बनाउने ।<br>राष्ट्रिय यातायात नीतिलाई पर्यटन विशिष्टिकृत (Tourism Specific) गर्ने। प्रमुख पर्यटकीय गन्तव्य (जस्तै: काठमाडौं-चितवन, काठमाडौं-पोखरा, पोखरा-चितवन, चितवन-लुम्बिनी, पोखरा-लुम्बिनी; वर्दीया-शुक्लाफाँटा-रारा सडक, झापा-ताप्लेजुङ्) जोड्ने सडकलाई चार लेनमा स्तरोन्नति गर्ने कार्यक्रम बनाउने । | केही क्षेत्रगत नीति मात्र पर्यटन संवेदनशील वा विशिष्टीकृत रहेका । | पर्यटन संवेदनशील (Tourism Sensitive) हुनुपर्ने क्षेत्रगत नीति संवेदनशील नभएका; पर्यटन विशिष्टीकृत (Tourism Specific) हुनुपर्ने नीति संवेदनशील मात्र रहेका वा दुवै नभएका ।<br>राष्ट्रिय यतायात नीति पूर्णत: पर्यटन विशिष्टीकृत नभएको। सडक निर्माण कार्यक्रम पर्यटन विशिष्टीकृत (Tourism Specific) नभएका । |
| २ | कोभिड-१९ जस्ता महामारी तथा संकटबाट पर्यटन क्षेत्रमा पर्ने प्रभावको व्यवस्थापन, प्रभाव न्यूनीकरण, प्रोत्साहन व्यवस्था, लचिलोपना निर्माण (Resilient Building) तथा पुनर्उत्थान सम्बन्धी नीतिगत व्यवस्था गर्नुपर्ने । | महामारी व्यवस्थापन तथा पुनर्उत्थान सम्बन्धी नीतिगत व्यवस्थाको अभाव । | महामारी व्यवस्थापन तथा पुनर्उत्थान सम्बन्धी नीतिगत व्यवस्थाको अभाव । |
| ३ | अनुगमन सूचक र जिम्मेवार निकाय सहितको नीति कार्यान्वयन कार्ययोजना समेत नीतिको अभिन्न अङ्गको रूपमा रहने व्यवस्था गर्नुपर्ने | नीति कार्यान्वयन कार्ययोजना व्यवस्था नभएको । | नीति कार्यान्वयन कार्ययोजना नभएकोले नीति कार्यान्वयन प्रभावकारी हुन नसकेको । |
| ४ | राष्ट्रिय पर्यटन परिषदको पुनर्संरचना गर्ने:<br>४.१ संघीय संरचना अनुसार प्रदेश सरकारहरूलाई | ४.१ संघीयता लागु हुनु भन्दा पहिले बनेको ऐनमा | ४.१ राष्ट्रिय पर्यटन परिषदमा प्रदेश मुख्य मन्त्रीहरू सदस्य नरहँदा अन्तरतहगत |

| | | | |
|---|---|---|---|
| | समेत पर्यटन नीति कार्यान्वयनमा समन्वय गर्न प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने राष्ट्रिय पर्यटन परिषदको सदस्यमा सबै प्रदेशका मुख्य मन्त्रीलाई समावेस गर्ने ।<br>४.२ निजी क्षेत्रका सबै संस्था (नेपाल उद्योग परिसंघ) लाई परिषदको सदस्यमा समावेस गर्ने ।<br>४.३ राष्ट्रिय पर्यटन परिषदको बैठक वर्षका कम्तिमा एक पटक बस्नु पर्ने नीतिगत व्यवस्था गर्ने । | उक्त व्यवस्था छैन ।<br><br>४.२ नेपाल उद्योग वाणिज्य संघको अध्यक्ष राष्ट्रिय पर्यटन परिसंघको सदस्य हुने व्यवस्था रहेको ।<br><br>४.३ राष्ट्रिय पर्यटन परिषदको गठनको व्यवस्था भएको । तर बैठक बस्ने विषयमा नीतिमा केही उल्लेख नभएको । | नीतिगत समन्वयमा समस्या आएको ।<br><br>४.२ समान हैसियतको नेपाल उद्योग परिसंघको अध्यक्ष राष्ट्रिय पर्यटन परिषदको सदस्य रहने व्यवस्था नहुनु ।<br>४.३ बैठक बस्ने विषयमा नीतिगत व्यवस्था नभएको कारणले पनि लामो समयसम्म बैठक हुने नगरेको । |
| ५ | अन्तर्राष्ट्रिय हवाई यातायात सेवाको सञ्जालमा वृद्धि तथा राष्ट्रिय ध्वजावाहक विमान सेवा को क्षमता वृद्धि; सेवा सुरक्षित, भरपर्दो र नियमित गराउने विषय पर्यटन नीतिको प्रमुख प्राथमिकता हुनुपर्ने । | पर्यटन नीतिले नै अनिवार्य रूपमा सम्बोधन गर्नु पर्ने यी विषयलाई जोखिम अन्तर्गत राखिएको: (क) अन्तर्राष्ट्रिय हवाई यातायात सेवाको सञ्जालमा वृद्धि (छ) राष्ट्रिय ध्वजावाहक विमान सेवामा सुरक्षित भरपर्दो र नियमितता। यसले पर्यटन विकासको आधारभूत विषयलाई पर्यटन नीतिको नियन्त्रण भन्दा बाहिर राखेको जस्तो अनुभूति हुने देखिन्छ । | अन्तर्राष्ट्रिय हवाई यातायातको विकास र राष्ट्रिय ध्वजावाहकको क्षमता विकासलाई जोखिम खण्डमा राखिंदा यी दुवै विषय पर्यटन नीतिले सम्बोधन गर्न नसक्नु । |
| ६ | पर्यटन विकास समन्वय समितिको पुनर्संरचना:<br>५.१ मन्त्रीको अध्यक्षतामा हुने पर्यटन विकास समन्वय समितिको सदस्यमा सबै प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीलाई समावेस गर्ने । | प्रदेशको प्रतिनिधित्व छैन । | प्रदेशको प्रतिनिधित्व छैन । |
| ७ | प्रदेशमा पर्यटन नीति कार्यान्वयनमा अन्तरनिकाय समन्वय तथा प्रदेश र स्थानीय तह बीच समन्वय गर्न पर्यटन विकास समन्वय समितिको गठन गर्ने | हाल छैन । | त्यस्तो समन्वय संयन्त्र नहुनु । |

| | | | |
|---|---|---|---|
| ८ | दीगो विकासको लक्ष प्राप्त गर्न पर्यटन नीति सहायक सिद्ध हुनु पर्ने । | “नेपालका प्राकृतिक, सांस्कृतिक, जैविक एवं मानवनिर्मित सम्पदाहरुको संरक्षण तथा प्रबद्र्धन गर्दै”, “राष्ट्रिय सम्पदाहरुलाई दिगो उपयोगको माध्यमबाट, पर्या– पर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निबारणसँग आवद्ध गरी”, “पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक स्रोत र साधनको उपयोग गर्दा वातावरण संरक्षण गर्दै त्यस्ता श्रोत र साधनको दिगो रुपमा उपयोग गर्ने” जस्ता विषयवस्तु नीतिमा समावेस छन् । | नीतिमा उल्लिखित विषयवस्तुले दीगो विकासको लक्षलाई पूर्णत: सम्बोधन नगरेको । |
| ९. | पर्यटन ऐन २०३५ लाई छाता ऐनको रूपमा विकास गरी संघ, प्रदेश र स्थानीय सरकार बीचको पर्यटन सम्बन्धी कार्य जिम्मेवारी स्पष्ट गर्ने; पर्यटन क्षेत्रको नियमन सम्बन्धी कतिपय नियमावलीका प्रावधानहरू ऐनमा नै समावेस गर्नुपर्ने; दुर्घटनाको अतिरिक्त हमामारीको समयमा पनि पर्यटकको उद्धार, उपचार, सुरक्षा, घरफिर्ती जस्ता विषय सम्बोधन गर्नुपर्ने | क्यासिनो नियमावली २०७० ले क्यासिनोको नियमन गर्ने व्यवस्था; दुर्घटनाको अवस्थामा मात्र पर्यटक खोज उद्धार नियमावली २०७५ आकर्षित हुने महामारीमा पर्यटन | विद्यमान पर्यटन ऐनले संघीय स्वरूपलाई सम्बोधन गर्न नसक्ने; महामारीको समयमा पर्यटकको उद्धार, उपचार, सुरक्षा, घरफिर्ती जस्ता विषय सम्बोधनको अभाव |
| १० | गन्तव्य विकासका लागि छुट्टै विशिष्टिकृत स्वायत्त निकाय हुनुपर्ने | पर्यटन विभाग तथ नेपाल पर्यटन बोर्डले केही कार्यक्रम सञ्चालन गर्दै आएका | गन्तव्य विकासको जिम्मेवारी, ज्ञान र सिपयुक्त विशिष्टीकृत स्वायत्त संस्थाको अभाव |

# परिच्छेद-५
# सुझाव तथा निष्कर्ष

परिच्छेद -३ मा नेपालमा पर्यटनको वर्तमान अवस्था मूल्याङ्कन र विश्लेषण, परिच्छेद-४ मा पर्यटनको भविष्यको लक्ष र वर्तमान अवस्थासँगको अन्तर पहिचान गरिसकिएको छ। उक्त अन्तरलाई पुरा गर्न आगामी एक दशक भित्रको लक्ष हासिल गर्न नयाँ पर्यटन नीति तर्जुमा गर्नु जरूरी देखिन्छ। नयाँ पर्यटन नीतको आवश्यकता पर्यटन नीति २०६५ को विषयवस्तुमा रहेको कमजोरी तथा अहिलेको परिवर्तित सन्दर्भले समेत पुष्टि गरेको छ। अत: यस परिच्छेदमा नयाँ पर्यटन नीतिले सम्बोधन गर्नुपर्ने विषयहरूको सम्बन्धमा चर्चा गरिन्छ।

## ५.१ नीति तर्जुमा सम्बन्धी सामान्य मुद्दा (Generic Issues of Policy Formulation)

सबै किसिमको सार्वजनिक नीति तर्जुमा गर्दा सम्बोधन गर्नुपर्ने सामान्य मुद्दाहरू यसप्रकार छन्। यी मुद्दाहरू सम्बोधन गर्न सकिएमा मात्र नीतिहरू बीच संगतिपूर्ण (Consistency Among Policies) तथा पारस्परिक रूपमा प्रभावशाली (Mutually Reinforcing) भइ सार्वजनिक नीति कार्यान्वयनले 'सिनर्जि' (Synergy) प्रभाव पार्न सक्छ। तल ५.१.१ देखि ५.१.५ सम्म नीति विषय (Policy Content) संग सम्बन्धित र ५.१.६ मा नीतिको सन्दर्भ (Policy Context) सँग सम्बन्धित सामान्य विषय प्रस्तुत गरिएको छ।

### ५.१.१ नीति भित्रको अन्तर हटाउने (**Eliminating Intra-Policy Gap)**

नीति निर्माताले नीति कार्यान्वयनका लागि तर्जुमा गरिन्छ भन्ने हेक्का राख्नु पर्दछ। आफूले जानेको जति सबै तथा आकर्षक तर कार्यान्वयन गर्न नसकिने किसिमका नीतिगत व्यवस्था राख्दा नीति विषयवस्तुले जनतामा महत्वाकांक्षा र निराशा एकै पटक सिर्जना गर्दछ। कुनैपनि कार्यनीति कार्यान्वयनको मापनयोग्य सूचक निर्माण गर्न सकिंदैन भने त्यस्तो नीति कार्यान्वयन गर्न सकिंदैन भन्ने नीति निर्माताले बुझ्नु पर्दछ। उदाहरणको लागि "अझ बढी प्रभावकारी बनाइने छ", "प्रोत्साहन गरिने छ", "समन्वय गरिने छ'' जस्ता शव्दावलीको कार्ययोजना बनाउँदा सूचक निर्माण गर्न कठीन हुन्छ। तसर्थ, के गर्दा प्रभाकारी हुन्छ, के उपायबाट प्रोत्साहन गरिन्छ, तथा समन्वयको संयन्त्र के हो भन्ने कुरा कम्तीमा पनि कार्ययोजनामा स्पष्ट हुनु पर्दछ। यसरी स्पष्ट गर्न अलि बढी समय, छलफल र मेहनतको आवश्यकता पर्दछ। नीति निर्माण गर्दा धेरै हतारमा टुङ्ग्याउने प्रचलन छ, नीति विषयवस्तुको कार्यान्वयनयोग्यता पूर्व परीक्षण (Ex Ante

Evaluation of Policy Implementability) गरिनु जरूरी छ । राष्ट्रिय योजना आयोगले सबै नीतिहरूको कार्यान्वयनयोग्यता सुनिश्चित गर्न त्यस्तो पूर्व परीक्षणको संयन्त्र निर्माण गर्नुपर्दछ ।

५.१.२ अन्तरनीति नीति अन्तर कम गर्ने (**Reducing Inter-Policies Gap)**

पर्यटन 'क्रस कटिङ्' विषय हो। नजिकको सम्बन्ध हुने नीतिहरू बीच संगति (Consistency) तथा परस्परमा प्रभावपार्ने (Mutually Reinforcing) किसिमको सम्बन्ध हुनुपर्दछ। विशेष गरी हवाई नीति र सडक पूर्वाधार नीति पर्यटन विशिष्टीकृत (Tourism Specific) हुनुको साथै पर्यटन विकासमा पूर्णत: सहयोगी हुनुपर्दछ। तर जुन मात्रमा यी नीतिले पर्यटनको आवश्यकतालाई सम्बोधन गर्नुपर्ने हो, सो मात्रामा सम्बोधन गर्न सकेको देखिएन। त्यसैगरी संस्कृति, औद्योगिक, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण, शिक्षा, स्वास्थ्य, सञ्चार, शिक्षा, कृषि जस्ता नीति र पर्यटन नीति बीच अन्तरआवद्धता तथा संगति आवश्यक छ। यी नीतिहरूले पर्यटन क्षेत्रलाई सहयोग गरेमा अन्तरनीति नीति अन्तर कम हुन जान्छ। यद्यपि यस्तो अन्तर कम हुने गरी नीति तर्जुमा गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालयको हो, मन्त्रालयहरूमा त्यस्तो विज्ञताको अभाव हुने हुनाले यस्तो अन्तर कम गर्न राष्ट्रिय योजना आयोगले विज्ञहरू संमिलित संयन्त्र निर्माण गर्नुपर्छ। यस सम्बन्धी केही सुझाव यस प्रकार छन्:-

पन्ध्रौं योजनाको क्षेत्रगत नीति अन्तर्गत पर्यटन नीतिमा देखिएका निम्न कमजोरी आगामी सोह्रौं योजनामा सच्याउनु पर्ने वा वार्षिक कार्यक्रमले सम्बोधन गरिएमा राम्रो हुने देखिन्छ।

क) पर्यटकीय गन्तब्य केन्द्रित सडक पूर्वाधार विकासको रणनीति र कार्यनीतिको थप गर्नुपर्ने;

ख) कतिपय कार्यनीतिहरू कसरी कार्यान्वयन गरिने हुन् अस्पष्ट छ, जस्तै: 'कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट अगाडि बढाइनेछ', 'स्थानीय साधन र उत्पादनलाई प्रोत्साहित गरिने छ' 'पर्यटन विकासमा तहगत सरकार, अन्तरमन्त्रालय तथा निकायगत समन्वय र सहकार्यलाई प्रोत्साहन गरिने छ' भन्ने उल्लेख छ, तर समन्वय संयन्त्र कस्तो हुने स्पष्ट नभएकोले स्पष्ट गर्नुपर्ने देखिन्छ ।

ग) नेपालको पर्यटन विकासको प्रमुख अवरोध: हवाई सम्पर्क विस्तार र सडक पूर्वाधारमा कम केन्द्रित; प्राथमिकता निर्धारणको अभाव ।

(घ) क्षेत्रगत नीति अन्तर्गतका पर्यटन रणनीति र कार्यनीतिलाई मन्त्रालयसँगको समन्वयमा प्राथमिकीकरण गरी क्रमश: वार्षिक कार्यक्रम र बजेटले सम्बोधन गर्ने सुनिश्चितता आयोगले गर्नु पर्ने देखिन्छ ।

(ङ) पर्यटन नीति र क्षेत्रगत नीति बीचमा रणनीति र कार्यानीतिमा असंगति नदेखिए पनि नीतिगत दायरा र प्राथमिकताक्रम नहुँदा नीतिगत अन्योल रहने गरेको ।

राष्ट्रिय यातायात नीतिले पर्यटकीय गन्तब्य केन्द्रित सडक पूर्वाधार विकासको रणनीति र कार्यनीति निर्माण गर्नुपर्ने; सडक वर्गीकरणमा 'पर्यटकीय सडक' भनी वर्गीकरण गर्ने; घरेलु विमानस्थल निर्माणमा प्रमुख पर्यटकीय गन्तव्यलाई लक्षित गर्नुपर्ने; अन्तर्देशीय यातायात सम्पर्क सुदृढ गर्न तथा, प्रमुख पर्यटकीय गन्तब्य जोड्न रेल यातायातको विकास गर्ने; अर्थात यो नीति पर्यटन विशिष्टीकृत (Tourism Specific) हुनुपर्ने; जल यातायातलाई यातायातको साधनको रूपमा मात्र नलिइ पर्यटकीय वस्तुको रूपमा विकास गर्ने नीति लिनुपर्ने । अर्को शव्दमा, राष्ट्रिय यातायात नीति पर्यटन विशिष्टीकृत बनउनु पर्ने ।

हवाई नीतिको उद्देश्य नेपालमा पर्यटनको विकास गर्ने हुनुपर्ने; नेपालका प्रमुख पर्यटकीय गन्तव्य नजिकका विमानस्थललाई आधुनिकीकरण गर्ने रणनीति लिनुपर्ने; अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने विषय रणनीतिमा समावेस गर्नुपर्ने; अर्थात यसलाई पर्यटन विशिष्टीकृत गर्नुपर्ने ।

सार्वजनिक-निजी साझेदारी नीति, २०७२ को ११.३ को (२) मा प्राथमिकताका क्षेत्रहरू अन्तर्गत 'पर्यटकीय गन्तव्य विकास; तथा पर्यटकीय वस्तु विकास' भनी समावेस गर्नुपर्ने ।

विदेशी लगानी नीति, २०७१ को ८.१.२ मा 'राष्ट्रिय प्राथमिकताका क्षेत्रहरू विशेषगरी उत्पादनमूलक उद्योगहरूमा लगानी अभिवृद्धि गर्न विदेशी पूँजी, प्रविधि, सीप र ज्ञानलाई आकर्षित गरिनेछ' भन्ने उल्लेख गरिएकोमा उत्पादनमूलक उद्योग पछि "तथा पर्यटन उद्योग" थप गर्नुपर्ने ।

स्वास्थ्य नीतिमा वैकल्पिक चिकित्सा पद्धतिको विकास तथा स्वास्थ्योपचार पश्चात नेपालको अनुपम प्राकृतिक तथा रमणीय स्थलमा आराम गर्ने व्यवस्था मार्फत नेपालमा स्वास्थ्य पर्यटनको विकास गर्ने रणनीति थप गर्नुपर्ने; अन्तर्रष्ट्रियस्तरका अस्पताल स्थापना गर्न स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने नीति लिने ।

कृषि नीतिले पर्यटकीय केन्द्र आसपास वा पर्यटकीय मार्गमा संभाव्य कृषि उत्पादनलाई प्रोत्साहन गरी कृषिलाई पर्यटनसँग जोड्ने रणनीति लिनुपर्ने ।

उच्च शिक्षा नीतिले गुणस्तरीय शैक्षिक प्रतिष्ठानको विकास तथा बजारीकरण गरी बिदेशी विद्यार्थीलाई तालीम तथा अध्ययनको अवसर प्रदान गरी विविध क्षेत्रमा तालिम तथा अध्ययन भ्रमणमा प्रोत्साहन दिइने रणनीति लिनुपर्ने ।

संस्कृति नीतिका नौ वट उद्देश्यहरू मध्ये एउट मात्र उद्देश्य पर्यटन विशिष्टिकृत छ; यस नीतिको समग्र अभिमुखीकरण नै संस्कृतिको संरक्षण तर्फ मात्र देखियो; मूर्त र अमूर्त सांस्कृतिक सम्पदालाई संरक्षणको अतिरिक्त पर्यटन विकासमा कसरी उपयोग गर्ने भन्ने नीति र रणनीतिको पूर्णत: अभाव छ; संस्कृतिलाई पर्यटनसंग जोड्ने गरी संस्कृति नीति नयाँ तर्जुमा गर्नु जरूरी देखियो ।

५.१.३ नीति भित्रको प्राथमिकीरण

नीतिमा उल्लिखित सबै कार्यनीति एकै वर्ष वा पाँच वर्षमा पनि कार्यान्वियन गर्न प्रशासनिक क्षमता र वित्तीय श्रोतको सीमितताले संभव हुँदैन। अत: नीति निर्माताले नीतिमा उल्लिखित कार्यनीतिहरूको प्राथमिकीकरण गरिदिएमा नीति कार्यान्वियनकर्तालाई सहज हुन्छ। यसले वार्षिक बजेट र कार्यक्रम तर्जुमा गर्न तथा अर्थ मन्त्रालयलाई बजेट विनियोजन गर्न पनि सहज हुन्छ। पर्यटन रणनीतिक योजना २०१६-२५ को कार्ययोजना बने पनि प्राथमिकीकरणको अभावमा कार्यान्वियन अपेक्षित रूपमा हुन सकेन।

५.१.४ नीति कार्यान्वियन कार्ययोजना तथा नीति कार्यान्वियन अनुगमन कार्यदल

नेपालका सार्वजनिक नीतिहरूको सबैभन्दा ठूलो कमजोरी नीतिकै अङगको रूपमा कार्यान्वियनको कार्ययोजना नहुनु हो। कार्ययोजना नहुँदा नीति कार्यान्वियनकर्तामा कार्यान्वियनप्रतिको गंभीरता प्रदर्शित हुँदैन। पर्यटन नीति २०६५ तथा पर्यटन भिजन २०२० को कार्ययोजना थिएन। पर्यटन रणनीतिक योजनामा कार्ययोजना समेत संलग्न भएकोले तुलनात्मक रूपमा यो राम्रो दस्तावेज हो।

नीति कार्यान्वियन अवस्थाको नियमित अनुगमन गर्न स्थायी संयन्त्रको रूपमा कार्यदल रहनु आवश्यक हुन्छ। यस्तो कार्यदल नहुँदा नीति कार्यान्वियन बेवारिसे हुने अवस्था सिर्जना भएको पाइन्छ। यस्तो कार्यदलले आफ्नो तहमा कार्यान्वियन समस्याको पहिचान, आफ्नो तहबाट सम्बोधन हुने समस्याको समाधान, आफ्नो तहबाट नहुने समस्याको प्रतिवेदन गर्ने, अन्तरनिकाय गर्ने, राष्ट्रिय पर्यटन परिषद तथा पर्यटन विकास समन्वय समितिमा छलफलको कार्यसूची निर्माण जस्ता काम गर्दछ। यस्तो कार्यदलको व्यवस्था पर्यटन ऐन, २०६५ मा गरिएको छैन।

५.१.५ नीति कार्यान्वियको औजारको रूपमा कानूनको निर्माण

नीति विषयवस्तु (Policy Content) को प्रकृतिले नीति कार्यान्वियन गर्न कानुन चाहिने वा नचाहिने भन्ने कुरा निर्धारण गर्दछ। उदाहरणको लागि, औद्योगिक नीतिमा धेरै छुट र सुविधाहरू प्रदान गर्ने नीतिगत विषयवस्तु बढी भएककोले उक्त नीति कार्यान्वियन गर्न औद्योगिक व्यवसाय ऐन नभइ हुँदैन। तर संस्कृति नीतिमा कानुनले नै सम्बोधन गर्नुपर्ने विषय नहुँदा संस्कृति सम्बन्धी कानुन आवश्यक नपर्न सक्छ। तर

पर्यटन नीति २०६५ को कार्यनीतिमा उल्लिखित 'प्रोत्साहन गरिने छ', 'प्रोत्साहन प्याकेज निर्माण गरिनेछ' भन्ने जस्ता विषयहरू सम्बोधन नहुनुको कारण कानुनले ती विषयलाई सम्बोधन नगर्नु हो। यस्ता कार्यनीतिगत विषयलाई सालवसाली आर्थिक ऐन वा पर्यटन ऐनले सम्बोधन गर्नु पर्ने देखिन्छ। सम्बन्धित मन्त्रालयले विषयगत कानुन निर्माण र अर्थ मन्त्रालयले आर्थिक ऐन मार्फत नीतिमा उल्लिखित विषयलाई सम्बोधन गर्नुपर्दछ। सामान्यत: जब कुनै नीतिका प्रावधान कार्यान्वयन गर्न कानुन वा कार्यक्रम बनाउनु पर्ने वाद्यात्मक अवस्था हुन्छ, तब नीति बढी यथार्थवादी (Realistic), प्रभावशाली (Influential) तथा कार्यान्वयनयोग्य (Implementable) भएको मान्न सकिन्छ

५.१.६ नीति तर्जुमामा नीति सन्दर्भ (**Policy Context in Policy Formulation)**

नीति सन्दर्भले नीतिको समग्र वातावरण (Policy Environment) लाई इङ्गित गर्दछ। वातावरण पनि आन्तरिक: संगठन भित्रको; र बाह्य: संगठन बाहिरको गरी दुई किसिमको हुन्छ। बाह्य वातावरणमा राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक, प्राविधिक विकास, प्रशासनिक आदि विषय यस अन्तर्गत पर्दछ। प्रजातन्त्र पुनर्स्थापना पश्चात वि स. २०४८ मा गठित सरकारले तत्कालीन मुलुकको आवश्यकता र अन्तर्राष्ट्रिय परिवेष अनुकूल हुनेगरी सबैजसो सार्वजनिक नीतिलाई आर्थिक उदारीकरणको सिद्धान्तबाट निर्देशित गर्यो। समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने वर्तमान संविधानले निर्देशित गरे अनुसार नीतिहरूमा समाजवादी सोंचबाट निर्देशित हुनुपर्ने अवस्था छ। यसरी कुनै एउटा सिद्धान्तबाट निर्देशित हुँदा कहिले काहिं नीतिको वास्तविक आवश्यकता भन्दा फरक नीति तर्जुमा हुने तथा नीतिको कार्यान्वयनयोग्यामा कमी आउने अवस्था पनि आउन सक्छ। कुन नीतिको कुन पक्ष उदारवादबाट निर्देशित हुने र कुन समाजवादबाट निर्देशित हुने भन्ने भिन्नता छुट्याउन नसकेमा नीतिको कार्यान्वयनमा समस्या आउँछ वा नीति कार्यान्वयनबाट अनपेक्षित नतीजा आउन सक्छ।

सार्वजनिक नीतिको सन्दर्भ (Policy Context) ले नीति विषयवस्तु (Policy Content) लाई त प्रभाव पार्ने नै भयो। नीति निर्माणको उद्देश्य त नीति विषयवस्तुले नीति सन्दर्भलाई नै प्रभाव पार्ने हुनु पर्दछ। किनकि नीति भनेको समाजमा मूल्यको प्राधिकारिक वितरण (Authoritative Allocation of Values) गर्नु पनि हो।

भौतिक पूर्वाधार, पर्यटकीय पूर्वाधार, गन्तब्य र पर्यटकीय वस्तु तथा सेवाको विकासमा विदेशी लगानीको महत्वको सन्दर्भलाई नेपालले अहिले पनि भुल्नु हुँदैन। यस क्षेत्रमा विदेशी लगानी गर्ने विषयमा संकुचित धारणा राख्नु हुँदैन। नेपालले वरिपरिका प्रतिस्पर्धी देश वा गन्तब्य विकासको अनुभवबाट सिक्नु पर्दछ।

पर्यटनले रोजगारी सिर्जना र गरिबी निवारणमा प्रत्यक्ष योगदान गर्ने सन्दर्भ माथि नै उल्लेख गरिसकिएको छ। त्यसैले अहिले नेपालमा पर्यटन विकासको भौगोलिक क्षेत्रगत स्वरूप हेर्दा यो 'चतुष्कोणीय+१' (Rectangular + 1) को स्वरूपमा छ। अर्थात, काठमाडौं-पोखरा-लुम्बिनी- चितवनले एउटा चतुष्कोण बनाएको र लुक्ला जोड्दा यस्तो स्वरूप देखिन्छ। यस स्वरूपलाई विस्तार गरी वर्दीया, शुक्लाफाँटा, खप्तड, रारा, डोल्पा, स्वर्गद्वारी, मुस्ताङ्, जनकपुर, कोशीटापु, हलेसी र पाथिभरा जस्ता पर्यटकीय गन्तब्यलाई प्राथमिकता निर्धारण गरी क्रमश: पूर्वाधार पहुँच, गन्तब्य विकास तथा पर्यटकीय वस्तु विकासका कार्यक्रम सञ्चालन गर्ने। पर्यटनको विकास हुँदै जाँदा यसले रोजगारी सिर्जना र गरिबी निवारणमा योगदान गर्छ। अर्थात, पर्यटनमा Trickle Down Effect अरू क्षेत्रमा भन्दा बढी हुन्छ।

तसर्थ, पर्यटनको क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न नीतिगत, कानूनी, संस्थागत, प्रकृयागत, मनोवैज्ञानिक क्षेत्रमा देखिएका समस्या समाधान गर्न उच्च प्राथमिकता दिनुपर्छ। समाजवादको संवैधानिक सन्दर्भलाई पर्यटन विकासले स्वत: सम्बोधन गर्ने नीति सन्दर्भ (Policy Context) नीति निर्माण तहले बुझ्नुपर्दछ।

५.१.७ नीति कार्यान्वयन सुनिश्चित गर्न नीति कार्यान्वयन कार्यदल गठन गर्ने

नेपालको समस्या नै नीति बनाए पछि जिम्मेवारी पुरा हुन्छ भन्ने मनोवृत्ति राजनीतिक र प्रशासनिक नेतृत्वमा छ। नीति कार्यान्वयनयोग्य छ कि छैन, नीतिलाई वार्षिक कार्यक्रमले सम्बोधन गर्‍यो कि गरेन भन्ने मतलव गरिंदैन। अत: नीति कार्यान्वयनको समग्र पक्षको अनगमन गर्न नीति कार्यान्यिन कार्यदल गठन गर्ने र आवधिक रूपमा अनुगमन गरी देखिएका समस्या समाधानको लागि उचित सुझाव वा निर्देशन दिने व्यवस्था गर्नुपर्छ।

५.१.८ नीति अनुकूलन गर्ने (**Customization of Policies and Regulation)**

- कतिपय आयोजना वा कार्यक्रमको लागि अनुकूलित नीति (Customize Policy) अवलम्बन गर्नुपर्ने हुन्छ। कुनै विशेष आयोजना वा लगानीको लागि विशेष छुट वा सुविधा दिन सकिन्छ। उदाहरणको लागि कुनै समयमा नेपालमा 'नर्थ फेस कम्पनि'ले कारखाना स्थापना गर्न पूर्व शर्तको रूपमा श्रम ऐनमा लचकता सहितको सुविधाहरू माग गर्‍यो। नेपालले त्यस्तो सुविधा दिने निर्णय गर्न सकेन। बंगलादेशमा नर्थ फेस कम्पनिको लागि प्रचलित श्रम कानुन लागु नहुने, श्रमिकलाई हायर एण्ड फायर गर्न सक्ने गरी लचकदार श्रम नीतिको स्वीकृति दिए पछि अहिले उक्त कम्पनिले बंगलादेशमा कारखाना राखेको छ। हामीले आफ्नो नीति, कानुन र संस्थागत संरचनाको अधीनमा आएको लगानी मात्र स्वीकार गर्छौं। त्यसमा पनि प्रशासनिक झण्झट उच्च हुन्छ। विदेशी लगानीकर्ताले विशेष छूट र सुविधा माग गरेको

अवस्थामा त्यस्तो लगानी मुलुकलाई लाभप्रद छ भने नीतिलाई अनुकूलित (Customize) पनि गर्न सक्नुपर्छ ।

- नेपालमा लगानीको विषयलाई दुर दृष्टिले होइन प्रकृयाले डोहोर्याउँछ, ड्राइभ गर्छ । प्रकृया त चाहिन्छ नै; तर लगानीको लागि प्रतिकूल छ भने त्यसलाई तत्काल सच्याउने तदारूकता देखाउनु पर्दछ ।
- अत: पर्यटन उद्योगसँग सम्बन्धित कुनै विदेशी लगानी आएमा कुनैपनि नीति र कानुन अनुकूलन गर्न सकिने प्रावधान पर्यटन ऐनमा व्यवस्था गरी सम्बोधन गर्नुपर्ने ।

## ५.२ पर्यटन नीतिले सम्बोधन गर्नुपर्ने विशिष्ट मुद्दाहरू (Specific Issues of Tourism Policy)

पर्यटन नीति, २०६५ मा कतिपय कार्यनीतिहरू कार्यान्वयनयोग्य देखिंदैनन् । नीति अलि व्यापक र सामान्य भनाई (General Statement) जस्तो भए पनि कार्यनीति कार्यान्वियनयोग्य हुनुपर्दछ । उक्त नीतिमा उल्लिखित कार्यनीतिहरू मध्ये कुनै सामान्य भनाई जस्ता कार्यान्वयन गर्न नसकिने, केही कार्ययोजना बनाउन नसकिने किसिमका र कुनैलाई चाहिने भन्दा बढी महत्व दिएको पनि देखिन्छ । जस्तो: स्वास्थ्य, शिक्षा र खेलकुद पर्यटनको क्षेत्रमा आधारभूत पूर्वाधार विकास नहुँदै नीतिमा बढी महत्व दिइएको देखिन्छ । विशेष कार्ययोजना सहित बढी महत्व दिनुपर्ने हवाई पूर्वाधार, अन्तर्देशीय सडक सञ्जाल, देश भित्रको सडक पूर्वाधार विकास, गन्तब्य विकास, पर्यटकीय वस्तु विकास जस्ता पर्यटन विकासका आधारभूत विषयमा स्वदेशी तथा विदेशी निजी क्षेत्रको लगानी प्रवर्द्धन तथा राष्ट्रिय ध्वजाबाहकको क्षमता वृद्धि गर्ने सन्दर्भमा नीतिगत तथा निकायगत समन्वयमा यथेष्ट स्थान दिइएको छैन । पर्यटनलाई समावेसी बनाउने, लाभ वितरण सबै वर्ग र क्षेत्रमा गर्ने, ग्रामीण पर्यटनको विकास गर्ने जस्ता विषय समावेस गरिएको भएपनि ती कार्यान्विन हुने उपायका सम्बन्धमा कार्यनीतिमा स्पष्टता देखिंदैन । कार्यनीतिमा लेख्दैमा कार्यन्वयन हुँदैनन् ।

पर्यटन नीतिका निम्न पाँच उद्देश्यहरू हुन सक्छन्:

क (ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गर्दै प्रतिस्पर्धी अन्तर्राष्ट्रिय हवाई भाडा; सुलभ, सुरक्षित, शीघ्र, आरामदायी, भरपर्दो र नियमित हवाई तथा स्थल यातायातको माध्यमबाट) नेपाललाई आकर्षक, रमणीय, सुरक्षित र गुणस्तरीय पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गरी प्रवर्द्धन गर्ने ।

ख (ग्रामीण, समुदायमा आधारित र समावेसी पर्यटन विकास मार्फत रोजगारी सृजना एवं पर्यटनको लाभ स्थानीय जनतामा वितरण हुने अवस्था सृजना गरी गरिबी निवारण गर्दै पर्यटनको क्षेत्रगत विविधीकरण

तथा आन्तरिक पर्यटन विकासको माध्यमबाट) पर्यकटीय आय उच्च गरी अर्थतन्त्रमा यस क्षेत्रको योगदान बढाउने ।

ग (पर्यटकीय पूर्वाधार विकासको क्रममा प्राकृतिक श्रोत साधनको दीगो उपयोग एवम् वातावरणीय संरक्षण, सरसफाइ, प्रदुषण नियन्त्रण तथा पर्या-पर्यटन जस्ता) दीगो पर्यटन विकासका अवधारणा कार्यान्वयन मार्फत दीगो विकास लक्ष हासिल गर्न योगदान गर्ने;

घ (सूचना प्रविधिको प्रयोग, दक्ष मानव संसाधन विकास, संस्थागत सुधार, नीतिगत समन्वय र सुधार, अन्तरसरकारी तथा अन्तरनिकाय समन्वय सुदृढ गरी) पर्यटन क्षेत्रको आपूर्ति अवरोध (Supply Side Constraints) मा कमी ल्याई पर्यटकीय अवसर विस्तार गर्ने;

ङ (महामारीबाट पर्यटनमा सृजित प्रतिकूल परिस्थितिको व्यवस्थापन, असर न्यूनीकरण तथा प्रोत्साहन प्रदान गरी) संकट व्यवस्थापन गर्दै पुनर्उत्थानलाई गति दिई पर्यटन क्षेत्रलाई भविष्यमा प्रतिकूल परिस्थितिमा अनुकूलन हुन सक्ने तथा सहजै उठ्न सक्ने (Resilient Building) बनाउने ।

उपर्युक्त उद्देश्यहरू प्राप्त गर्न देहायका नीतिहरू आवश्यक देखिन्छ: -

५.२.१ अन्तर्राष्ट्रिय हवाई सम्पर्क विस्तार

नेपाल हवाई भाडाको दृष्टिले महंगो गन्तब्य हो। एक मात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता नै पर्याप्त छैन। भौगोलिक अवस्थितिले गर्दा धेरै ठूला जहाज अवतरण र उडान भर्न सक्दैनन्। त्यसैले नेपालको पर्यटन विकासको सबैभन्दा ठूलो अवरोध अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता हुन गएको छ। पर्यटन नीतिको उच्च प्राथमिकता दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण हुनुपर्छ ।

नीति: नेपालसँगको अन्तर्राष्ट्रिय हवाई सेवा सञ्जाल विस्तार गरी प्रतिस्पर्धी अन्तर्राष्ट्रिय हवाई भाडा; सुलभ, सुरक्षित, भरपर्दो र नियमित घरेलु हवाई यातायातको विकास गर्ने ।

कार्यनीतिहरू:

- दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धमा राज्यका निकाय तथा जनमानसमा सहि सूचनाको अभावमा देखिएका अस्पष्टता तथा अन्योललाई सहि सूचना प्रवाहको माध्यमबाट निराकरण गरी निर्माण प्रकृयालाई तिब्रता दिन अनुकूल वातावरण निर्माण गर्ने ।
- दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा राष्ट्रिय हीत अनुकूलका संभाव्य सबै निर्माण ढाँचाहरूको अवलम्बन गर्न विकल्पहरू खुला राख्ने ।

- नेपालका प्रमुख पाँच पर्यटकीय गन्तव्य पहिचान गरी राजधानी तथा अन्तर्राष्ट्रिय विमानस्थल रहेका स्थान देखि उक्त गन्तव्यसम्मको हवाई यातायात व्यवस्थालाई अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय, सुरक्षित, नियमित र सुविधायुक्त बनाउन सरकार आफै, वा स्वदेशी वा विदेशीसँगको सार्वजनिक निजी साझेदारीको पद्धतिमा हवाई पूर्वाधार विकासमा लगानी गर्ने ।
- निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका सम्बन्धमा देखिएका विवाद र अस्पष्टताको सम्बन्धमा सरकारले निरन्तर रूपमा सूचनाहरू संप्रेषण गर्ने तथा यसको कार्यन्वयन ढाँचाको विषयमा प्रमुख राजनीतिक दलहरू बीचमा सहमति कायम गर्न निरन्तर संवाद गर्न अग्रसरता लिने ।
- चालु सबै आन्तरिक विमानस्थलहरूको पूर्वाधार, जनशक्ति, उपकरण तथा सुरक्षा प्रणालीमा सुधार गर्ने ।
- पोखरा र भैरहवा विमानस्थलको निर्माण पश्चात सञ्चालनको काम नेपाल नागरिक उड्डयन प्राधिकरणबाट दक्षता र प्रभावकारी रूपमा सञ्चालन हुन नसक्ने हुनाले सक्षम कम्पनिलाई व्यवस्थापन करारमा दिनु पर्ने ।

५.२.२ राष्ट्रिय ध्वजाबाहकको क्षमता विस्तार तथा व्यवस्थापन सुधार

विश्वमा एयरलाइन्सको औषत नाफा ७ प्रतिशत मात्र छ । थाई एयरवेज अहिले घाटामा छ; तर यसले पर्यटनमा खेलेको भूमिका अहम् भएकोले घाटा सहेर पनि सञ्चालित छ । राष्ट्रिय ध्वजाबाहकको क्षमता विस्तार नगरी नेपालको प्रचुर पर्यटकीय संभावनाको उपयोग गर्न सकिंदैन । अत: नेपाल वायु सेवा निगमले जहाज थप्दै जाने र व्यवस्थापन सुधारको काम संग संगै लिएर जानुपर्ने हुन्छ । व्यवस्थापन सुधारको लागि नेपालसँग स्वार्थको द्वन्द्व नभएको प्रतिष्ठित विदेशी एयरलाइन्सलाई व्यवस्थापन करारमा दिई अन्य एयरलाइन्ससँग कोड शेयर.... लगायतका सञ्जाल निर्माण तथा बजार प्रवर्द्धनका उपायहरू अवलम्बन गर्ने

नीति: अन्तर्राष्ट्रिय तथा घरेलु हवाई सेवाको विकास र विस्तार गर्न राष्ट्रिय ध्वजाबाहकको क्षमता विस्तार गर्ने:

- नेपाल वायुसेवा निगमको कानुनी हैसियतमा सुधार गर्न लिमिटेड कम्पनिमा परिणत गरी रणनीतिक साझेदार भित्र्याउने ।
- नेपाल वायुसेवा निगमको व्यवस्थापन सुधार गर्न सक्षम तथा विश्वासिलो विदेशी एयरलाइन्सलाई निश्चित अवधिको लागि निगमको व्यवस्थापन करारमा दिने ।
- नेपाल वायुसेवा निगमको व्यवस्थापन सुधारसंगै प्रत्येक वर्ष निश्चित संख्यामा अन्तर्राष्ट्रिय तथा घरेलु उडानको लागि जहाजहरू थप्दै जाने ।
- नेपाल वायु सेवा निगमको विद्यमान आर्थिक विनियमावलीमा परिमार्जन गरी कुनैपनि एउटै निर्माता कम्पनिबाट सिधै प्रस्ताव लिई जहाज खरीद गर्न सक्ने व्यवस्था गर्ने ।

- नेपाल वायुसेवा निगमको महाप्रवन्धक स्वतन्त्र, निष्पक्ष र योग्यता प्रणालीमा आधारित भइ खुला प्रतिस्पर्धात्मक पद्धतिबाट नियुक्ति गर्ने कानुनी व्यवस्था गर्ने ।
- नेपाल वायुसेवा निगमको व्यवस्थापन, इञ्जिनियरिङ् र बजार लगायत समग्र क्षेत्रमा सुधारका कार्यक्रम लागु गर्ने ।
- क्षेत्रीय विमानस्थलहरू: पोखरा, विराटनगरबाट दुर्गम क्षेत्रका विमानस्थलहरूमा सिधै उडान गर्न सक्ने व्यवस्था गर्ने ।
- विदेशी पर्यटकलाई आन्तरिक उडानमा लाग्दै आएको फरक हवाई भाडा दरमा पुनरावलोकन गर्ने । फरक गर्नु पर्ने उचित कारणका लागि 'विकास सहयोग शुल्क' नामबाट लिनु उपयुक्त हुने ।
- विमानस्थलमा भिसा प्रकृयालाई थप सरलीकरण गर्ने ।

५.२.३ सडक तथा रेल यातायातको विकास र विस्तार

विश्वको एक तिहाई जनसंख्या नेपालको वरिपरि छ । कोभिडको महामारी नआएको भए सन् २०२० मा चीनबाट करीब २० करोड र भारतबाट करीब ५ करोड मानिस पर्यटकको रूपमा विदेश निस्कने थिए । त्यसमध्ये एक प्रतिशत मात्रै नेपाल ल्याउन सकियो भने २५ लाख पर्यटक त छिमेकी मुलुकबाट मात्र पुग्छ । भारतका ठूलो जनसंख्या भएका शहरहरू नेपालको सीमानाबाट ३-४ घण्टा ड्राइभिङ् दुरीमा छन् । तसर्थ भारत र चीनसँगको द्विदेशीय स्थल यातायात (सडक र रेल) मा गरिने लगानीको प्रतिफल कम हुने भन्ने हुँदैन । यस्ता आयोजनामा लगानी गर्न सरकारले वैदेशिक ऋृण सहायता परिचालन गर्न डराउनु हुँदैन । नेपाल- भारत अन्तर्देशीय आधुनिक द्रुत सडक मार्गहरू निर्माण हुने सकेमा मात्र पनि पर्यटकको संख्या ह्वात्तै बढाउन सकिन्छ । यस क्षेत्रको विकासमा सार्वजनिक-निजी साझेदारी ढाँचामा जान  अवरोध के छन्, वा त्यस्तो ढाँचा वास्तवमै संभाव्य हो कि होइन भन्ने विषय निर्क्योल हुन सकेको छैन । यो पर्यटन नीतिले सम्बोधन गर्ने नभई राष्ट्रिय यातायात नीतिले वा सार्वजनिक निजी साझेदारी नीति र कानुनले सम्बोधन गर्ने विषय हो । त्यसैले यो विषयमा पर्यटन नीति, राष्ट्रिय यातायात नीति तथा सार्वजनिक-निजी साझेदारी नीति बीच संगति हुनुपर्छ । अर्थात, अन्तरनीति अन्तर (Inter-Policies Gap) हटाउनु जरूरी छ ।

नीति: शीघ्र, सुरक्षित, आरामदायी, गुणस्तरीय र नियमित पर्यटकीय आवागमनका लागि अन्तरदेशीय तथा आन्तरिक सडक सञ्जालको सुदृढीकरण, एवं अन्दर्देशीय र आन्तरिक रेल यातायात प्रणालीको विकास गर्न राष्ट्रिय यातायात नीतिलाई पर्यटन विशिष्टीकृत (Tourism Specific) गर्न अन्तरनिकाय समन्वय गर्ने ।

कार्यनीतिहरू:

- राजधानी तथा अन्तर्राष्ट्रिय विमानस्थल रहेका स्थान देखि सडक संभावना भएका प्रमुख पर्यटकीय गन्तव्यसम्म अन्तर्राष्ट्रियस्तरका कम्तीमा चार लेनका द्रुत मार्ग निर्माण गर्न राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न अन्तरनीतिगत तथा अन्तरमन्त्रालय समन्वय गर्ने। त्यस्ता आयोजनाहरूमा: काठमाडौं-पोखरा, काठमाडौं-चितवन, पोखरा-चितवन, पोखरा-भैरहवा, चितवन-भैरहवा, वर्दीया-शुक्लाफाँटा, शुक्लाफाँटा-डोटी, वर्दीया-रारा, पोखरा-जोमसोङ, र झापा-ताप्लेजुङ् हुनसक्छन्। यी द्रुत मार्ग निर्माणमा वैदेशिक ऋृण परिचालन गर्न नहिच्किचाउने। नेपालको आयोजना कार्यान्वियन तथा करार व्यवस्थापन कमजोर रहेकोले यस्ता आयोजना 'टर्न की' पद्धतिमा पनि निर्माण गर्न सकिने।
- पर्यटन उद्योगलाई सहजीकरण गर्ने ठूला भौतिक पूर्वाधार, पर्यटकीय पूर्वाधार तथा गन्तव्य विकासमा सार्वजनिक क्षेत्रको लगानीको अपर्याप्तलाई पूरा गर्न निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (BOOT) पद्धतिबाट स्वदेशी तथा विदेशी निजी लगानी आकर्षित गर्ने सम्बन्धमा वर्तमानमा देखिएका नीतिगत, कानुनी, प्रकृयागत तथा व्यवहारिक समस्या तथा जटीलताहरूको पहिचान र सुधार गरी लगानीको वातावरण निर्माण गर्न अन्तरनीति समन्वय गर्ने। कतिपय पर्यटन केन्द्रीत सडकहरू त सार्वजनिक-निजी साझेदारीको ढाँचामा निर्माण गर्दा पनि हुने थियो। उदाहरणको लागि सुर्खेत-मुगु सडक वा पोखरा-जोमसोम सडक आधुनिक चार लेन (दुई तिर दुई-दुई लेन) को BOOT Model मा Viability Gap Funding गरेर पनि बनाउन सके भारतीय पर्यटकको ओइरो लगाउन सकिन्थ्यो होला। सडक सुरक्षित र यात्रा आरामदायी हुँदा पर्यटक नआउने भन्ने नै हुँदैन। सरकारले आफूले पनि बनाउन नसक्ने निजी क्षेत्रलाई पनि अनेक वाहना गरेर नदिने वा दिएमा पनि विरोधै मात्रै गर्ने प्रवृत्ति हाम्रोमा छ।
- चीन र भारतसँगको अन्तरदेशीय सडक सञ्जाललाई सुधार गरी अन्तर्राष्ट्रिय स्तरको बनाउन तथा रेलवे निर्माण गर्ने सम्बन्धमा भएका सहमतिलाई शिघ्र कार्यान्वयन गर्ने प्रकृयामा देखिएका समस्या पहिचान गरी सहायता परिचालन लगायत समस्या समाधानका लागि निरन्तर कुटनीतिक वार्ता तथा संझौता गर्न अन्तरमन्त्रालय समन्वय गर्ने।
- राष्ट्रिय सडक सञ्जालको योजना विकासका लागि क्षेत्रगत वृहत् समन्वय गर्ने।
- पर्यटक वसलाई थप आरामदायी र सुविधायुक्त बनाउन गुणस्तरको अनुगमन गरी प्रभावकारीस्तरमा पुरस्कृत गर्ने।
- देशभरको लागि मान्यता प्राप्त एउटै पर्यटकीय चिन्ह (लोगो) को निर्माण गर्ने। यसका लागि पर्यटकीय चिन्ह निर्देशिका तयार गर्ने।

५.२.४ संस्थागत विकास, सुदृढीकरण तथा संयन्त्रको प्रभवाकारीता अभिवृद्धि

- श्रीलङ्कामा पर्यटन विकासमा संलग्न तीन वटा प्राधिकरण छन: - (१) गन्तब्य विकास प्राधिकरण (Destination Development Authority) (२) पर्यटन प्रवर्द्धन प्राधिकरण (Tourism Promotion Authority) र (३) माइस पर्यटन प्राधिकरण (MICE Torism Authority)। नेपालले श्रीलङ्काको संस्थागत ढाँचा अनुसरण गर्नुपर्छ भन्ने छैन। तर नेपालमा गन्तब्य विकासमा सरकार, निजी क्षेत्र र सामुदायिक क्षेत्रको समन्वयात्मक प्रयासमा गन्तब्य विकास गर्ने विशिष्टीकृत संस्थाको अभाव भएको अनुभूति हुन्छ। पर्यटन विभागसंग त्यस्तो विशेषज्ञता नहुने र नियमन तथा सेवा प्रवाहको काम समेत गर्ने हुनाले विशिष्टीकृत संस्थाको रूपमा गन्तब्य विकास प्राधिकरणको गठन गर्न आवश्यक देखिन्छ। यस्तो प्राधिकरणले गन्तब्य अनुसारका गुरू योजना निर्माण गर्ने र सो को कार्यान्वियन गर्नेछ।
- विद्यमान राष्ट्रिय पर्यटन परिषद र पर्यटन विकास समन्वय समितिको स्पष्ट कार्य विवरण सहित पुनर्संरचना गर्ने। यी संयन्त्रको बैठक निश्चित समयमा बस्नुपर्ने गरी कानुनमा व्यवस्था गर्ने। परिषदमा सातै प्रदेशका मुख्य मन्त्री; प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री; नेपाल उद्योग परिसंघको अध्यक्ष; नेपाल हस्तकला महासंघ; महिला उद्यमी महासंघ; गैर-आवासीय नेपाली संघको अध्यक्ष; पर्यटन वोर्डको कार्यकारी अधिकृत, नेपाल पर्यटन वोर्डमा निजी क्षेत्रबाट प्रतिनिधित्व गर्ने सदस्यहरूलाई समावेस गर्ने।
- पर्यटन विकास समन्वय समितिको विद्यमान संरचनामा प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीहरू, र नेपाल पर्यटन वोर्डको कार्यकारी प्रमुखलाई समावेस गर्ने।
- नेपाल पर्यटन वोर्डमा निजी क्षेत्रको प्रतिनिधित्वलाई थप गरिमामय बनाउने। पर्यटन व्यवसायका लब्ध प्रतिष्ठित व्यक्तित्वले प्रतिनिधित्व हुने गरी मापदण्ड बनाउने। सरकारले पनि त्यस्ता व्यक्तित्वहरू प्रतिनिधित्व हुने गरी संस्थागत वातावरण र व्यवहारमा परिमार्जन गर्ने।
- पर्यटन मन्त्रालय अन्तर्गतका सार्वजनिक संस्थानका कार्यकारीको नियुक्ति मापदण्ड बनाई खुला प्रतिस्पर्धात्मक पद्धतिबाट गर्ने व्यवस्था गर्ने।

५.२.५ गन्तव्य विकास र सञ्चालन

- कुनैपनि गन्तब्य विकासका लागि ६ वटा विषय '6As' (Availability of Packages, Accessibility, Attractions, Amenities, Activities, Anciliary Services) महत्वपूर्ण हुन्छन्। यिनीहरू मध्ये Accessibility, Amenities र Anciliary Services उपलब्ध गराउन सरकारको भूमिका हुन्छ। तर यी सुविधाहरू पनि सरकार एक्लैले प्रदान गर्न नसक्ने अवस्थामा निजी तथा सामुदायिक क्षेत्रसँग साझेदारी गर्नुपर्ने हुन्छ। Attractions त्यहाँको प्रकति (Nature), संस्कृति (Culture) र मानिस (People) ले उपलब्ध गराएको हुन्छ, त्यसको संरक्षण र दीगो उपयोगको

आवश्यकता भने रहन्छ । कुनै गन्तव्यको Attraction मानव निर्मित पनि हुनसक्छ । Availability of Packages र Activities उपलब्ध गराउने काम भने पूर्णत: निजी तथा सामुदायिक क्षेत्रको हुन्छ ।

- नेपालमा पर्यटकीय गन्तव्य विकासका लागि आवश्यक Accessibility, Amenities र Anciliary Services उपलब्ध गराउने सन्दर्भमा निजी क्षेत्रको लगानी वा सार्वजनिक-निजी साझेदारी ढाँचाको पर्याप्त उपयोग गर्नुपर्नेछ, जुन हुन सकेको छैन ।
- सबैभन्दा बढी पर्यटक भित्र्याउने फ्रान्सको प्रतिष्ठित पर्यटकीय वस्तुहरू (Iconic Products) आइफेल टावर र लुभ्र संग्राहलय; तथा प्रतिष्ठित गन्तब्य (Iconic Destination) पेरिस हो । नेपालमा पर्यटन विकासका प्रयास त्यस्ता प्रतिष्ठित गन्तब्य र वस्तुको पहिचान गरी सघन विकासमा केन्द्रीत हुनुपर्ने हुन्छ ।
- प्रत्येक प्रदेशमा कम्तीमा एउटा गन्तब्य पर्ने गरी गन्तब्य छनोट गर्नु पर्ने देखिन्छ ।
- प्रतिष्ठित गन्तब्य वा वस्तु (Iconic Destination or Product) तथा उच्च पर्यटकीय संभावनाका गन्तव्यहरूमा निजी क्षेत्रको लगानी प्रोत्साहन गर्ने । संभाव्य गन्तव्य क्षेत्रमा जग्गाको मूल्य उच्च हुँदा निजी क्षेत्रले होटल स्थापना, पर्यटकीय सुविधा विस्तार तथा अन्य पर्यटकीय वस्तु विकास गर्न निरूत्साहित हुने अवस्था रहेकोले सरकाले त्यस्ता क्षेत्रको केही जग्गा अधिग्रहण गरी निजी क्षेत्रलाई दीर्घकालीन लिजमा दिने । सरकारले अधिग्रहण गरेको जग्गाको वरिपरिको जग्गा ल्याण्ड पुलिङ् गरी सार्वजनिक पूर्वाधार निर्माण गर्ने तथा जग्ग अधिग्रहणमा परेका मानिसहरूलाई ल्याण्ड पुलिङ्बाट बचेको जग्गा उपलब्ध गराई स्थानीय जनताको उठीबास हुन नदिइ गन्तब्य विकास र त्यसबाट स्थानीय जनता लाभान्वित हुने अवस्था सिर्जना गर्ने ।
- माल्दिभ्सले कतिपय आइल्याण्डलाई पर्यटकीय गन्तब्य र वस्तुको रूपमा विकास गर्न निजी क्षेत्रलाई भाडामा दिएको छ। मलेशियाले पनि प्रमुख पर्यटकीय गन्तब्य गेन्टिङ् हाइल्याण्ड निजी क्षेत्रलाई दिएको छ। सरकारले सबै आफै गर्नुपर्छ तथा 'निजी क्षेत्रले सार्वजनिक सम्पत्ति लुट्छन्' भन्ने साँघुरो सोंचबाट हाम्रो राजनीति, प्रशासन र समाज ग्रस्त छ। तर यस्तो नीति अवलम्बन गर्दा अन्तर्दलीय सहमति निर्माण गर्न पर्याप्त छलफल जरूरी हुन्छ। यस्ता ठूला आयोजनाको सन्दर्भमा सरकारले सबै राजनीतिक दलहरूसँग सघन छलफल गरी सहि सूचना सार्वजनिक गर्ने प्रचलन स्थापित गर्नु पर्दछ। नेपालले पनि कतिपय त्यस्ता गन्तव्यहरू प्रतिस्पर्धाको माध्यमबाट निजी क्षेत्रलाई विकास र सञ्चालन गर्न दिन सक्छ। उदाहरणको लागि खप्तड वा त्यस्तै अन्य गन्तब्यलाई अहिलेसम्म पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सकिएको छैन; सरकारलेसबै गन्तव्यको विकास गर्न संभव पनि छैन। दिपायलसम्मको अत्याधुनिक सडक पूर्वाधार सहित जैविक विविधता तथा प्राकृतिक प्रणालीमा

तात्विक असर नगर्ने गरी संरक्षण एवं दीगो उपयोगको अवधारणामा आधारित भई पर्यटकीय वस्तुको विकास गर्ने गरी सरकारले स्वदेशी वा विदेशी निजी लगानीकर्ताबाट प्रस्ताव आह्वान गरी खण्ड क्षेत्रलाई निजी क्षेत्रलाई विकास र सञ्चालन गर्न दिए उच्चस्तरीय पर्यटक (High End Tourists) आकर्षित गर्न सकिन्थ्यो होला त्यस्तै, शुरूका वर्ष केही मात्रमा Viability Gap Funding (VGF) गरेर भएपनि BOOT Model मा पोखरा-जोमसोम सडकलाई चार लेन (दुई तिर दुई-दुई लेन) को द्रुत मार्ग बनाउन सकिन्छ। १५५ किलोमिटरको उक्त सडक प्रतिघण्टा ६० कि.मीको गतिमा यातायात चल्ने अवस्था भएमा पनि २ घण्टा ३५ मिनेटमा पोखराबाट जोमसोम पुग्न सकिन्छ। यस्तो सुविधा भएमा पोखरा आउने पर्यटकलाई जोमसोम लैजान सकिने, पर्यटकको खर्च र बसाई अवधि दुवै बढाउन सकिने हुन्छ।

- निजी क्षेत्रलाई गन्तव्य विकास तथा सञ्चालन गर्न प्रतिस्पर्धात्मक आधारमा दिने सम्बन्धी ऐनको तर्जुमा गर्ने। किनकि यो विषयलाई सार्वजनिक खरीद ऐन तथा सार्वजनिक निजी साझेदारी ऐनले सम्बोधन नगर्ने हुनाले छुट्टै ऐनको आवश्यकता पर्दछ।
- ठूला पर्यटकीय पूर्वाधार तथा वस्तु विकासमा निजी क्षेत्रलाई आकर्षित गर्न सकिएन। औद्योगिक व्यवसाय ऐन अनुसार दुर्गम क्षेत्रमा दिइएको कर छूटको सुविधाले स्वदेशी तथा विदेशी निजी क्षेत्रलाई आकर्षित गर्न सकेन। फन पार्क, मनोरञ्जन क्षेत्र, क्यासिनो क्षेत्र, हील स्टेशन जस्ता पर्यटकीय वस्तुहरूको विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न सरकारले जग्गा उपलब्ध गराउने, कर छूटहरू दिने नीति लिने।
- नेपालको पश्चिमी क्षेत्रका हिमालहरू आरोहणका लागि खुला गर्ने; प्रारंभिक चरणमा विना रोयल्टी आरोहण गर्न अनुमति दिने वा न्यूनतम रोयल्टी लिई खुला गर्ने।
- विदेशी पर्यटकको लागि नकारात्मक सूचीमा परेका क्षेत्रहरू (जस्तो डोल्पा) मा लिंइदै आएको प्रवेश शुल्क हटाई उक्त क्षेत्रलाई खुला गर्ने। त्यस्ता क्षेत्रमा स्थानीय सरकारले पर्यटकको निगरानी गर्ने व्यवस्था गर्ने।
- पर्यटकीय पूर्वाधार तथा अन्य पूर्वाधार निर्माणमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न सरकारले औचित्य र आवश्यकता हेरी 'स्वयंसामर्थ्यता अन्तर पूर्ति' (Viability Gap Funding) नीति लिने।
- नेपालमा कैयौं आकर्षक गन्तव्यको एकीकृत अवधारणामा विकास गर्नुपर्ने आवश्यकता छ। यसको लागि विशिष्टीकृत संस्थाको रूपमा गन्तव्य विकास प्रधिकरण गठन गर्नुपर्ने देखिन्छ।

### ५.२.६ पर्यटकीय वस्तु विकास

- क्यासिनो नेपालको पर्यटनको अभिन्न अङ्ग हो र रोजागारी सिर्जनामा यसको महत्वपूर्ण भूमिका हुन्छ।

पहिले नेपाल दक्षिण एशियाको प्रमुख क्यासिनो गन्तब्यको रूपमा स्थापित थियो। अहिले दक्षिण एशियाका अन्य मुलुकहरूले पनि क्यासिनोलाई पर्यटकीय वस्तुको रूपमा विकास गर्दै लगेका छन्। अहिले कतिपय सम्पन्न नेपालीहरू क्यासिनो खेल्न विदेश जाने गरेको पाइन्छ। निश्चित रकम भन्दा बढी कर तिर्ने नेपालीलाई पनि नेपालमै क्यासिनो जान अनुमति दिने व्यवस्था गर्न सकिन्छ। राजस्व नतिर्ने, तर शक्तिमा रहनेले क्यासिनोबाट अनुचित आर्थिक लाभ लिने गरेको भन्ने सन्दर्भले क्यासिनोलाई वदनाम व्यवसायको रूपमा बुझ्ने गरिन्छ। नेपालमा क्यासिनो व्यवसायका समस्याको गहिरो अध्ययन गरी यस व्यवसायको पुनर्स्थापना र विकासमा इमान्दार प्रयास गरिनु पर्दछ।

- चितवन राष्ट्रिय निकुञ्ज भित्र 'टाइगर टप्स्' जस्ता होटल/रिसोर्ट सञ्चालित हुँदा बढी खर्च गर्ने पर्यटक आकर्षित गर्ने माध्यम बनेको थियो। पर्या-पर्यटन, राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रको संरक्षण तथा दीगो उपयोग गर्ने नीति लिनु गलत नहुनु पर्ने हो। त्यस्ता रिसोर्टले कुनै गैर-कानूनी काम गर्न नपाउने गरी प्रभावकारी अनुगमनको व्यवस्था गरी 'निच प्रडक्ट'को रूपमा विकास गर्ने नीति लिनुपर्ने।
- राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रहरूमा संरक्षणको उद्देश्यमा बाधा नपर्ने गरी दीगो उपयोगको अवधारणामा आधारित भएर विकास र सञ्चालन गर्न सकिने पर्यटकीय वस्तुको संभावनको सम्बन्धमा अन्य मुलुकहरूको अनुभवको आधारमा समेत अन्तर्राष्ट्रियस्तरको विशेषज्ञबाट अध्ययन गराउने।
- राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रहरूमा दीगो उपयोगमा आधारित पर्यटकीय वस्तु विकासमा निजी क्षेत्रलाई संलग्नता गराउने विषयलाई पर्यटन नीतिले सम्बोधन गर्नुपर्ने तथा सो सम्बन्धी कानुनी व्यवस्था गर्ने।
- नेपालमा Aviation Sports: हट एअर वेलुन, प्याराग्लाइडिङ् आदिको संभावना राम्रो रहेकोले यस क्षेत्रलाई आर्थिक ऐन मार्फत कर छूट लगायतका अन्य सुविधा प्रदान गरी प्रोत्साहित गर्ने।

५.२.७ पर्यटन प्रवर्द्धन

- यद्यपि नेपालमा भौतिक पूर्वाधारको गुणस्तर कमजोर छ; विद्यमान पूर्वाधारले ३० देखि ३५ लाख पर्यटक धान्न सक्छ भन्ने अनुमान गरिन्छ। बजार प्रवर्द्धनका लागि उपयुक्त ब्राण्डिङ्, बजारीकरणका रणनीति, परिवर्तित सन्दर्भ अनुसारको उपयुक्त प्रवर्द्धन पद्धति अवलम्बन गर्न नसक्दा अहिले कै संभावनाको पनि पूर्ण उपयोग हुन सकेको छैन।
- बजार अनुसन्धानको कार्यमा निरन्तरता दिने। श्रोत बजारको वर्गीकरण (Market Segmenatation) का आधारहरू (पर्यटक संख्या, खर्च, बसाई अवधि, भ्रमणको उद्देश्य, हवाई सुगमता, किसिम, रूची आदि) पहिचान गरी बजार वर्गीकरण गर्ने। यसरी वर्गीकरण गर्दा मूलत: ५ किसिमका वर्गमा पर्यटकहरूलाई वर्गीकरण गर्न सकिन्छ: (१) तीर्थयात्री: श्रीलङ्का, थाइल्याण्ड, भारत र दक्षिण पूर्वी एशिया; संख्या बढाउन सकिने। (२) मनोरञ्जनका लागि आउने पर्यटक: परंपरागत बजार, भारत र

चीन; यी पर्यटकहरूको संख्या बढाउन सकिन्छ; खर्च मध्यमस्तरमा बढाउन सकिन्छ। (३) साहसिक खेलका लागि आउने पर्यटक: यो वर्गका पर्यटकको संख्या र खर्च बढाउने संभावना मध्यमस्तरको हुन्छ। (४) विशेष रूची भएका पर्यटक: परंपरागत बजार; अति साहसिक खेल; खर्च बढाउन सकिने। (४) सभा-सम्मेलनका लागि आउने पर्यटक: यी पर्यटकहरू बढी खर्च गर्ने हुनाले खर्च बढाउने संभावना रहन्छ।

- वर्गीकृत बजारको लागि विशिष्टीकृत बजार प्रवर्द्धन रणनीति अवलम्बन गरी प्रभावकारी माध्यमद्वार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने। भारत र चीनको बजार लक्षित गरी ब्राण्डको सशक्तिकरण तथा ब्राण्ड चेतना विस्तार गर्नका लागि एकीकृत प्रवर्द्धन योजना तर्जुमा गर्ने, बजारीकरणको लगानी बढाउने, बजार प्रतिनिधि नियुक्त गर्ने।
- वर्गीकृत बजारको विशिष्टीकृत माग अनुरूप पर्यटकीय वस्तु वा सेवाको विकास गरी बजारीकरण गर्ने। बजारको वर्गीकरण र स्वभाव अनुसार ATL (Above The Line), BTL (Below The Line) TTL (Through The Line) माध्यमबाट बजारीकरण गर्ने।
- विद्युतीय बजारीकरण (Digital Marketing) लाई व्यापक रूपमा प्रयोग गर्ने।
- नेपालका परंपरागत श्रोत बजारमा लगातार बढिरहेको नेपालको स्थानलाई सुनिश्चित गर्दै पदयात्रा र पर्वतारोहणको गुणात्मक वृद्धि गरी बढी पर्यटक भित्र्याउने तथा पुन:आगमनको वातावरण सुनिश्चित गर्ने।
- नेपालको पर्यटकीय ब्राण्डमा निरन्तरता भएन। संस्कृति, प्रकृति र जंगली जीवन समेत झल्किने गरी ब्राण्ड निर्माण गर्नु उपयुक्त हुने।
- प्रदेशले छुट्टा-छुट्ट ब्राण्ड बनाउने। गन्तब्य अनुसारका पनि ब्राण्ड बनाउन सकिन्छ। तर ब्राण्डिङ्सँग गन्तव्य तथा वस्तु विकास, गुणस्तरीय सेवा र सुविधाको उपलब्धता मिल्नु पर्ने हुन्छ।
- आम पर्यटन बजार (Mass Tourism Market) र निच मार्केट (Niche Tourism Market) गरी श्रोत बजारलाई वर्गीकृत गरी फरक फरक बजार प्रवर्द्धन रणनीति अपनाउने।
- भारतमा हिन्दु धर्मावलम्बीको संख्या १ अर्ब भन्दा बढी छ। चीनमा बुद्धिष्ट जनसंख्या झण्डै २५ करोड छ। धेरैजसो दक्षिण पूर्वी एशियाली राष्ट्रहरूमा बुद्धिष्ट जनसंख्या उच्च छ। त्यसैले नेपालले धार्मिक पर्यटन प्रवर्द्धन गर्ने विशिष्ट प्रकारको बजारीकरणको रणनीति लिनु पर्दछ। धार्मिक पर्यटकलाई अन्य पर्यटकीय गतिविधिसँग जोड्ने नीति लिने।
- कोभिड महामारीबाट पर्यटन क्षेत्रलाई पुनर्उत्थान गर्न सार्वजनिक तथा निजी क्षेत्रमा हप्तामा दुई दिन विदा दिइ आन्तरिक पर्यटक प्रवर्द्धन गर्ने। आन्तरिक पर्यटन सम्बन्धी छुट्टै रणनीति तर्जुमा गर्न जरूरी छ।

- विदेशी लगानी भित्र्याउन तथा पर्यटन प्रवर्द्धन गर्नका लागि विदेश स्थित नेपाली दुतावासको कार्य लक्ष तोकी राजदूतहरूसँग कार्यसम्पादन करार गर्ने; गैर-आवासीय नेपाली तथा विदेश स्थित नेपाली समुदाय (Nepali Diaspora) लाई यस क्षेत्रमा परिचालन गर्ने नीति लिने ।
- गौतम वुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण पश्चात स्लट विक्रीको संभावित अवस्था हेरी सबै स्लट विक्री हुने अवस्था नभएमा नेपाल नागरिक उड्डयन प्राधिकरणले अहिले देखि नै बिक्रीको उपयुक्त रणनीति अवलम्बन गर्ने । त्यस्तो अवस्थामा पर्यटन मेलामा भाग लिइ विक्री प्रवर्द्धन गर्ने ।
- नेपाल पर्यटन वोर्डलाई पर्यटन प्रवर्द्धनको जिम्मेवारी मात्र दिने; कार्यकारी अधिकृतको नियुक्ति योग्यतामा आधारित तथा निष्पक्ष रूपमा गर्ने ।

५.२.८ मानव श्रोत विकास

- पर्यटन क्षेत्रमा उच्च र मध्यमस्तरको जनशक्तिको कमी छ । पर्यटन तालीमको अवसर काठमाडौंमा मात्र सीमित छ । अर्कोतर्फ भएको जनशक्तिको क्षेत्रीय वितरण पनि असमान छ । काठमाण्डौ र पोखरामा त्यस्तो जनशक्ति केन्द्रीत देखिन्छ । तसर्थ, यस क्षेत्रमा जनशक्तिको योजनावद्ध विकासको लागि एकीकृत पर्यटन तथा आतिथ्य शिक्षा तथा तालीम रणनीति (Integrated Tourism and Hospitality Education and Training Strategy) तर्जुमा गर्नु आवश्यक देखिन्छ । पर्यटन क्षेत्रसँग सम्बन्धित सार्वजनिक तथा निजी क्षेत्रका कलेज र प्रशिक्षण प्रतिष्ठानको स्थापना देशका अन्य भागमा गर्दा विशेष छूट र सुविधा प्रदान गर्ने नीति लिनु पर्ने देखिन्छ ।
- नेपालमा अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धात्मक तालीम प्राप्त जनशक्तिको गुणस्तर प्रत्याभूतिका लागि राष्ट्रिय मान्यता प्राप्त शैक्षिक संस्थाहरूको विकास गर्न निजी क्षेत्रको सहभागितामा 'राष्ट्रिय पर्यटन सीप परिषद' गठन गर्ने, जसले पेशागत स्तर वा गुणस्तरको परिभाषा गरोस् । यस परिषदले पर्यटन पेशा सम्बन्धी योग्यता सम्बन्धी प्रस्ताव तयार गर्छ ।
- राष्ट्रिय पर्यटन सीप परिषदले प्रस्तावलाई प्रमाणीकरण गर्न शिक्षा मन्त्रालय; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सीटीईभीटी सम्मिलित 'पर्यटन स्तर प्रमाणीकरण वोर्ड' गठन गर्ने ।
- प्राथमिक तह देखि माध्यमिक तहसम्मको पाठ्यक्रममा पर्यटनलाई समावेस गर्ने ।
- पर्यटन क्षेत्रमा आवश्यक पर्ने सीपको पहिचान गरी जनशक्तिको आवधिक प्रक्षेपण तथा सो अनुसार जनशक्ति उत्पादन गर्ने नीति लिने । शैक्षिक तथा प्रशिक्षण पाठ्यक्रमलाई अन्तर्राष्ट्रिय मानदण्ड अनुसार नियमित परिमार्जन गर्ने ।
- NATHM लाई मानित विश्वविद्यालय (Deemed University) को रूपमा स्थापना गर्न देखिएका

समस्या हल गर्ने ।

- अनौपचारिक क्षेत्रमा सञ्चालित पर्यटन व्यवसाय तथा समुदायमा आधारित पर्यटन व्यवसायको लागि सीपयुक्त जनशक्ति उपलब्ध गराउने घुम्ती तालीम सञ्चालन गर्ने गरी 'नाथम'को क्षमता अभिवृद्धि गर्ने ।
- पथ प्रदर्शकहरूको विद्यमान स्तर पुनरावलोकन गर्ने, प्रत्यके ५ वर्षमा ऊनीरहरूको मूल्याङ्कन गरी अनुमति पत्र नवीकरण गर्ने ।

५.२.९ शुद्ध खानेपानी, प्रदुषण नियन्त्रण तथा गुणस्तरीय सेवा

- पर्यटनको गुणस्तर र दीगोपना एकै सिक्काका दुई पाटा हुन्। पर्यटकीय गन्तव्यहरूको प्राकृतिक र सांस्कृतिक वातावरणको गुणस्तरले पनि पर्यटकीय गुणस्तर वृद्धिमा योगदान गर्दछ। पर्यटकीय अनुभवका ६ मुख्य तत्वहरू: यातायात (Transportation), आवास (Lodging) भोजन (Fooding), आकर्षण (Attractions), वातावरण (Environment) र स्थानीय जनता (Local People) का आधारमा पर्यटकीय अनुभवको स्तर वृद्धिबाट नै गुणस्तर कायम हुन सक्दछ ।
- पर्यटकीय गुणस्तर कायम गर्न, वातावरण र सरसफाइ सम्बन्धी आचार संहिता विकास गरी लागु गर्ने । उक्त राष्ट्रिय आचार-संहिताको अधिनमा रही पर्यटनका विभिन्न क्षेत्रमा क्षेत्रगत आचार-संहिता निर्माण गरी लागु गर्न सकिन्छ ।
- अन्तर्राष्ट्रिय स्तरमा पर्यटन गुणस्तर प्रमाणीकरण गर्ने पद्धति छ। नेपालमा पनि पर्यटन गुणस्तर प्रमाणीकरण योजना विकास गर्न आवश्यक देखिन्छ। यस योजनाले सबै पर्यटन सेवा प्रदायक संस्थाहरूको आवधिक रूपमा पर्यटकीय सेवाको गुणस्तर अनुगमन गरी पर्यटन गुणस्तर प्रमाणीकरण गर्ने व्यवस्था गर्नेछ ।
- नेपालमा होटलहरूको वर्गीकरणमा भौतिक पूर्वाधारलाई मात्र आधार मानिने गरिन्छ। वास्तवमा गुणस्तरीय सेवालाई पनि वर्गीकरणको आधार मान्नु पर्ने अवस्था छ। नेपालका कतिपय स्टार होटलहरूले दिने खाना तथा अन्य सेवाको गुणस्तर कमजोर छ ।
- सबै तहका होटल तथा रेष्टुरेन्टको आवधिक रूपमा स्थलगत निरीक्षण गरी न्यूनतम स्तर कायम गरेको नपाइएमा तह घटुवा गर्ने व्यवस्था गर्नुपर्ने ।
- दर्ता नगरी अनौपचारिक रूपमा सञ्चालित रेष्टुरेन्ट, होमस्टे, लज, धर्मशाला आदिको पनि मापदण्ड तयार गरी वर्गीकरण गर्ने व्यवस्था गर्ने। यसबाट अनौपचारिक क्षेत्रमा सञ्चालित व्यवसायहरू औपचारिक दायरामा ल्याउन सकिन्छ ।
- खाद्य सुरक्षा तथा गुण नियन्त्रणको कार्यलाई तल्लो तहका पर्यटकीय सेवा प्रदायकसम्म प्रभावकारी रूपमा पुर्याउन तथा मापदण्ड कार्यान्वयन गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले स्थानीय

सरकारलाई ज्ञान र प्रविधि हस्तान्तरण गर्ने तथा स्थानीय संघ-संस्था र समुदायको सबलीकरण गर्न पर्यटन मन्त्रालयले नीतिगत समन्वय गर्ने ।

खानेपानी

- नेपालमा खानेपानीको गुणस्तर सम्बन्धमा सुनिश्चित हुन नसकिने परिस्थितिले पर्यटकले निकै असुविधा भोगिहरेको अवस्था छ । यसले नेपालको छविमा नकारात्मक प्रभाव पारेको छ । सेवा प्रदायकहरूले अन्तर्राष्ट्रिय गुणस्तरको पानी छान्ने यन्त्र, फिल्टर जडानलाई अनिवार्य शर्तको रूपमा लागु गर्नु पर्ने व्यवस्था गर्ने । यस्ता फिल्टरको आयातमा न्यून कर वा कर छुट दिने विषयमा अन्तरनिकाय समन्वय गर्ने ।

- पर्यटकीय तथा पदयात्रा मार्गहरूमा सुरक्षित पिउने पानीको आपूर्ति सुनिश्चित गर्ने तथा स्वच्छ पानीका श्रोतहरूको संरक्षण तथा व्यवस्थापन गर्ने ।

फोहोर व्यवस्थापन

- फोहोर पानी तथा ठोस फोहोरको उचित व्यवस्थापन तथा विसर्जनलाई व्यवसायको अनुमति प्रदान वा नवीकरणको शर्तको रूपमा कार्यान्वियन गर्न पर्यटन ऐनमा व्यवस्था गरी आवधिक रूपमा निरीक्षण गर्ने । पर्यटकीय गन्तव्यमा गैर- पर्यटन उद्योगबाट हुने फोहोर व्यवस्थापन तथा प्रदुषण नियन्त्रणको सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा स्थानीय सरकारसँग समन्वय गरी कार्य गर्ने ।
- फेवातालमा भैरहको प्रदुषण नियन्त्रण गर्न वातावरण मन्त्रालय, विकास साझेदार, स्थानीय सरकार, स्थानीय समुदायसँको सहकार्य रहने गरी प्रदुषण नियन्त्रणको प्रभावकारी कार्यक्रम तत्काल लागु गर्ने ।

५.२.१० पर्यटन क्षेत्रमा लगानी प्रवर्द्धन

- नेपालमा पर्यटन उद्योग मध्ये होटल क्षेत्रमा लगानी आइरहेको छ । तर पर्यटकीय वस्तु जस्तै: केबल कार, 'थिम पार्क', डिस्ने आदि जस्ता वस्तु विकासमा लगानी आइरहेको छैन । यस क्षेत्रमा लगानी नआउनुका कारण पहिचान गरी समस्या समाधान गर्ने ।
- विदेशी लगानी निरूत्साहित हुनुमा प्रकृयागत झण्झट, एकद्वार प्रणाली अपेक्षित रूपमा प्रभावकारी नहुनु, राजनीतिक र प्रशासनिक क्षेत्रमा लगानीकर्तालाई प्रोत्साहन गर्ने सोंचमा कमी, परेको समस्या तत्काल समाधान गर्ने तत्परता नहुनु, लगानी फिर्ता लैजान (Repartiation) प्रकृयागत झण्झट तथा ढिलाई जस्ता कारणले गर्दा विदेशी लगानी आकर्षित हुन नसकेकोले यी क्षेत्रमा प्रशासनिक तथा प्रकृयागत सरलीकरण गर्ने ।

- नेपाली लगानीकर्ताले विदेशी परामर्शदाता राख्न आवश्यक पर्दा श्रम विभागबाट अनुमति लिन झण्झटिलो भएकोले यसलाई सरलीकृत गर्नुपर्ने ।

५.२.११ पर्यटनसँग सम्बन्धित कानुनी, संस्थागत र प्रकृयागत व्यवस्थामा सुधार

- संवैधानिक व्यवस्था अनुसार पर्यटन क्षेत्रको कार्य जिम्मेवारी संघ, प्रदेश र स्थानीय तीनै तहमा परेकोले पर्यटन ऐनद्वारा तीन तहको कार्य जिम्मेवारी स्पष्ट गर्ने ।
- सरकार, निजी क्षेत्र तथा सामुदायिक क्षेत्रको साझेदारीमा एकीकृत गन्तव्य विकासको कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने विशिष्टकृत स्वायत्त संस्थाको रूपमा गन्तव्य विकास प्राधिकरण गठन गर्न कानून निर्माण गर्ने ।
- विद्यमान राष्ट्रिय पर्यटन परिषद र पर्यटन विकास समन्वय समितिको स्पष्ट कार्य विवरण सहित प्रदेश सरकारहरूको समेत प्रतिनिधित्व हुने गरी पुनर्संरचना गर्ने । परिषदमा सातै प्रदेशका मुख्य मन्त्री; प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री; नेपाल उद्योग परिसंघको अध्यक्ष; नेपाल हस्तकला महासंघ; महिला उद्यमी महासंघ; गैर-आवासीय नेपाली संघको अध्यक्ष; पर्यटन वोर्डको कार्यकारी अधिकृत, नेपाल पर्यटन वोर्डमा निजी क्षेत्रबाट प्रतिनिधित्व गर्ने सदस्यहरूलाई समावेस गर्ने ।
- पर्यटन विकास समन्वय समितिको विद्यमान संरचनामा प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीहरू, र नेपाल पर्यटन वोर्डको कार्यकारी प्रमुखलाई समावेस गर्ने ।
- नेपाल पर्यटन वोर्डको प्रतिनिधित्व थप गरिमामय हुने गरी निजी क्षेत्रबाट प्रतिनिधित्व हुने सदस्यको विद्यमान मापदण्डमा परिवर्तन गर्ने ।
- पर्यटन मन्त्रालय अन्तर्गतका सार्वजनिक संस्थानका कार्यकारीको नियुक्ति मापदण्ड बनाई खुला प्रतिस्पर्धात्मक पद्धतिबाट गर्ने व्यवस्था गर्ने ।

५.२.१२ आन्तरिक पर्यटन प्रवर्द्धन

- आन्तरिक पर्यटन प्रवर्द्धनको छुट्टै रणनीतिक योजना निर्माण गर्ने ।
- आन्तरिक पर्यटकहरूलाई आकर्षित गर्न निजी क्षेत्रको समन्वयमा पर्यटकीय प्याकेजहरूको विकास गरी कर्मचारीहरूलाई यात्रा उत्प्रेरणा विदा (Travel Incentive Leaves), शैक्षिक भ्रमण र अध्ययन अवलोकन भ्रमणको व्यवस्थाको लागि लागत सहभागिता गर्ने गरी बजेट व्यवस्था गर्ने ।
- सबै क्षेत्रमा काम गर्ने जनशक्तिलाई आन्तरिक पर्यटन तर्फ आकर्षित गर्न निश्चित सहुलियतयुक्त बिदासहितको स्थानीय भ्रमण प्रोत्साहन कार्यक्रम (Local Travel Concessions) लागू गरिनेछ ।

५.२.१३ पर्यटनको संभावनालाई बढाउन लैङ्गिक मूलप्रवाहीकरण तथा अपाङ्गता मैत्री पूर्वाधारको निर्माण

- पर्यटन सम्बन्धी स्थानीय योजना निर्माण तथा व्यवस्थापनमा महिलाहरूको सहभागिता सुनिश्चित गर्न महिलाद्वारा सञ्चालित सहकारी, आमा समुह, युवती समुह आदि जस्ता महिलाको वर्चस्व रहने संगठित

संस्था वा समुहको परिचालन गर्ने ।

- पर्यटन क्षेत्रमा कार्यरत महिलालाई पुरूष समान तलव तथा ज्याला, प्रसुति विदा, काम गर्ने समयमा लचकता, घरैबाट काम गर्ने सुविधा तथा बालबच्चा हेरचाहको सुविधा प्रदान गरी महिला उद्यमी तथा कामदालाई काममा सुविधा तथा सहजीकरण गर्ने। उपर्युक्त पेशागत सुविधा उपलब्ध गराउन, कार्यस्थलमा यौनजन्य हिंसा तथा विवेधजन्य व्यवहार हटाउन विद्यमान कानुनी व्यवस्थामा परिमार्जन गर्ने ।
- पर्यटनमा महिलाको असन्तुलित समावेशीकरणको समस्या समाधान गर्न महिलाहरूलाई साना तथा मझौला उद्यममा आकर्षित गर्न सो सम्बन्धी नेतृत्व विकास, योजना तर्जुमा, व्यवस्थापन, संभाव्यता अध्ययन, बैङ्किङ् ऋृण प्राप्ति, लेखापालन, बजारीकरण तथा प्रतिवेदन सम्बन्धी ज्ञान तथा सीप प्रदान गर्ने । त्यस्तै पर्यटन उद्योगका कर्मचारी तथा कामदार महिलाको लागि पेशागत दक्षता र सीप सम्बन्धी प्रशिक्षण प्रदान गर्ने ।
- पर्यटन सम्बन्धी उद्यममा महिलाका लागि बिना धितो नगन्य व्याजदरमा आयोजना प्रस्तावमा आधारित (Project Based Lending) ऋृण सुविधा प्रदान गर्ने। पर्यटन क्षेत्रमा कार्यरत महिलाहरूको सशक्तिकरणका लागि निजी क्षेत्रसँग साझेदारी गर्ने ।
- विद्यालय शिक्षामा पर्यटन सम्बन्धी पाठ्यक्रम समावेस गर्ने तथा पर्यटन सम्बन्धी विषयका उच्च शिक्षामा महिलाका लागि छात्रवृत्तिको व्यवस्था गर्ने ।
- पर्यटन क्षेत्रमा महिलाले गरेका असल अभ्यासहरूको अभिलेखीकरण गर्ने; उत्कृष्ट काम गर्ने महिला उद्यमी तथा महिला कर्मचारीलाई पुरस्कृत गर्ने ।
- पर्यटन क्षेत्रमा संलग्न महिलाहरूको सञ्जाल निर्माण गर्ने; अन्तर्राष्ट्रिय महिला उद्यमीहरूसँगको अनुभव आदान प्रदानको अवसर प्रदान गर्ने ।
- अन्तर्राष्ट्रिय तथा आन्तरिक पर्यटन प्रवर्द्धनको लागि अपाङ्गता मैत्री भौतिक पूर्वाधारको विकास गर्ने ।

५.२.१४ धार्मिक-सांस्कृतिक, पुरातात्विक सम्पदाको संरक्षण र प्रवर्द्धन

- मूर्त तथा अमूर्त पुरातात्विक एवम् सांस्कृतिक संपदाको संरक्षणका साथै दीगो उपयोग गरी पर्यटनसँग जोड्ने गरी राष्ट्रिय सांस्कृतिक नीतिलाई पर्यटन विशिष्टीकृत (Tourism Specific) गर्ने ।
- सांस्कृतिक सम्पदाहरूको अन्वेषण, अध्ययन, संरक्षण र व्यवस्थापन कार्यलाई वैज्ञानिक, सहभागितामूलक र प्रभावकारी बनाउन प्राचीन स्मारक संरक्षण ऐन २०१३, अभिलेख संरक्षण ऐन २०४६ तथा गुठी ऐन २०३३ मा आवश्यकतानुसार परिमार्जन गरिने छ ।

- पुननिर्माण सम्पन्न हुन बाँकी भुकम्पबाट क्षतिग्रस्त धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको पुनर्निर्माणमा देखिएका समस्या पहिचान गरी स्थानीय सरकार तथा स्थानीय जनसमुदायसँगको साझेदारी र समन्वयमा पर्याप्त बजेट व्यवस्था गरी सम्पन्न गरिने छ ।

५.२.१५ शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता अपरंपरागत क्षेत्रमा पर्यटन विकास र प्रवर्द्धन

- अन्तर्राष्ट्रियस्तरका शैक्षिक तथा स्वास्थ्य संस्था स्थापना, खेलकुद स्टेडियम निर्माण गर्न स्वदेशी तथा विदेशी निजी लगानी आकर्षित गर्न सो सम्बन्धी नीतिहरूलाई पर्यटन विशिष्टीकृत (Tourism Specific) गर्न अन्तरनीतिगत तथा अन्तरनिकायगत समन्वय गर्ने ।
- वैकल्पिक चिकित्सा पद्धतिको विकास तथा स्वास्थ्योपचार पश्चात नेपालको अनुपम प्राकृतिक स्थलमा आराम गर्ने व्यवस्था मार्फत नेपालमा स्वास्थ्य पर्यटनको विकास गर्ने गरी स्वास्थ्य नीतिलाई पर्यटन विशिष्टीकृत गर्न समन्वय गर्ने ।
- गुणस्तरीय शैक्षिक प्रतिष्ठानको विकास तथा बजारीकरण गरी बिदेशी विद्यार्थीलाई तालीम तथा अध्ययनको अवसर प्रदान गरी विविध क्षेत्रमा तालिम तथा अध्ययन भ्रमणमा प्रोत्साहन दिइने गरी राष्ट्रिय शिक्षा नीतिलाई पर्यटन विशिष्टीकृत गर्न समन्वय गर्ने ।

५.२.१६ प्रकोप तथा महामारीको सामना, संकट व्यवस्थापन तथा पुनर्उत्थान

नीति: प्रकोप वा महामारीबाट सृजित प्रतिकूल परिस्थितिको व्यवस्थापन, असर न्यूनीकरण तथा पर्यटन व्यवसायलाई प्रोत्साहन प्रदान गरी संकट व्यवस्थापन गर्दै पुनर्उत्थानलाई गति दिई सहजै उठ्न सक्ने (Resilient Building) बनाउने ।

कार्यनीति:

- संकटको समयमा पर्यटकको उद्धार, स्थानान्तरण, स्वास्थ्य जाँच, भिसा थप लगायतमा कानुनी प्रकृया पुरा गराउने, स्वदेश फिर्तीको व्यवस्थापन लगायतका काम गर्ने सम्बन्धमा निकायगत जिम्मेवारी किटान गरी सबै किसिमका संकटमा पर्यटक उद्धार तथा व्यवस्थापन गर्न पर्यटक खोज, उद्धार, उपचार तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७५ मा परिमार्जन गरी महामारीबाट सिर्जित संकट व्यवस्थापन समेतलाई सम्बोधन गर्ने गरी परिमार्जन गर्ने ।
- संकटकालीन समयमा पदयात्रीहरू सकुशल उद्धार गर्न सहयोग पुग्ने सुविधाहरू व्यवस्था गर्ने । पदयात्रा मार्गमा मोबाइल फोनको सुविधा, बुझिने र स्तरीकरण गरिएका संकेतहरू, सञ्चार केन्द्र, उपयुक्त अन्तरालमा सुरक्षित र पुन: बनाउन सकिने विश्राम गृह र आपतकालीन आश्रय स्थल, आपतकालीन उद्धार व्यवस्थापन प्रणाली र बीमाको व्यवस्था तथा स्थापित पदयात्रा मार्गमा प्राकृतिक प्रकोप नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने जस्ता सेवा तथा सुविधा उपलब्ध गराउने ।

- महामारीको समयमा स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसार पर्यटकको स्वास्थ्य सुरक्षा सम्बन्धी विशिष्ट मार्गदर्शन निर्देशिका तर्जुमा गर्ने ।
- समग्र पर्यटन आपूर्ति श्रृङ्खला, साना आफूर्तिकर्ता तथा साना र मझौला उद्यमको अस्तित्व संकटमा पर्न नदिन सकृय (Proactive) र चुस्त (Agile) जोखिम व्यवस्थापनका लागि मार्गदर्शन तयार गर्ने। यसमा कर्मचारी कटौति नगरी कसरी खर्च कटौति गर्ने तथा नगद प्रवाह् कसरी कायम राख्ने जस्ता विषयमा उपायहरू उल्लेख गर्ने ।
- पर्यटन व्यवसाय तथा यसको आपूर्ति श्रृङ्खलामा आवद्ध आपूर्तिकर्ता, साना तथा मझौला उद्यमीलाई संकटको समयमा तथा पुनर्उत्थानको लागि आवश्यक पर्ने बैङ्क ॠण सहुलियत दरमा प्रदान गर्ने तथा लिइएको ॠणको भुक्तानिमा ब्याज सहुलियत, ॠणको पुनर्तालिकीकरण एवम् कर छूट जस्ता विषयमा अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैङ्कसँग समन्वय गर्ने ।
- पर्यटन व्यवसायका लागि आवश्यक तरलता उपलब्ध गराउने तथा रोजगारी संरक्षण गर्ने ।
- सार्वजनिक-निजी सहयोग तथा समझदारीको ढाँचा अवलम्बन गरी व्यवसायिक गतिविधि पुन: शुरू गर्ने ।
- प्रविधिको प्रयोग, सर्वस्वीकृत स्वास्थ्य सुरक्षा मापदण्डको परिपालनामा संलग्न निकायहरूको जिम्मेवारी यकिन गरी सुरक्षित तथा निर्बाध व्यवस्थापन सहित जिम्वेवारीपूर्ण ढङ्गले अन्तर्राष्ट्रिय सिमाना खुला गर्ने ।
- अन्तर्राष्ट्रिय स्तरमा हवाई यात्रा अवलम्बन गरिने स्वास्थ्य सुरक्षा सम्बन्धित मापदण्ड लागु गरी सुरक्षित हवाई सेवा सुनिश्चित गर्ने ।
- नवपर्वर्तन तथा दीगोपना प्रवर्द्धनको माध्यमबाट नयाँ सामान्य अवस्था (New Normal Situation) सृजना गर्ने ।
- महामारीको प्रभाव अध्ययन; बजारीकरण तथा प्रवर्द्धन रणनीति निर्माण, पुनर्उत्थान तथा वस्तु विविधिकरण रणनीति; र संस्थागत सुदृढीकरण एवं महामारी पश्चातको प्रतिकूल परिस्थितिमा अनुकूलन हुने तथा प्रतिकूल परिस्थितिमा सहजै उठ्न सक्ने (Resilient Building) बनाउन विश्व पर्यटन संगठनको प्राविधिक सहायता परिचालन गर्ने ।

५.२.१७ नीति कार्यान्वयन कार्ययोजना तथा नीति कार्यान्वयन अनुगमन कार्यदल

नीतिकै अङगको रूपमा नीति कार्यान्वयनको कार्ययोजना नहुनु नेपालका सार्वजनिक नीतिहरूको सबैभन्दा ठूलो कमजोरी हो। कार्ययोजना नहुँदा नीति कार्यान्वयनकर्तामा कार्यान्वयनप्रतिको गंभीरता प्रदर्शित हुँदैन। पर्यटन नीति २०६५ तथा पर्यटन भिजन २०२० को कार्ययोजना थिएन। पर्यटन रणनीतिक योजनामा कार्ययोजना समेत संलग्न भएकोले तुलनात्मक रूपमा यो राम्रो दस्तावेज हो ।

नीति कार्यान्वियन अवस्थाको नियमित अनुगमन गर्न मन्त्रालयमा स्थायी संयन्त्रको रूपमा कार्यदल रहनु आवश्यक हुन्छ। यस्तो कार्यदल नहुँदा नीति कार्यान्वियन बेवारिसे हुने अवस्था सिर्जना भएको पाइन्छ। यस्तो कार्यदलले आफ्नो तहमा कार्यान्वियन समस्याको पहिचान, आफ्नो तहबाट सम्बोधन हुने समस्याको समाधान, आफ्नो तहबाट नहुने समस्याको प्रतिवेदन गर्ने, अन्तरनिकाय समन्वय गर्ने, राष्ट्रिय पर्यटन परिषद तथा पर्यटन विकास समन्वय समितिमा छलफलको कार्यसूची निर्माण जस्ता काम गर्दछ।

७. पर्यटन क्षेत्रका लागि कार्यक्रम

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत विनियोजित पूँजीगत बजेट मध्ये अधिकांश नागरिक उड्डयन प्राधिकरणको विमानस्थल निर्माण तथा सुधार अन्तर्गत खर्च हुने गर्दछ। दोस्रो, मन्त्रालय अन्तर्गतका संस्थान, कोष र समितिबाट हुने खर्चको अंश पनि मन्त्रालयको भन्दा बढी नै हुन्छ। त्यसैले, मन्त्रालय अन्तर्गतका निकायले खर्च गर्ने बजेट न्यून नै छ। यस मन्त्रालयबाट हुने बाँकी पूँजीगत खर्च मध्ये अधिकांश रकम विशेषगरी पुरातत्व विभाग र पर्यटन विभागबाट हुने गर्दछ। यस मन्त्रालय अन्तर्गतबाट सञ्चालन गरिने कार्यक्रमको सम्बन्धमा निम्नानुसार गर्नु उपयुक्त हुन्छ।

७.१ यस मन्त्रालयबाट सञ्चालन गरिने कार्यक्रमहरूको संख्या बढी तर बजेट रकम कम भई बजेट छरिने प्रवृत्ति भएकोले ठोस नतीजा प्राप्त हुने गरी कार्यक्रमको संख्या घटाउनु पर्ने।

७.२ पर्यटन विभागको काम नियमन तथा विकास कार्यक्रम सञ्चालन गर्नु हो भने पर्यटन वोर्डको उद्देश्य पर्यटन प्रवर्द्धन हो। अत: पर्यटन वोर्ड मार्फत देश भरी राजनीतिक प्रभावको आधारमा गरिने विकास कार्यक्रम बन्द गरिनु पर्दछ।

७.३ प्रमुख पर्यटकीय गन्तब्यहरू पहिचान गरी गन्तब्य अनुसारका छुट्टा छुट्टै गुरू योजना निर्माण गरी एकीकृत गन्तब्य विकास कार्यक्रम बनाई हाललाई पर्यटन विभाग मार्फत कार्यक्रम कार्यान्वियन गर्ने।

७.४ सार्वजनिक निजी साझेदारीको अवधारणामा गन्तब्य विकासको कार्यक्रमलाई प्रभावकारी रूपमा अँगाडि बढाउन गन्तब्य विकास प्राधिकरण स्थापनाको लागि कार्यक्रम र बजेट छुट्याउने।

७.५ ग्रेट हिमालयन ट्रेल परियोजना समयमा नै सम्पन्न गर्ने गरी बजेट विनियोजन गर्ने।

**६. निष्कर्ष**

पर्यटन नीति २०६५, भिजन २०२० र पर्यटन रणनीतिक योजना (२०१६०२०२५) तीन वटै दस्तावेज एउटै समयमा कार्यान्वियनमा रहे । भिजन २०२० को समय सीमा अब समाप्त हुन गैरहेको भएपनि पर्यटन रणनीतिक योजना २०१६-२०२५ कायमै रहन्छ । अन्य मुलुकहरूको अभ्यास हेर्दा एकै समयमा धेरै वटा नीतिगत दस्तावेज कार्यान्वियनमा रहेको पाइँदैन। रणनीतिक योजनामा केही थप विषयहरू थप्ने तथा अन्तरनीतिगत र निकायगत समन्वय सुदृढ गरी कार्यक्रमको प्राथमिकता निर्धारण सहित काम गर्ने हो भने अर्को पर्यटन नीति तर्जुमा नगर्दा पनि हुन्छ । अहिलेको सन्दर्भमा सम्बोधन गर्नुपर्ने केही मुद्दाहरूलाई पर्यटन रणनीतिक योजना (२०१६-२०२५) मा सामान्य थप घट गरेर अद्यावधिक गरेर उक्त रणनीतिक योजनाको कार्ययोजना कार्यान्वियन गर्दा मात्र पनि पुग्ने देखिन्छ । त्यसो त नयाँ पर्यटन नीति ल्याउँदैमा विग्रिहाल्ने पनि केही छैन। तर नयाँ नीति पुरानै ढर्रामा ल्याउनुको कुनै अर्थ हुने छैन। निश्चय नै पर्यटन नीति २०६५ कार्यान्वयमा आएको लामो समय भएको र परिवर्तित सन्दर्भले नयाँ पर्यटन नीति तर्जुमा गरिनुको औचित्य सावित हुनसक्छ। तर नेपालमा पर्यटन विकासका आधारभूत समस्यामा तात्विक परिवर्तन नआएकोले नीतिका आधारभूत विषयवस्तुमा पनि धेरै परिवर्तन आउने देखिंदैन ।

पर्यटन नीति, २०६५ कार्यान्वयन अपेक्षित रूपमा नहुनुमा नीतिमा रहेका विषयवस्तु (Content) र सन्दर्भ (Context) दुवै जिम्मेवार छन्। नीति भित्रकै अन्तर अर्थात नीति तथा कार्यनीतिको अस्पष्टता पनि नीति कार्यान्वयनको प्रमुख समस्या हो। नीति देखाउन कै लागि नबनाइने हुँदा कार्यान्वयनप्रतिको उपेक्षा भाव हटाउन नीति कार्यान्वियनको कार्ययोजना नीतिकै अङ्गको रूपमा रहने, नीतिको प्राथमिकीकरण तथा वार्षिक बजेट र कार्यक्रमले प्रथमिकताक्रम अनुसार सम्बोधन गर्दै जानु पर्ने देखिन्छ। पहिलो, त यसमा कार्यान्वय कार्ययोजना नीतिकै अभिन्न अङ्गको रूपमा आउनुपर्थ्यो। दोस्रो, धेरैजसो कार्यनीतिहरूको स्पष्टतामा कमीको कारणले गर्दा नीति कार्यान्वयनमा अलमल भएको हुनसक्छ। तेस्रो, यद्यपि नीतिगत असंगती थिएन, एकै समयमा धेरैवटा नीतिगत दस्तावेज कार्यान्वियनमा आउँदा कुन दस्तावेज समातेर अँगाडि बढ्ने भन्ने अलमल भएको हुन सक्छ । चौथो, पर्यटन नीति, २०६५ ले पर्यटन विकासका आधारभूत समस्या समाधानमा नीतिगत व्यवस्थालाई केन्द्रीकृत गर्न सकेको छैन। पाँचौं, पर्यटन विकासमा पूर्वाधारको अहम भूमिका हुने हुनाले पूर्वाधार सम्बन्धी नीति पर्यटन विशिष्टीकृत हुनुपर्ने हुन्छ । अन्तरनीति अन्तर रहनु, अन्तरनीति समन्वय गर्ने संयन्त्र प्रभावकारी नहुनु तथा अन्तरनिकाय समन्वयको अभावले गर्दा नीतिले नतीजा दिन सकेन। छैंठौं, नेपालले आयोजना कार्यन्वयन तथा खर्च क्षमता बढाउन नसक्दा पूर्वाधार विकासमा वैदेशिक सहायता तथा प्रत्यक्ष वैदेशिक लगानी अपेक्षित रूपमा परिचालन गर्न नसक्नुले नेपालको पर्यटन लगायत समग्र विकास पछाडि परेको छ । त्यसैले, पर्यटन क्षेत्रमा विदेशी लगानी प्रवर्द्धन गर्ने प्रमुख नीतिगत एजेन्डामा केन्द्रीकृत भइ नीति आउनु पर्ने देखिन्छ। सातौं, बजार प्रवर्द्धन अपेक्षित

रूपमा प्रभावकारी हुन नसक्दा पर्यटकीय संभावनाको पूर्ण उपयोग गर्न सकिएन। आठौं, यद्यपि पर्यटन नीतिले नै सम्बोधन गर्नुपर्ने विषय हुन्, पर्यटनमा दक्ष मानव श्रोतको कमी, गुणस्तरीय सेवामा कमी, प्रदुषण, प्राकृतिक प्रकोप जस्ता कारणले पनि पर्यटन नीति कार्यान्वयन अपेक्षित हुन सकेन। अन्त्यमा, पर्यटन नीति, २०६५ कार्यान्वयन पछिको सन्दर्भ: सार्स महामारी, सरकारमा अस्थिरताको कारण नीति कार्यान्वयनमा पर्ने प्रतिकूल प्रभाव, भूकम्प, भारतीय नाकबन्दी तथा वर्तमान महामारी समेतले गर्दा पर्यटन नीति अपेक्षित रूपमा कार्यान्वयन हुन सकेन।

नयाँ बन्ने पर्यटन नीतिले उपर्युक्त विषयवस्तुको कमजोरीलाई सच्याउनु पर्छ। अर्थात, नीति भित्रकै अन्तर (Intra-Policy Gap) सच्चाउनु पर्छ।। पर्यटन विकास 'क्रस कटिङ्' विषय भएकोले अन्तरनीति तथा अन्तरनिकायगत समन्वय झनै खट्किंदो छ। तसर्थ, अन्तरनीति नीतिगत अन्तर (Inter-Policies Policy Gap) हटाउँदै निकायगत समन्वयलाई प्रभावकारी बनाउन सक्नुपर्छ। हवाई सम्पर्क क्षमता तथा सडक पूर्वाधार पर्यटन विकासको प्रमुख बाधकको रूपमा रहेका छन्। दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल नबनेसम्म नेपालको हवाई क्षमतामा तात्विक परिवर्तन नआउने हुनाले यो प्रमुख प्राथमिकतामा रहनुपर्दछ। त्यस्तै, अन्तरदेशीय तथा आन्तरिक सुविधायुक्त द्रुत मार्ग नबनेसम्म ठूलो संख्यामा पर्यटक आकर्षण गर्न सकिने अवस्था छैन। राष्ट्रिय प्राथमिकताको क्षेत्रमा पर्यटन र सडक दुवै क्षेत्र पर्ने भएपनि आयोजना कार्यान्वयन र खर्च क्षमता कमजोर रहेकोले हामीले वैदेशिक सहायता आवश्यकता अनुसार परिचालन गरी पूर्वाधारमा व्यापक लगानी गर्न सकेका छैनौं। पर्यटकीय गन्तव्य लक्षित पूर्वाधारमा लगानी गर्न लगानीका सबै अवसरको उपयोग गर्न चुक्नु हुँदैन। पूर्वाधार विकासमा वैदेशिक ऋृण सहायता तथा प्रत्यक्ष वैदेशिक लगानी गर्ने तर्फ नै नेपालले जोड दिनु पर्छ। अझै, गन्तव्य लक्षित पूर्वाधार विकासमा त सरकारले 'स्वयंसामर्थ्यता अन्तर पूर्ति' (Viability Gap Funding) गरेर भएपनि सार्वजनिक-निजी साझेदारी पद्धतिमा वैदेशिक प्रत्यक्ष लगानी आकर्षित गर्ने नीति लिनुपर्ने जरूरी देखिन्छ। त्यस्तै, विशिष्टीकृत संस्थाको रूपमा गन्तव्य विकास प्राधिकरणको गठन तथा गन्तव्य विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न नीतिगत तथा कानुनी व्यवस्था आवश्यक देखिन्छ।

पर्यटन नीतले सम्बोधन गर्नुपर्ने अन्य विषयहरू पनि तात्विक रूपमा फरक छैनन्। विद्यमान पूर्वाधारले पनि ३०-३५ लाख पर्यटक धान्न सक्ने भएको भएता पनि पर्यटकको संख्या बढाउन सकिएको छैन। संख्या मात्र बढाएर भएन बढी खर्च गर्ने पर्यटक भित्र्याउनु आवश्यक छ। श्रोत बजार वर्गीकरण गरी बजार अनुरूपको छुट्टा छुट्टै प्रवर्द्धन रणनीतिहरू अवलम्बन गरिनुपर्दछ। त्यस्तै, पर्यटकीय वस्तु र सेवाको गुणस्तर वृद्धि गर्न आचार संहिता, गुणस्तर प्रमाणीकरणको संस्थागत व्यवस्ता, प्रदुषण नियन्त्रण, शुद्ध खानेपानी

तथा सरसफाइको अवस्था सुधार गर्न अन्तरसरकारी समन्वय, स्थानीय सरकार तथा स्थानीय समुदायको समन्वयात्मक प्रयासलाई प्रवर्द्धन गर्ने नीति लिनु पर्ने देखिन्छ । पर्यटनमा गुणस्तरको सन्दर्भले पर्यटन क्षेत्रमा गुणस्तरीय सीपयुक्त जनशक्तिको आवश्यकतालाई सम्बोधन गर्न NATHM लाई मानित विश्वविद्यालयको रूपमा स्थापित गर्ने, पर्यटन क्षेत्रको सबै तहको जनशक्तिको आवधिक प्रक्षेपण गरी जनशक्ति उत्पादन गर्ने, सबै प्रदेशमा समानुपातिक रूपमा पर्यटन विषयक शैक्षिक तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना गर्न कर छूट लगायतमा प्रोत्साहन प्रदान गर्ने ।

पर्यटन विकासमा सामुदायिक सहभागिता वृद्धि गरी पर्यापर्यटन तथा ग्रामीण पर्यटन मार्फत पर्यटनबाट प्राप्त लाभको सन्तुलित वितरणको नीति आवश्यक छ । प्रमुख पर्यटकीय गन्तव्यहरूको विकासमा निजी क्षेत्रलाई आकर्षित गरी गन्तव्य वरिपरिको क्षेत्रमा समेत पूर्वाधार पहुँच स्थापित गरी स्थानीय समुदायको सहभागतिमा ग्रामीण पर्यटन विकासको नीति लिनुपर्ने हुन्छ । त्यसैगरी, पर्यटन क्षेत्र अन्त्यन्त जोखिमपूर्ण क्षेत्र भएकोले प्राकृतिक प्रकोप, महामारी, अन्तर्राष्ट्रिय आर्थिक मन्दी जस्ता समस्याले छोटै समयमा यसमा प्रतिकूल प्रभाव पार्दछ । अत: पर्यटन नीतिले महामारी तथा प्रकोपबाट सिर्जित हुने संकटको पूर्व तयारी, संकटकालीन व्यवस्थापन तथा संकट पश्चात सहजै पुनर्उत्थान हुनसक्ने बनाउनु (Resilient Building) आवश्यक छ । यसको लागि विश्व पर्यटन संगठनको प्राविधिक सहयोग परिचालन गर्न तत्पर हुनुपर्दछ ।

पर्यटन उद्योगमा वारंवार समस्या र संकट आउँछ । अन्तर्राष्ट्रिय पर्यटनमा हुने क्षतिलाई पूरा गर्न आन्तरिक पर्यटन प्रवर्द्धन सम्बन्धी रणनीतिक योजना तर्जुमा गर्नु जरुरी छ । परंपरागत पर्यटनको सुदृढीकरण र विस्तार गर्नुको साथै शिक्षा, स्वास्थ्य, खेलकूद, कृषि जस्ता अपरंपरागत क्षेत्रमा पर्यटन विकास गर्न लगानी आकर्षित गर्ने नीति आवश्यक छ । त्यसका लागि सम्बन्धित नीतिहरूलाई पर्यटन विशिष्टीकृत गर्नु आवश्यक छ। त्यसैगरी पर्यटन सम्बन्धी कानुनी तथा संस्थागत सुधार गर्न आवश्यक छ। पर्यटनमा लैङ्गिक मूलप्रवाहीकरणको मुद्दालाई पनि सम्बोधन गर्न जरूरी छ ।

अन्त्यमा, नीति निर्माण गर्दैमा दायित्व पुरा हुँदैन; नीति कार्यान्वयनयोग्य छ छैन भन्ने सन्दर्भ महत्वपूर्ण हुन्छ । नीति कार्यान्वयनयोग्य हुन नीति-विषयवस्तु (Policy Content) र सन्दर्भ (Policy Context) संगतिपूर्ण हुनुपर्छ । श्रोतको सीमितताले गर्दा नीतिमा उल्लिखित सबै विषय एकै पटक कार्यान्वयन हुन सक्दैनन् । नीति निर्माताले प्राथमिकताक्रम निर्धारण नगरिदिंदा कार्यान्वयनकर्ता अलमलमा पर्न सक्ने अवस्था पनि आउँछ । नीति कार्यान्वयन कार्ययोजना निर्माण नगरी नीतिको कार्यान्वयनयोग्यताको परख हुँदैन । परीक्षणयोग्य सूचकहरू निर्माण गर्न सकिने नीति मात्र बढी कार्यान्वयनयोग्य हुन्छ । पर्यटन नीति, २०६५ कार्यान्वयनको कार्ययोजना नीतिकै अङ्गको रूपमा नरहँदा यसको कार्यान्वयनयोग्यताको परख

नीति निर्माताले गर्न सकेन। अत: आगामी पर्यटन नीतिले कार्य योजनालाई अङ्गीकार गर्नु जरूरी छ। त्यसैगरी नीति कार्यान्वियनको नियमित अनुगमन गर्न मन्त्रालयस्तरमा स्थायी संयन्त्रको रूपमा नीति कार्यन्वयन अनुगमन कार्यदल रहनु पनि आवश्यक देखिन्छ। मन्त्रालय अन्तर्गत कम बजेटका धेरै कार्यक्रमको संख्या रहेकोले कार्यक्रमको संख्या घटाउनु पर्ने देखिन्छ। विशेष गरी गन्तब्य विकासको छुट्टा छुट्टै गुरू योजना निर्माण गरी एकीकृत गन्तब्य विकास कार्यक्रम निर्माण गर्नु आवश्यक देखिन्छ।

# सन्दर्भ सूची

पर्यटन नीति २०६५, नेपाल सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौं ।

पर्यटन रणनीतिक योजना २०१६-२५, नेपाल सरकार (२०१५): पर्यटन र गरिबी निवारण, पेज २३-२४, काठमाडौं ।

समुन्नति, Economic Policy Incubator (2020) The Impact of Covid-19 in the Nepalese Economy, April, Kathmandu

Leconte, P (2020) Conducting a Gap Analysis: A Four-Step Template, Clear Poin Strategy, Retrieved from: https://www.clearpointstrategy.com/gap-analysis-template/ Accessed on October 9, 2020

Tourism Vision 2020 (2009) Government of Nepal, Ministry of Tourism and Civil Aviation, Kathmandu

UNWTO (2020) International Tourism Result, 2019, Accessed from: https://www.unwto.org/global-and-regional-tourism-performance, Accessed on: August 31, 2020

UNWTO (2020) UNWTO TOURISM DATA DASH BOARD https://www.unwto.org/unwto-tourism-dashboard; Accessed on October 11 2020

UNEP-United Nations Environment Programme (1999), *Global Environment Outlook 2000*: *UNEP's Millennium Report on the Environment*, Earthscan Publications Ltd. London, cited by MacHardy, P. (2003) *Gap Analysis of Relevent Policies*, Policy Analysis Report of National Environment and Planning Agency (NEPA)

अनुसूची-१

# पर्यटन नीति, २०६५ कार्यन्वयनको प्रगति गणना

| सि. नं. | नीति/कार्यनीति | कार्यान्वयन (पूर्णाङ्क ५) | | | कार्यान्वयन नहुनुको कारण |
|---|---|---|---|---|---|
| | | भएको | आंशिक | नभएको | कार्यान्वयन प्रगति प्रतिशत |
| | | ४ | २ | ० | |
| नीति-क | पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी पर्या– पर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निबारणसँग आवद्ध गरी उनीहरूको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवद्र्धन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्ने, | ७*४=२८ | ९*२=१८ | ७*०=० | २८+१८=४६, ४६/२३ = २=४०%=आंशिक |
| १ | नेपालमा बढी भन्दा बढी पर्यटक भित्र्याउन र सो क्रमलाई निरन्तरता दिन विविध प्रकारका आकर्षक कार्यक्रमको अतिरिक्त खास वर्ष वा अवधिलाई नेपाल भ्रमण वर्ष वा पर्यटन वर्षको रुपमा प्रस्तुत गरिनेछ । | - | ✓ | - | विविध आकर्षक कार्यक्रम नियमित रूपमा सञ्चालन गर्न नसकिएको |
| २ | नेपालको पर्यटनलाई सबै मौसम अनुकूल (All Seasons) बनाउन बेमौसममा नेपाल आउन चाहने पर्यटक र पर्यटक ओसार पसार गर्ने वायुसेवालाई विशेष सुविधा दिईने छ । | - | - | × | विशेष सुविधा नदिइएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | पर्यटन क्षेत्रको अन्तर्राष्ट्रिय बजार अध्ययन गरी पर्यटकको स्तर अनुसार विभिन्न समूहमा विभाजन गरी लक्षित समूह अनुकूल नेपाल प्रवेश देखि बाहिरिदा सम्मको पूर्ण प्याकेज कार्यक्रम तयार गर्न र प्रस्तुत गर्न पर्यटन व्यवसायीलाई प्रोत्साहन दिईनेछ । | - | ✓ | - | पर्यटन व्यवसायीको अग्रसरतामा केही मात्रामा प्याकेज कार्यक्रम निर्माण गर्ने गरेको; तर सरकारी विशेष प्रोत्साहन केही नरहेको । |
| ४ | पर्यटन व्यवसायी (विशेषतः ट्राभल र ट्रेकिङ् एजेन्सी तथा होटलहरू) बीच स्वस्थ प्रतिस्पर्धा तथा सहकार्यमा अभिवृद्ध गर्न समन्वयकारी भूमिका निर्वाह गरिनेछ । | - | ✓ | - | गुणस्तर वृद्धिको माध्यमबाट प्रतिस्पर्धा गर्ने भन्दा मूल्यमा प्रतिस्पर्धा गर्दा पर्यटनको राजस्व बढ्न नसकेको । |
| ५ | लक्षित पर्यटकीय श्रोत वा उद्गम मुलुकहरूसँग हवाई सेवा सम्झौता गर्दा एक आपसमा पर्यटन प्रवद्र्धनमा सहयोग हुने प्रावधान समावेश गरिनेछ । | ✓ | - | - | |
| ६ | पारस्परिक लाभमा आधारित पर्यटन गतिविधिहरू बृद्धि गर्न खास गरेर हवाई सम्पर्क भएका र पर्यटक उद्गम हुने देशहरूसँग द्विपक्षीय पर्यटन सम्झौताहरू गरिनेछ । | - | ✓ | - | त्यस्ता सबै मुलुकसँग संझौता हुन बाँकी |
| ७ | पर्यटन व्यवसायी र विमान सेवा सञ्चालकहरु वीच सहकार्य र समन्वय गर्न प्रोत्साहन दिइनेछ | - | - | × | सरकारले कसरी प्रोत्साह गर्ने हो स्पष्ट नभएकोले कार्यान्वयन हुन नसकेको |
| ८ | नेपाल आउने पर्यटकको परम्परागत बजारका अतिरिक्त छिमेकी मित्रराष्ट्रहरू, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SARC) Bay of Bengal Initiative for Multisectoral Technical and Economic Cooperation (BIMSTEC) का सदस्य मुलुकहरू तथा छोटो दूरीको यात्रा एवं हवाई तथा स्थल यातायातले जोडिएका स्थानका पर्यटकलाई आकर्षित गर्न विभिन्न प्रवद्र्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ । | - | ✓ | - | ती देशका बजार प्रवृत्ति र माग वारे अनुसन्धान गरेर मात्र गरिने प्रवर्द्धन प्रभावकारी हुन्छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | विश्व पर्यटन बजारमा नेपालको छवि स्थापित गर्न नेपाललाई समष्टिगत एवं पर्यटकीय सम्पदा र पर्यटकीयस्थल अनुरुप उचित तवरले "ब्रान्डिङ्ग" गर्दै लगिनेछ। | - | ✓ | - | नेपालको वास्तविकतालाई प्रतिनिधित्व गर्ने आकर्षक ब्रान्ड निर्माण र निरन्तर प्रयोग हुन सकेन; ब्रान्ड परिवर्तन भैरहृयो |
| १० | पर्यटन र सोसँग सम्बन्धित पूर्वाधारहरूको विकास, विस्तार र सुधारका लागि तथा अन्य गरीबमूखी ग्रामीण तथा पर्या–पर्यटनसित सम्बन्धित कार्यक्रमहरूका लागि द्विपक्षीय तथा बहुपक्षीय बैदेशिक सहायता परिचालन गरिनेछ। यस प्रकृयाद्वारा जनचेतना, मानव संसाधन विकास तथा तालीमजस्ता कार्यक्रमका लागि स्थानीय निकाय, गैर सरकारी संघ संस्थालाई प्रोत्साहन गरिनेछ। | - | ✓ | - | गरीबमुखी ग्रामीण पर्यटन कार्यक्रम के कस्तो हो स्पष्ट परिभाषित छैन। |
| ११ | पर्यटन उद्योगको विकासमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न द्विपक्षीय एवं बहुपक्षीय सहायता परिचालन गरिनेछ। | ✓ | - | - | |
| १२ | विश्व पर्यटन संगठन, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, एशियाली विकास बैङ्क, विश्व बैङ्क जस्ता बहुपक्षीय विकास साझेदारहरूलाई पर्यटन पूर्बाधार विकासका साथै स्थानीय जनताको जीवनस्तर सुधार हुने क्षेत्रमा लगानी बढाउन अभिपे्ररित गरिनेछ। | ✓ | - | - | कसरी अभिप्रेरित गर्ने हो स्पष्ट छैन। |
| १३ | नेपालका विभिन्न हिमाल आरोहण गरी ख्याति कमाएका बिदेशी ब्यक्तिहरू, नेपालको बारेमा सकारात्मक सोंचाई राख्ने अन्तर्राष्ट्रिय ख्यातिप्राप्त ब्यक्तिहरू, नेपाललाई माया गर्ने अन्य क्षेत्रका बिदेशी प्रतिष्ठित महानुभावहरूलाई नेपालका साथी (Friends of Nepal) का रूपमा मान्यता प्रदान गरी मौखिक प्रबद्र्धन (Words of Mouth) बाट | - | ✓ | - | नेपाल बसाईको क्रममा नेपालबाट प्रभावित भएमा नेपाल वारे उनीहरूले स्वत: बोल्छन्; |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रचारप्रसारमा उनीहरुको सहयोग लिइनेछ। नेपालका साथीलाई पर्यटन प्रबद्र्धनको सिलसिलामा नेपाल आउँदा भिसा शुल्कमा सहुलियत दिने छ व्यवस्था मिलाइनेछ। ख्यातिप्राप्त नेपालीलाई अन्तर्राष्ट्रिय स्तरमा पर्यटन प्रबद्र्धन गर्ने कार्यमा सहभागी गराइनेछ | | | | |
| १४ | नेपाल भ्रमणमा आउने पर्यटक संख्या बृद्धिमा ठोस योगदान पुर्याउने स्वदेशी तथा विदेशी व्यक्ति वा संस्थालाई राष्ट्रियस्तरको आकर्षक सम्मान वा सहुलियतयुक्त प्याकेजको व्यवस्था गरिनेछ। | - | - | × | यस्तो मूल्याङ्कनको पद्धति नै छैन |
| १५ | बिदेशी मुलुकमा बसोबास गरेका गैरआवासीय नेपाली र उनीहरूको सँस्थालाइ नेपालको पर्यटन प्रबद्र्धन र प्रचारप्रसारमा उपयोग गरिनेछ। बढी पर्यटक नेपाल पठाउने, पर्यटन प्रबद्र्धन गर्ने र पर्यटनका क्षेत्रमा लगानी बढाउन योगदान पुर्याउने सँस्था तथा गैरआवासीय नेपालीलाई प्रोत्साहन स्वरुप पुरस्कृत र सम्मान गरिनेछ। | - | - | × | यस्तो मूल्याङ्कनको पद्धति नै छैन |
| १६ | नेपाल आउने पर्यटकहरुलाई सरल ढंगले भिषा प्रदान गर्ने व्यवस्था मिलाइने छ। SARC तथा BIMSTEC राष्ट्रका नागरिकहरुका सम्बन्धमा सदस्य राष्ट्रहरु बीचको पारस्परिकताका आधारमा भिसा सम्बन्धी विशेष व्यवस्था गरिने छ। | ✓ | - | - | - |
| १७ | नेपाल प्रवेश गर्ने पर्यटकहरुका लागि नेपालको प्रवेश विन्दुमानै भिसा प्रदान गर्ने व्यवस्थालाई प्रभावकारी बनाईनेछ। | ✓ | - | - | |
| १८ | अन्तर्राष्ट्रिय विमानस्थलमा प्रवेश र प्रस्थानको प्रक्रियालाई सरल र व्यवस्थित गरिनेछ। | ✓ | - | - | |
| १९ | नेपालभित्र पर्यटन उद्योगमा एकैपटक निश्चित रकम लगानी गर्ने बिदेशी लगानीकर्ता र आश्रित परिवारलाई लगानी कायम रहेसम्म सम्मान स्वरुप आवासीय भिसा दिने व्यवस्था मिलाइनेछ। | - | - | × | |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | पर्यटकीय उद्गम मुलुकका ज्येष्ठ नागरिक तथा परिवारलाई निश्चित विदेशी मुद्रा बैङ्क मार्फत् ल्याउने गरी नेपालमा नै लामो अवधि बस्न आवासीय भिसा दिन सक्ने व्यवस्था मिलाइनेछ । | - | - | × | |
| २१ | पर्यटन बजारको विद्यमान अवस्था, प्रगति र भविष्यको संभाव्यता समेतको अध्ययन अनुसन्धान गरी पर्यटन प्रवद्र्धन गर्न नेपाल पर्यटन बोर्डलाई दिशा निर्देश गरिनेछ | - | ✓ | - | |
| २२ | पर्यटन गतिविधिहरू बारे जनचेतना जगाउन विभिन्न स्थानमा महोत्सव, मेला, अन्तरक्रिया जस्ता कार्यक्रमहरू जनस्तरमा सन्चालन गरिनेछ। स्थानीय निकाय एवं स्थानीयस्तरको अग्रसरता र आयोजनामा हुने यस्ता कार्यक्रमहरूमा प्राबिधिक सहयोग गर्ने र नियमितरुपमा क्यालेण्डरमा समावेश गरी अन्य प्रबद्र्धन कार्यमा सहयोग पुर्याउने नीति लिइने छ । | ✓ | - | - | |
| २३ | राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई पर्यटन सम्बन्धी जनचेतना अभिबृद्धि र सामाजिक परिचालनका लागि प्रोत्साहन गरिनेछ । | - | - | × | |
| नीति ख | देशका मूर्त–अमूर्त प्राकृतिक, सांस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरुको खोज, संरक्षण, सम्बद्र्धन एवं विकास गरी नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्य स्थलको रुपमा विकास गर्ने, | २*४=८ | ७*२=१४ | ११*०=० | ८+१४=२२, २२/२० =१.१=२२% = एक चौथाई भन्दा कम |
| १ | ग्रामीण पर्यटनलाई गरीबी निबारणसँग आवद्ध गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ । | - | ✓ | - | ठोस कार्यक्रम परिभाषित छैन । |
| २ | उच्च आय वर्गका पर्यटकलाई ग्रामीण पर्यटन तर्फ आकर्षित गराउन पर्यटन व्यवसायीलाई प्रोत्साहन दिइनेछ । | - | - | × | कस्तो प्रोत्साहन गर्ने हो स्पष्ट छैन |
| ३ | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु तर्फ आकर्षित पर्यटकलाई पर्या–पर्यटन, ग्रामीण पर्यटनसँग आवद्ध गराउनका लागि आवश्यक प्याकेज बनाउन पर्यटन व्यवसायीलाई प्रोत्साहन दिइनेछ । | - | - | × | कस्तो प्रोत्साहन गर्ने हो स्पष्ट छैन |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जिवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामिण पर्यटन पूर्वाधारको दिगो विकास गरिनेछ । | - | ✓ | - | प्रमुख पर्यटकीय गन्तब्य विकास हुँदै जाँदा यो हुने हो |
| ५ | स्थानीय उत्पादनलाई पर्यटन प्रबद्र्धनसँग आबद्ध गरी पर्यटनबाट प्राप्त लाभ स्थानीय समुदायसम्म पुर्याउने नीति लिइनेछ । | - | - | × | कृषि नीति र कार्यक्रमले सम्बोधन गर्नुपर्ने |
| ६ | ग्रामीण पर्यटनको माध्यमबाट विपन्न, महिला, मधेशी, आदिवासी जनजाती र हालसम्म समेट्न नसकिएका समूहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाटप्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने संरचनाको निर्माण र विकास गरिनेछ । | - | - | × | कस्तो संरचना हो स्पष्ट छैन |
| ७ | महिलाको नेतृत्वमा वा महिला समूहद्वारा संचालन गरिने पर्यटकीय कृयाकलापहरुमा विशेष प्रोत्साहन सहित प्रबद्र्धन गरिनेछ । | - | - | × | विशेष प्रोत्साहन परिभाषित भएन |
| ८ | स्थापित पर्यटकीय सम्पदाका साथै ग्रामीण क्षेत्रमा विकास गरिएका नयाँ पर्यटकीय सम्पदालाई समेत उच्च प्राथमिकता दिई प्रचार प्रसार गरिनेछ । | - | ✓ | - | प्रमुख पर्यटकीय गन्तब्यको विकास र प्रचार प्रसार संगै यो संभव हुने हुन्छ |
| ९ | ग्रामीण क्षेत्रका पर्यटक स्थलबाट भएको आम्दानीको निश्चित हिस्सा स्थानीय स्तरमा पर्यटन पूर्वाधार, वातावरण संरक्षण लगायत सामाजिक क्षेत्रमा खर्च गरिनेछ । | ✓ | - | - | - |
| १० | स्थानीय समुदायहरुद्वारा उत्पादित मौलिक र परम्परागत हस्तकला तथा अन्य उपहार सामग्रीको विक्री वितरणको लागि बजार व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ । | - | - | × | |
| ११ | विभिन्न क्षेत्रमा भएका पर्यटकीय सम्पदाहरूको छुट्टा छुट्टै विशिष्ट पहिचान बनाई “एक स्थान एक पहिचानको” नीति अवलम्बन गरिनेछ । | - | - | × | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | नेपालका पर्यटकीय सम्भाव्य गाउँहरूलाई स्थानीय जनसहभागिता समेतका आधारमा ग्रामीण पर्यटनस्थलका रूपमा विकास गरिनेछ । | - | - | × | |
| १३ | नेपालका पयर्टकीय गाउँको छनौट तथा विकास गरी पर्यटकहरुका लागि खास अवधिको Home Stay Village Tourism कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । | - | ✓ | - | |
| १४ | पर्यटकीय दृष्टिले महत्वपूर्ण पर्यटक स्थलको खोजी, पूर्वाधारको निर्माण, विकास र सञ्चालन गर्न विविध कृयाकलाप र गतिविधि अपनाइने छ । | ✓ | - | - | |
| १५ | स्थानीय स्तरमा मौलिक आकर्षण भएका सम्भाव्य गाउँहरूमध्ये प्रत्येक वर्ष कम्तीमा एक गाउँलाई पर्यटन गाउँका रूपमा विकास र प्रबद्र्धन गरिनेछ । | - | ✓ | - | |
| १६ | पर्यटनलाई गाउँ गाउँसम्म बिस्तार गरी स्थानीय बिपन्न परिवार, पिछडिएका बर्ग, महिला तथा बेरोजगार एवं अर्ध बेरोजगारहरूलाई प्रत्यक्ष फाइदा पुग्ने कृयाकलापहरु संचालन गरिनेछ । | - | - | × | |
| १७ | स्थानीयस्तरका कार्यगत समूह र सामुदायिक संस्थाहरू मार्फत सामाजिक परिचालन गर्नुका अतिरिक्त पूर्वाधार निर्माणका लागि स्थानीय निकाय एवं नेपाल सरकारबाट वित्तीय श्रोत परिचालन गरिनेछ । | - | ✓ | - | |
| १८ | पर्यटनको महत्व र त्यसबाट प्राप्त हुने लाभका विषयमा आम जनमानसममा चेतना जगाउन श्रव्यदृष्य लगायत अन्य उपयुक्त माध्यमबाट जनचेतनामूलक कार्यक्रम सन्चालन गरिनेछ । | - | - | × | |
| १९ | समुदायमा आधारित पर्यटन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय निकाय, निजी स्रोत र गैर सरकारी क्षेत्रलाई प्रोत्साहन गरी पर्यटकीय क्रियाकलापलाई ग्रामीण गरिबी निवारणसँग आवद्ध गरिनेछ । | - | - | × | |
| २० | समुदायमा स्थापित आदिवासी जनजातिको परम्परागत ज्ञान (Traditional Knowledge) मा आधारित सम्पदाहरुको संरक्षण गरी | - | ✓ | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पर्यटन विकास एवं प्रवद्र्धनमा आवद्ध गराईनेछ। | | | | |
| नीति-ग | आन्तरिक पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रुपमा अघि बढाइनेछ। | १*४=४ | १*२=२ | ३*०=० | ४+२=६, ६/५ =१.२=२४%= एक चौथाई भन्दा कम प्रगति |
| १ | आन्तरिक पर्यटनको विकास र विस्तारमा जोड दिइनेछ। | - | ✓ | - | |
| २ | मुलुकको एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्ने नेपाली नागरिकलाई पनि आन्तरिक पर्यटकको रुपमा मान्यता दिइनेछ। | ✓ | - | - | |
| ३ | हिमाल, पहाड र तराईका विभिन्न पर्यटकीय स्थलहरूमा नेपाली पर्यटकहरूलाई भ्रमण गर्न प्रोत्साहन गरिनेछ। | - | - | × | |
| ४ | आन्तरिक पर्यटकहरूलाई आकर्षित गर्न निजी क्षेत्रको समन्वयमा पर्यटकीय प्याकेजहरूको विकास गरी कर्मचारीहरुलाई यात्रा उत्प्रेरणा विदा (Travel Incentive Leaves) शैक्षिक भ्रमण र अध्ययन अवलोकन भ्रमणको व्यवस्थाको लागि प्रोत्साहन गरिनेछ। | - | - | × | |
| ५ | सबै क्षेत्रमा काम गर्ने जनशक्तिलाई आन्तरिक पर्यटनतर्फ आकर्षित गर्न निश्चित सहुलियतयुक्त बिदासहितको स्थानीय भ्रमण प्रोत्साहन कार्यक्रम (Local Travel Concessions) लागू गरिनेछ। | - | - | × | |
| नीति-घ | पर्यटन उद्योगले उपलब्ध गराउने सेवाको प्रकृतिका आधारमा पर्यटन उद्योगलाई विशिष्टीकृत रुपमा विभाजन गरिनेछ र पर्यटन उद्योगले उपलब्ध गराउने सेवाको क्षमताको आधारमा ठूला, मझौला र साना उद्योगमा वर्गीकरण गरिनेछ। | - | - | × | |
| | | ० | ० | ० | ० प्रतिशत |

| | | | | | |
|---|---|---|---|---|---|
| नीति ङ | ठूला प्रकृतिका पर्यटन उद्योगमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ता मार्फत सार्वजनिक तथा निजी साझेदारीमा र मझौला र साना प्रकृतिका पर्यटन उद्योगमा राष्ट्रिय लगानीकर्तालाई प्राथमिकताको आधारमा लगानी खुला गरिनेछ। पर्यटन पूर्वाधार विकासको लागि निर्माण, स्वामित्व, संचालन र हस्तान्तरण सम्बन्धी कानूनी अवधारणा र प्रकृया (BOOT) मोडेलमा सञ्चालन गरिनेछ। | ६*४=२४ | १६*२=३२ | १०*०=० | २४+३२=५६, ५६/३२ = १.७५=३५% = आंशिक |
| १. क | व्यावसायिक पर्यटन पर्यटन व्यवसायलाई देहाय बमोजिमका गतिविधिहरूको आधारमा विविधीकरण, विस्तार र विकास गरिनेछः– सभा, सम्मेलन, व्यापार–मेला, सांस्कृतिक महोत्सव र रचनात्मक एवं प्रबद्र्धनात्मक पर्यटक गतिविधिको माध्यमबाट नेपालमा व्यवासायिक कृयाकलाप आयोजना गर्न प्रोत्साहन गरिनेछ। | - | ✓ | - | |
| ख | अन्तर्राष्ट्रिय संघ संगठनका विभिन्न तहका कार्यालयको स्थापना, त्यस्ता संघ सँगठनको बैठक, भेला, सभा सम्मेलन नेपालमा गर्न प्रोत्साहन गरिनेछ। | - | - | × | |
| २ क | पर्वतारोहण: पर्वतारोहणलाई बढी व्यवस्थित र वातावरणमैत्री तुल्याई नेपाललाई पर्वतारोहणका क्षेत्रमा एउटा उत्कृष्ट गन्तव्यस्थलको रुपमा विकास गरिनेछ। | ✓ | - | - | |
| ख | पर्वतारोहणका दृष्टिले पहुँच नपुगेका सम्भाव्य क्षेत्रमा पर्वतारोहण शुल्क केही समयका लागि मिनाहा दिईनेछ। | - | ✓ | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| ग | नेपालका हिमचुलीहरू आरोहणका लागि क्रमशः खुला गर्दै लगिनेछ । | ✓ | - | - | |
| घ | निश्चित उचाइभन्दा मुनिका र प्राविधिक दृष्टिकोणले आरोहणका लागि सरल मानिएका हिम चुलीहरूलाई पदयात्रा चुली (Trekking Peaks) का रुपमा प्रबद्र्धन गरिनेछ । | - | ✓ | - | |
| ३<br><br>क | नेपालको पदयात्रा:<br>नेपालको पदयात्रा पर्यटनलाई विश्वको एउटा उत्कृष्ट पर्यटकीय सम्पदाको रुपमा बढी सुरक्षित, भरपर्दो र आकर्षक बनाईनेछ । | - | ✓ | - | |
| ख | पदयात्रा सम्बन्धी नीतिगत तथा अन्य व्यवस्थापकीय कार्य पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यक्षेत्रभित्र समावेश गरिनेछ | - | - | × | |
| ग | पदयात्रा पर्यटनमा उच्च आय वर्गका पर्यटकको आकर्षणमा वृद्धि गराउन हाल संचालनमा रहेका क्षेत्रलाई अझ बढी व्यवस्थित गरिनेछ । | - | - | × | |
| घ | पदयात्राकालागि नयाँ रुटहरुको खोजी र विकास गरिनेछ र यसकालागि सरकारी लगानीमा प्राथमिकता दिइनेछ । | - | ✓ | - | |
| ङ | पदयात्रा पर्यटनलाई बढी सुरक्षित, भरपर्दो र आकर्षक बनाउन आवास व्यवस्था, सुरक्षा लगायतका क्षेत्रमा भएका विद्यमान प्रयासलाई स्थानीय समुदायको सहभागितामा अझ बढी प्रभावकारी बनाइनेछ । | - | ✓ | - | |
| च | पर्यटकीय पूर्वाधार र आवास जस्ता सेवा सुविधाहरू उपलब्ध नभएका वा अपुग भएका प्राकृतिक तथा वातावरणीय दृष्टिकोणले विशेष महत्व राख्ने तथा सुरक्षाका दृष्टिकोणले संवेदनशील मानिएका स्थलहरूलाई निर्देशित पदयात्रा क्षेत्रका रूपमा कायमै राख्ने नीति लिइने छ । यसका लागि निश्चित संख्यामा समूहयात्रा गर्ने पर्यटकहरूलाई पदयात्रा अनुमतिको आधारमा ट्रेकिङ्ग एजेन्सी मार्फत मात्र यात्रा गर्न दिने व्यवस्था मिलाइनेछ । | - | - | × | नीतिमा उल्लिखित, कार्यान्वयन नभएको |

| | | | | | |
|---|---|---|---|---|---|
| छ | निर्देशित पदयात्रा क्षेत्र बाहेक बाँकी पदयात्रा क्षेत्रहरूलाई साधारण पदयात्रा क्षेत्रको रुपमा तोकी त्यस्ता क्षेत्रहरुमा व्यक्तिगत वा सामुहिक रूपमा पदयात्रा गर्न पाउने व्यवस्था गरिनेछ । | ✓ | - | - | |
| ज | पदयात्रा पर्यटनमा संलग्न कामदारलाई पर्यटकस्थलमा न्यूनतम आधारभूत सेवा र सुविधा उपलब्ध गराउने तर्फ समन्वय गरिनेछ । | ✓ | - | - | |
| ४<br><br>क | जलयात्रा<br>जलयात्रालाई बढी व्यवस्थित, व्यावसायिक र वातावरण मैत्री तुल्याई नेपाललाई एउटा आकर्षक जलयात्रा गन्तब्यको क्षेत्रका रुपमा विकास र विस्तार गरिनेछ । | - | ✓ | - | |
| ख | जलयात्राका लागि सम्भाब्य नदी तथा नदीखण्डहरुलाई क्रमशः खुला गर्दै लैजाने नीति लिइनेछ । | ✓ | - | - | |
| ग | इजाजतप्राप्त जलयात्रा व्यवसायी मार्फत तोकिएका नदीमा मात्र जलयात्रा गतिविधि सञ्चालन गर्न पाउने गरी कानुनी ब्यबस्था मिलाइनेछ । | ✓ | - | - | |
| घ | जलयात्रा क्रियाकलापलाई सुरक्षित र भरपर्दो बनाउनुकासाथै निजी क्षेत्रसँग समन्वय गरी आपतकालीन उद्धार र सुरक्षाको लागि उपयुक्त संयन्त्र बनाइनेछ । | - | ✓ | - | |
| ङ | साहसिक पर्यटन जल, स्थल र वायुमा आधारित मनोरञ्जनपूर्ण क्यान्योनिङ, र्याफ्टिङ्, बन्जीजम्पिङ्ग, प्याराग्लाइडिब, स्किइङ्, Sky diviing, Heli Skii जस्ता साहसिक पर्यटन क्रियाकलापहरू देशका विभिन्न क्षेत्रमा सन्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । साहसिक क्रियाकलापमा सुरक्षित र सम्भव देखिएका नदी, पहाड तथा हिमशिखरहरूको उपयोग गरिनेछ । साहसिक क्रियाकलापमा संलग्न हुनेहरुको वीमा लगायत भौतिक तथा वित्तीय सुरक्षाका उपायहरुको | - | ✓ | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अवलम्बन सम्बन्धित व्यवसायीले गर्नुपर्ने व्यवस्था गरिनेछ । | | | | |
| ६ | साँस्कृतिक पर्यटनः विभिन्न जातजातिहरूका मौलिक संस्कृतिलाई समेटी सांस्कृतिक पर्यटनलाई जोड दिने क्रियाकलापहरुको सञ्चालनमा स्थानीय निकाय र जनसमुदायलाई प्रोत्साहन गरिनेछ । | - | ✓ | - | |
| ७ | धार्मिक पर्यटन: (क) नेपालका धार्मिक पर्यटकीय गन्तव्यलाई आध्यात्मिक एवं तीर्थाटनको केन्द्रको रुपमा विकास गरी त्यसमा नियमन गरिनेछ । | - | ✓ | - | |
| ख | भगवान् गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीलाई बौद्ध धर्म, दर्शन एवं अन्तर्राष्ट्रिय शान्ति र आध्यात्मिक शान्ति केन्द्रको रूपमा विकास गरी बिश्वव्यापी प्रबद्र्धन गरिनेछ । बुद्धको जीवनीसँग सम्बन्धित लुम्बिनी आसपासका क्षेत्रहरू (तिलौराकोट, रामग्राम, देवदह, कोटीहवा, निग्लिहवा, सगरहवा, अरौराकोट, कुदान, सिसानिया) लाई बौद्ध उपपरिपथ (Buddhist Circuit) का रूपमा एकीकृत विकास एवं प्रबद्र्धन गरिनेछ । | - | ✓ | - | बौद्ध उपपरिपथ विकास गर्न नसकिएको |
| ग | प्रमुख धार्मिक क्षेत्रहरूको प्रवद्र्धन गर्नुका साथै विभिन्न धर्मावलम्बीहरूका धार्मिक एवं पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थलहरूको पहिचान गरी धार्मिक पर्यटनको विकास एवं विस्तार गरिनेछ । | - | ✓ | - | |
| ८ | खेलकूद पर्यटन पर्यटन प्रबद्र्धनको लागि उच्च आय बर्गका पर्यटकहरूलाई आकर्षित गर्न गल्फ, हात्ती पोलो, क्रिकेट, फुटबल, आदिको समन्वयात्मक ढंगले प्रबद्र्धन तथा आयोजना गरिनेछ । | - | ✓ | - | |
| ९ | क्यासिनो उच्च आय बर्गका पर्यटकहरूलाई आकर्षित गर्न क्यासिनोलाई मर्यादित रुपमा सञ्चालन गराईनेछ । | - | ✓ | - | |
| १० | चलचित्र पर्यटन: नेपालमा चलचित्र छायाँकनका लागि आउने बिदेशी चलचित्र निर्माताहरुलाई एकद्वार प्रणालीबाट सेवा उपलब्ध गराई | - | ✓ | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | चलचित्र पर्यटनलाई प्रोत्साहन गरिनेछ । | | | | |
| ११ | शैक्षिक पर्यटन (क) गुणस्तरीय शैक्षिक प्रतिष्ठानलाई बजारीकरण गरी बिदेशी विद्यार्थीलाई तालीम तथा अध्ययनको अवसर प्रदान गरी विविध क्षेत्रमा तालिम तथा अध्ययन भ्रमणमा प्रोत्साहन दिईनेछ । | - | - | × | |
| १२<br>क | स्वास्थ्य पर्यटन<br>होमियोप्याथी, आध्यात्मिक साधना, ध्यान, योगसाधना एवं प्राकृतिक उपचार केन्द्रको रूपमा नेपाललाई विकास र प्रबद्र्धन गर्दै आयुर्वेद जस्ता परम्परागत उपचार पद्धतिको प्रचार प्रसारका साथै निजी क्षेत्रको सहभागितामा पर्यटक आवास गृहको विकास गर्ने विषयमा आवश्यक अध्ययन गरी सोका आधारमा पूर्वाधारको विकास गरी स्वास्थ्य केन्द्रसँगै जोडिएका अन्य सम्बन्धित केन्द्रहरुको विकास कार्यक्रम अगाडि बढाइनेछ । | - | - | × | |
| ख | स्वास्थ्य सेवाको क्षेत्रमा विकास भएका कम लागतको उपचारको उपयोगको वारेमा विशेष रुपमा प्रचार प्रसार गरिनेछ । | - | - | × | |
| ग | स्वास्थ्योपचार पश्चात आराम प्राप्तिका लागि नेपालका अनुपम प्राकृतिक स्थलमा बसाईको महत्व वारे विशेष रुपमा प्रचार प्रसार गरी यस सम्बन्धी पूर्वाधार विकासमा निजी क्षेत्रलाई सहभागी गराइनेछ । | - | - | × | |
| १३<br>क | कृषि पर्यटनः<br>पर्यटकीय क्षेत्र तथा पर्यटकीय मार्गमा स्थानीय कृषिक्षेत्रबाट उत्पादित कृषिजन्य उपजको प्रयोग बढाउनकालागि कृषि मन्त्रालयसँग समन्वय गरी त्यस्ता ठाउँहरूमा कृषिजन्य उत्पादन बढाउने कार्यक्रम ल्याईनेछ । यस्तै खास किसिमका वस्तु उत्पादन हुने क्षेत्रमा "एक गाउँ एक उत्पादन" (One Village One Product) कार्यक्रम सञ्चालन गरिनेछ । | - | - | × | |
| ख | देशका विभिन्न भागमा बनेका ग्रामीण कृषि सडक मध्ये सम्भाव्य सडकलाई विशेषतः साईकल चढने यात्रुकोलागि प्रयोग हुन सक्ने गरी पर्यटन मार्गको | | - | × | |

| | | | | | |
|---|---|---|---|---|---|
| | रुपमा विकास गरिनेछ । | | | | |
| नीति च | पर्यटन क्षेत्रको पूर्वाधार विकासमा अहं भूमिका खेल्ने हवाई सेवालाई सुरक्षित नियमित र भरपर्दो बनाइनेछ । | १*४=४ | २*२=४ | १*०=० | ४+४=८, ८/४ =२=४०%= आंशिक |
| १ | पर्यटन क्षेत्रको पूर्वाधार विकासमा अहं भूमिका खेल्ने हवाई सेवालाई व्यापक र सरल बनाउन दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल तथा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलहरुको विकास र संचालन गरी अन्तर्राष्ट्रिय क्षेत्रमा पहुँच बढाइनेछ । | - | ✓ | - | |
| २ | नेपालमा बढीभन्दा बढी पर्यटक भित्र्याउन सहयोग पुयाउने राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको सेवा विस्तार गरी निगमको सेवालाई बढी भरपर्दो, नियमित र प्रभावकारी बनाइनेछ । | - | ✓ | - | |
| ३ | नेपालमा बढीभन्दा बढी पर्यटक भित्र्याउन सहयोग पुर्याउने मित्रराष्ट्रसँग हवाई सेवा सम्झौताको विस्तार र विकास गरिनेछ । | ✓ | - | - | |
| ४ | राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमलाई सार्वजनिक तथा निजी साझेदारीको अवधारणा अनुसार सञ्चालन गरिनेछ । | - | - | × | |
| नीति छ | पर्यटन क्षेत्रको विकासमा सरकारको भूमिका ठूला पूर्वाधार निर्माण र पर्यटन सेवा वा वस्तुको विकास एवं विस्तारमा सहजकर्ता, नियमनकर्ता, समन्वयकर्ता र उत्प्रेरकको रुपमा रहने गरी यस क्षेत्रमा निजीक्षेत्रको भूमिकालाई प्रोत्साहन गरिनेछ । | १*४=४ | १*२=२ | - | ६/२ =३=६०%= कार्यान्वयन भएको |
| १ | पर्यटन प्रबद्र्धनको क्षेत्रमा सरकारले सहजकर्ता, नियमनकर्ता, समन्वयकर्ता र उत्प्रेरकको भूमिका खेल्नेछ । सरकारको भूमिकालाई मूलतः पर्यटकीय पूर्वाधार, जनशक्ति विकास, सुरक्षा, उद्धार, अध्ययन–अनुसन्धान, बैदेशिक समन्वय जस्ता कार्यमा बढी केन्द्रित गरिनेछ । | ✓ | - | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | पर्यटन प्रबद्र्धन सम्बन्धी कार्यक्रमहरू निजी क्षेत्रको सहभागितामा नेपाल पर्यटन बोर्डे तथा अन्य निकाय मार्फत सञ्चालन गरिनेछ । | - | ✓ | - | |
| नीति ज | पर्यटन सेवाको सँख्यात्मक तथा गुणात्मक अभिवृद्धिकालागि मानव संसाधनको विकास तथा व्यवस्थापन, गुरुयोजना तर्जुमा र कार्यान्वयन, तथ्याङ्क संकलन र प्रयोग जस्ता कार्यक्रम निजी क्षेत्रसंगको समन्वयमा संचालन गरिनेछ । | ३*४=१२ | ११*२=२२ | १*०=० | १२+२२=३४, ३४/१५ =२.६७=४५.३३%= आंशिक |
| १ | पर्यटन सेवामा गुणस्तर अभिबृद्धि गर्न सरकारी र निजी क्षेत्रमा स्थापित अध्ययन संस्थान वा तालिम केन्द्रबाट सन्चालन हुने पर्यटन सम्बद्ध अध्ययन तथा तालिम कार्यक्रमलाई समय सापेक्ष रुपमा गुणस्तरीय र प्रभावकारी बनाइनेछ । | - | ✓ | - | |
| २ | स्वदेशी जनशक्तिलाई पर्यटन उद्योग व्यवसायमा बढी मात्रामा संलग्न गराउन प्राथमिकता दिने नीति लिइनेछ । | - | ✓ | - | |
| ३ | पर्यटन क्षेत्रसँग सम्बन्धित मानव संशाधनको विकासमा जोड दिइनुका साथै यस क्षेत्रमा निजी क्षेत्रको संलग्नतालाई बढावा दिइनेछ । | ✓ | - | - | |
| ४ | पर्यटन क्षेत्रको जनशक्ति उत्पादन गर्ने नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM) लाई छाता संगठनको रुपमा विकास गरी निजी क्षेत्रको संलग्नतामा प्रभावकारी जनशक्ति उत्पादन गर्ने नमूना केन्द्र (Centre of Excellence) को रुपमा विकास गरी यस संस्थालाई छुट्टै ऐनद्वारा व्यवस्थित तथा आत्मनिर्भर बनाई पर्यटन सम्बन्धी जनशक्ति विकास कार्यक्रमको समन्वय, अनुगमन एवं नियमन गर्ने निकायको रुपमा विकास गरिनेछ । | - | ✓ | - | |
| ५ | पर्यटन सम्बन्धी उच्च तहको शैक्षिक उपाधिसहितको शिक्षाका साथै विभिन्न सीपमूलक अल्पकालीन र मध्यकालीन तालिमलाई माग अनुरूप विविधीकरण गरी मुलुकका दुर्गम एवं सम्भाव्य पर्यटकीय क्षेत्रहरुमा | - | ✓ | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विस्तार गरिनेछ । यसरी कार्यक्रम सञ्चालन गर्दा महिला, आदिवासी जनजाति, दलित, मधेशी लगायतका पिछडिएका वर्गलाई सहयोग पुग्ने किसिमका कार्यक्रमहरुलागू गरिनेछ । | | | | |
| ६ | पर्यटन क्षेत्रको जनशक्ति विकास गर्न विद्यालय तह देखिनै पर्यटन विषयलाई पाठ्यक्रममा समावेश गर्न समन्वय गरिनेछ । | - | - | × | |
| नीति झ | पर्यटकीय पूर्वाधारको विकास, निर्माण र संचालनमा वातावरण संरक्षणको पक्षलाई प्राथमिकता दिई कार्यान्वयन पक्षलाई प्रभावकारी बनाईनेछ । | २*४=८ | ८*२=१६ | ५*०=० | ८+१६=२४, २४/१५ =१.६=४५.३२%= एक तिहाई |
| १ | सांस्कृतिक र प्राकृतिक सम्पदाको दिगो उपयोग गरिनेछ । | - | ✓ | - | |
| २ | पर्यटकीय पूर्वाधार निर्माण एवं क्रियाकलाप संचालनमा वातावरण संरक्षण पक्षलाई प्राथमिकता दिइनेछ, | - | ✓ | - | |
| ३ | पर्या–पर्यटनलाई प्राथमिकता दिईनेछ | - | ✓ | - | |
| ४ | जलयात्रा सञ्चालनमा जलप्रदूषण लगायतका अन्य प्रदूषण सीमा निर्धारण गरी त्यसको अधीनमा सञ्चालन र नियमन गरिनेछ । | - | ✓ | - | |
| ५ | संरक्षित र आरक्षित क्षेत्रहरु एवं राष्ट्रिय निकुञ्जहरुमा पर्यटकहरुलाई आकर्षित गर्ने र तिनीहरुको व्यवस्थापन, संरक्षण, सञ्चालन र नियमनमा स्थानीय जनसहभागिताको बृद्धि गरिनेछ । | - | ✓ | - | |
| ६ | वातावरण मैत्री पर्यटन व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई प्रोत्साहित पुरस्कृत गरिनेछ । | - | - | × | |
| ७ | देशमा विद्यमान जैविक विविधता एवं वन्यजन्तु अवलोकनलाई पर्यटकीय उपजको रूपमा विकास, विस्तार र प्रबद्र्धन गरिनेछ । | - | ✓ | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु तर्फ आकर्षित उच्च आय वर्गका पर्यटकलाई ग्रामीण पर्यटन तर्फ समेत आकर्षित गरिने उपायको अवलम्बन गरिनेछ, | - | - | × | |
| ९ | पदयात्रा मार्ग, आधार शिविर तथा हिमाललाई सफा र प्रदूषणमुक्त बनाउन सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट भएका प्रयासलाई प्रभावकारी र नियमित बनाइनेछ । | - | ✓ | - | |
| १० | पर्यटकीय कृयाकलापमा प्रयोग हुने हिमशिखरहरू, पदयात्रा क्षेत्रहरु तथा मार्गहरु र जलयात्रामा प्रयोग हुने नदीहरुको वातावरणीय स्वच्छता कायमै राखी दिगो व्यवस्थापन गर्न त्यस्ता क्षेत्रका लागि छुट्टै फोहरमैला व्यवस्थापन तथा वातावरण संरक्षणसम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गरिनेछ । | - | - | × | |
| ११ | महत्वपूर्ण भौतिक तथा जीवन्त सम्पदा र पुरातात्विक स्थलहरुको संरक्षण एवं विकास गरी पर्यटकीय प्रयोजनका लागि उपयोग गरिनेछ । | ✓ | - | - | |
| १२ | स्थानीय स्तरका पर्यटकीय स्थलहरूका साथै अमूर्त सांस्कृतिक सम्पदाहरुको संरक्षण एवं सम्बद्र्धन कार्यमा स्थानीय निकायहरू, महिला, आदिवासी जनजाति, मधेसी, दलित, पिछडिएको क्षेत्र र स्थानीय समुदायलाई प्रोत्साहन गरिनेछ । | - | - | × | |
| १३ | पर्यटन क्षेत्रलाई सघाउने धार्मिक, सांस्कृतिक एवं लोक परम्परा र स्थलहरूको पहिचान, संरक्षण र विकासमा स्थानीय निकाय र जनसहभागितामा जोड दिइने छ । | - | ✓ | - | |
| १४ | स्थानीय निकायहरूसँगको संयोजनमा सम्पदा विकास व्यवस्थापन र प्रबद्र्धनका कार्यहरू गरिने छ । यसका लागि जिल्ला विकास समितिको अगुवाइमा जिल्लास्तरीय सम्पदा समन्वय समितिको व्यवस्था गर्न पहल गरिनेछ । | - | - | × | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | सम्पदाको उपयोग वापत उठेको रोयल्टी शुल्क मध्येबाट निश्चित प्रतिशत रकम सम्पदा संरक्षणमा खर्च गर्ने व्यवस्था मिलाइनेछ । | ✓ | - | - | |
| नीति ञ | पर्यटकीय व्यवसायको बजारीकरण गर्न आधुनिक सूचना प्रविधिको उपयोग गरिनेछ । | ० | ७*२=१४ | २*०=० | ०+१४=१४, १४/९ =१.५५=३१.११% |
| १ | विद्यमान पर्यटकीय स्थलहरूको बजारीकरण एवं नयाँ स्थानहरुको पहिचान गरी त्यसतर्फ पर्यटक आकर्षण गर्न पर्यटकीय क्षेत्रको नक्साङ्कन तथा आधुनिक सूचना प्रविधिको उपयोग गरी प्रचार प्रसार गरिनेछ । | - | ✓ | - | |
| २ | नेपाल आउन चाहने विदेशी पर्यटकहरुका लागि हवाई टिकट, होटल, ट्राभल टूर सम्बन्धी व्यवस्था एवं तत्सम्बन्धी सूचना Tour Operator मार्फत विदेशबाटै सेवा प्रदान गर्ने व्यवस्था मिलाउन संचार संजाल स्थापना गर्न प्राथमिकता दिइनेछ । | - | ✓ | - | |
| ३ | पर्यटन सम्बन्धी सूचनाहरु एकीकृत गरी Digital अन्य तरिकाले उपलब्ध गराउन पर्यटन सूचना व्यवस्थापन प्रणाली अपनाइनेछ । | - | ✓ | - | |
| ४ | पर्यटकहरूको अभिलेख कम्प्युटराइज्ड गरी पर्यटकहरु सम्बन्धी सूचना एकीकृत गरिने छ । यस प्रयोजनकोलागि परिचयात्मक कार्ड उपयोग गर्ने तर्फ आवश्यक प्रवन्ध मिलाईनेछ । | - | - | × | |
| ५ | पर्यटन क्षेत्रमा देखा परेका नवीनतम अवधारणा एवं मान्यता सम्बन्धी सूचना निरन्तर रुपमा संकलन, विश्लेषण र प्रवाह गर्ने व्यवस्था मिलाइनेछ । | - | ✓ | - | |
| ६ | पर्यटन सम्बन्धी बिद्यमान तथ्यांक संकलन तथा सूचना सम्प्रेषण व्यवस्थालाई सुदृढ तुल्याइनेछ । | - | ✓ | - | |
| ७ | स्थलमार्गबाट आउने भारतीय पर्यटकहरू तथा आन्तरिक पर्यटकहरूको | - | ✓ | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | तथ्यांक संकलन गर्ने व्यवस्था गरिनेछ । | | | | |
| ८ | पर्यटन सम्बन्धी तथ्यांकलाई भरपर्दो र अद्यावधिक गराई विश्लेषण गर्ने प्रकृयाको माध्यमबाट पर्यटकीय सूचना प्रणालीको विकास गरी त्यस्तो सूचनालाई निर्णय निर्माणको आधार बनाईनेछ | - | ✓ | - | |
| ९ | पर्यटनले कुल गार्हस्थ उत्पादनमा पुर्याएको योगदानको यकिन गर्ने पद्धतिको विकासका लागि स्याटलाईट लेखा प्रणाली (Statelite Accounting System) को व्यवस्था गरिने छ | - | - | × | |
| नीति ट | पर्यटकहरूको सुविधा तथा सुरक्षाकालागि आवश्यक प्रवन्ध मिलाईनेछ । | ३*४=१२ | २*२=४ | ०*०=० | १२+४=१६, १६/५ =३.२=६४% |
| १ | शान्ति, सुरक्षा र सामरिक दृष्टिकोणले संवेदनशील मानिएका पर्यटकीय स्थलहरूको भ्रमणमा नियमन गरिनेछ । | ✓ | - | - | |
| २ | पर्यटकहरूको सुविधा तथा सुरक्षाका लागि पर्यटक प्रहरीको व्यवस्थालाई निरन्तरता दिई क्षमता, संख्या र सेवामा क्रमशः बृद्धि गर्दै प्रमुख पर्यटकीय स्थलहरूमा बिस्तार गरिनेछ । | ✓ | - | - | |
| ३ | पर्यटन क्षेत्रमा उत्पन्न हुने संकटको व्यवस्थापन गर्न एउटा उच्च स्तरीय संकट व्यवस्थापन समितिको स्थापना गरिनेछ । यस समितिले निजी क्षेत्रमा स्थापना भएका संस्थाहरूसँग पनि समन्वय गरी कार्यसम्पादन गर्नेछ । | ✓ | - | - | |
| ४ | संकटमा परेका पर्यटकको खोज, उद्धार र संकट व्यवस्थापन (Crisis Management) गर्न अक्षय कोष स्थापना गरिनेछ र सो कोषमा नेपाल पर्यटन बोर्डले प्रत्येक वर्ष निश्चित रकम जम्मा गर्नेछ । | - | ✓ | - | |
| ५ | पर्यटकको नेपाल बसाईँको अवधि सुखमय बनाउन उनीहरुलाई विश्वव्यापी मान्यता प्राप्त आचार संहिताको प्रयोग र पालना गर्ने गराउने व्यवस्था | - | ✓ | - | पर्वतारोहणमा छ |

| | | | | | |
|---|---|---|---|---|---|
| | गरिनेछ । | | | | |
| नीति ठ | पर्यटन उद्योगलाई आधारभूत उद्योगका रुपमा स्थापना गर्न विविध प्रकारका सुविधा तथा सहुलियतहरु प्रदान गरिनेछ । | ३*४=१२ | ३*२=६ | ०*०=० | १२+६=१८, १८/६ =३=२१.६०%= |
| (१) | वर्गीकृत होटल र रिजोर्टलाई औद्योगिक व्यवसाय सम्बन्धी कानुनमा व्यवस्था भए अनुरूपको उद्योगमा वर्गीकरण गरी तदनुकूलको सुविधा उपलब्ध गराइनेछ । | ✓ | - | - | |
| (२) | होटल र रिजोर्ट बाहेकका अन्य पर्यटन उद्योग तथा व्यवसायलाई पनि मूल्य अभिबृद्धि, रोजगारीको सिर्जना र सिर्जनात्मकताको आधारमा नेपाल सरकारद्वारा समय समयमा तोकिएको सुविधा तथा सहुलियतहरू प्रदान गरिनेछ । | - | ✓ | - | |
| (३) | पर्यटन उद्योगलाई आवश्यक पर्ने विजुली र पानी जस्ता वस्तुहरु प्राथमिकताका साथ उपलब्ध गराइने छ । | ✓ | - | - | |
| (४) | नेपाल सरकारद्वारा तोकिएका ग्रामीण क्षेत्रहरूमा खुलेका होटल, रेष्टुराँ तथा रिजोर्ट र अन्य पर्यटन व्यवसायहरूलाई आवश्यकता अनुसार तोकिएका सुविधा तथा सहुलियतहरू प्राथमिकताका साथ उपलब्ध गराउने व्यवस्था मिलाइनछे । | - | ✓ | - | |
| (५) | पर्यटन उद्योगको क्षेत्रमा उत्पन्न हुने विषम तथा असहज परिस्थितिमा पर्यटन उद्योगलाई व्यावसायिक रुपमा सञ्चालन गर्न विशेष सहुलियत सहितको राहत प्याकेज कार्यक्रम लागू गरिनेछ । | - | ✓ | - | |
| (६) | पर्यटकहरूबाट नेपाल सरकारलाई प्राप्त हुने विभिन्न शुल्क, दस्तूर, सलामी तथा अन्य प्रत्यक्ष राजश्वको निश्चित अंश सम्बन्धित जिल्लाको स्थानीय निकायलाई पर्यटकीय पूर्वाधार विकास, सुधार, वातावरण संरक्षण, र दिगो व्यवस्थापनका लागि दिने नीतिलाई निरन्तरता दिइनेछ । | ✓ | - | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| नीति ङ | पर्यटन उद्योगमा संलग्न उद्यमी तथा श्रमिक बीचको सम्बन्ध सुमधुर बनाइनेछ: पर्यटन उद्योगमा कार्यरत श्रमिक तथा कर्मचारीहरूको लागि जोखिमको मात्रा हेरी जीवन बीमा, दुर्घटना बीमा, स्वास्थ्योपचार, उद्धार तथा आकस्मिक राहत जस्ता विषयमा आवश्यक व्यवस्था मिलाइनेछ। | ✓ | - | - | |
| | | १*४=४ | - | - | ४/१= ४= ८०% |
| नीति ढ | पर्यटनको विकास, विस्तार, प्रबद्र्धन र समन्वयकालागि पर्यटनसँग सम्बन्धित कानुनी, संस्थागत र प्रक्रियागत व्यवस्थामा सुधार गरिनेछ। | २*४=८ | २*२=४ | ५*०=० | ८+४=१२, १२/९ =१.३३=२६.६७%= |
| (१) | पर्यटन सम्बन्धी नीतिगत मार्गदर्शन दिन, योजनाहरु तथा विकास कार्यको समीक्षा गर्न, पर्यटन क्षेत्रमा परिआउने बाधा अड्चन फुकाउन तथा सबै मन्त्रालयका कार्यक्रमहरु पर्यटन प्रवद्र्धोन्मुख बनाउन प्रधानमन्त्रीको अध्यक्षतामा अनुसूची–१ बमोजिमको उच्चस्तरीय राष्ट्रिय पर्यटन परिषद् गठन हुनेछ। परिषद्को बैठकमा अध्यक्षको अनुमतिबाट अन्य विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ। | ✓ | - | - | यो संयन्त्र व्यवहारमा प्रभावकारी देखिएन; वैठक नै बसेको पाईएन। |
| (२) | पर्यटन विकास सम्बन्धी नीति निर्माण, योजना तर्जुमा, कार्यान्वियन अनुगमन, समन्वय तथा नियमनको कार्य पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गर्नेछ। त्यसैगरी पर्यटन विकास तथा प्रवद्र्धन सम्बन्धी कार्य नेपाल पर्यटन बोर्डले गर्नेछ। | ✓ | - | - | |
| (३) | पर्यटन क्षेत्र तथा सम्पदा संरक्षण सम्बन्धमा अनुसन्धानका लागि (Documentation Centre) को स्थापना गरिनेछ। | - | - | × | |
| (४) | पर्यटनको क्षेत्रमा अध्ययन तथा अनुसन्धानको कार्यलाई प्रभावकारी बनाउन संस्थागत व्यवस्था गर्नुका साथै पर्यटन सम्बन्धी तथ्यांक एवं सूचनालाई भरपर्दो बनाइनेछ। | - | ✓ | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| (५) | नेपाल पर्यटन बोर्डले आन्तरिक र अन्तर्राष्ट्रिय बजारमा पर्यटनको प्रबद्र्धन लगायत स्वदेशभित्र पर्यटकीय सम्पदाको विकास र स्तरोन्नति सम्बन्धी कार्य गर्ने छ । नेपाल पर्यटन बोर्डको क्षमता अभिबृद्धि गर्न यसको भूमिकालाई थप प्रभावकारी बनाउँदै यसको आम्दानी, खर्च र उपलब्धिलाई पारदर्शी बनाइनेछ । | - | ✓ | - | |
| (६) | पर्यटनसँग सम्बन्धित कानूनमा समसामयिक परिमार्जन गरी पर्यटन व्यवसायलाई सहज, भरपर्दो र गुणस्तरीय बनाई प्राप्त लाभको न्यायोचित वितरण हुने कानूनी व्यवस्था मिलाइनेछ | - | - | × | पर्यटन ऐन, २०३५ हालसम्म परिमार्जन भएको छैन |
| (७) | पर्यटकहरुको आकर्षण बढी भएका तथा पूर्वाधार विकास र सेवा सुविधाको पर्याप्तता देखिएका पर्यटक केन्द्रित क्षेत्रहरुलाई क्षेत्रीय स्तरका पर्यटन केन्द्र (Tourism Hub) को रुपमा विकास गरिनेछ । पर्यटन प्रबद्र्धन सम्बन्धमा त्यस्ता क्षेत्रका कार्यक्रमहरूलाई समन्वयात्मक ढङ्गले सञ्चालन गरिनेछ । | - | - | × | पूर्वाधारको कमीले Tourism Hub को अवधारणा कार्यान्वयन गर्न हुन सकेन |
| (८) | पर्यटन नीति तथा कार्यक्रमहरुलाई समयानुकूल र वस्तुपरक दृष्टिकोणले निर्देशित गर्न बजारको प्रबृत्ति, उद्गम स्थल, अर्थतन्त्रमा दिएको योगदान जस्ता क्षेत्रमा निरन्तर अध्ययन तथा अनुसन्धान गर्ने व्यवस्था मिलाइने छ । पर्यटन सम्बन्धी शैक्षिक उपाधि लिने तथा यस सम्बन्धी अनुसन्धानलाई सघाउ पुर्याउने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ | - | - | × | अध्ययन र अनुसन्धानमा सरकारी लगानी कम छ; विश्वविद्यालयहरू पनि यस क्षेत्रमा पछाडि छन् । |
| (९) | पर्यटनसँग सम्बन्धित विकास समिति तथा गैरसरकारी संस्थाहरुलाई समयानुकूल परिमार्जन गरी स्थानीय निकायसँग आबद्ध गरिनेछ । | - | - | × | गुरू योजना विना बनेका पर्यटन विकास समिति आफैमा सरकारका लागि भार मात्र भएका छन् |
| नीति ण | पर्यटन व्यवसायसँग सम्बन्धित विविध गतिविधिको सञ्चालन र यसका पूर्वाधारको विकास, निर्माण तथा विस्तारमा सम्बन्धित मन्त्रालय वा निकायहरुसँग समन्वय गरी एकीकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ । | ३*४=१२ | ६*२=१२ | ५*०=० | १२+१२=२४, १४/१४ =१=२०% |

| | | | | | |
|---|---|---|---|---|---|
| (१) | नीतिगत विषयमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय लगायत कार्यगत रुपमा विभिन्न मन्त्रालय, विभाग, कार्यालय एवं अन्य निकायसँग समन्वय गरी कार्य गरिनेछ । | - | ✓ | - | |
| (२) | पर्यटन प्रबद्र्धन सम्बन्धी कामकारवाईलाई प्रभावकारी रुपमा परिचालन गर्न प्रमुख पर्यटक उद्गम बजार रहेका देशहरुका नेपाली नियोगहरूमा आवश्यकता र प्राथमिकताका आधारमा पर्यटन एकाईको स्थापना गरिनेछ । | - | - | × | |
| (३) | पर्यटन उद्योगलाई आर्थिक विकासको मेरुदण्डको रूपमा विकास गर्न तथा पर्यटन क्षेत्रसँग सम्बद्ध विभिन्न निकायहरूबीच समन्वय र सामन्जस्यता कायम राख्न पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको अध्यक्षतामा अनुसूची–२ बमोजिमको पर्यटन विकास समन्वय समिति गठन गरिनेछ । अनुसूचीमा रहने सदस्यमा आवश्यकता अनुसार मन्त्रालयले थपघट गर्न सक्नेछ । | ✓ | - | - | |
| (४) | पर्यटन क्षेत्रको व्यावसायिकताको विकास गर्दा मन्त्रालय, नेपाल पर्यटन बोर्ड तथा पर्यटनसँग सम्बन्धित संघ संस्थाहरुको संलग्नतामा वातावरणीय आचार संहिता तयार गरी लागू गरिनेछ । | - | - | × | |
| (५) | स्थानीय निकायको पर्यटकीय क्षमता अभिबृद्धिकालागि स्थानीय निकाय र केन्द्र बीच प्रभावकारी समन्वय संयन्त्रको विकास गरिनेछ । | - | - | × | |
| (६) | प्रत्येक जिल्लामा पर्यटन प्रवद्र्धन र विकास सम्बन्धी कार्यलाई समन्वयात्मक रुपबाट संचालन गर्न जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा स्थानीय पर्यटन व्यवसायी, उद्योग बाणिज्य क्षेत्रका प्रतिनिधि तथा स्थानीय जनसहभागिता समेत रहने गरी पर्यटन प्रवद्र्धन समिति रहनेछ । | ✓ | - | - | |
| (७) | पर्यटकीय सम्भाव्यता भएका जिल्ला विकास समितिमा पर्यटन विकास इकाइ खोली सो इकाइ मार्फत जिल्लास्तरमा पर्यटन कार्यक्रम कार्यान्वयन | - | - | × | |

| | | | | | |
|---|---|---|---|---|---|
| | गर्न प्रोत्साहन गरिनेछ । जिल्लास्तरीय पर्यटन दीर्घकालीन योजना तयारीका लागि प्राबिधिक सहयोग नेपाल पर्यटन बोर्ड र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रदान गर्नेछ । | | | | |
| (८) | नमूना पर्यटकीय गाउँ, सामुदायिक पर्यटन विकास, पर्यटकीय सम्भाब्यता अध्ययन, विभिन्न जिल्ला वा क्षेत्र विशेषको पर्यटकीय गुरुयोजना तर्जुमा आदि कार्यलाई प्राथमिकता दिइनेछ । | - | ✓ | - | |
| (९) | दुर्गम तथा लक्षित पर्यटकीय स्थलहरूमा सानातिना कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय निकाय, स्थानीय सामुदायिक संस्था, स्थानीय उद्यमी समूह र गैरसरकारी संस्थाहरुलाई प्रोत्साहन गरिनेछ । | - | ✓ | - | |
| (१०) | नीतिको कार्यान्वयन सरकारी तथा गैरसरकारी दुबै क्षेत्रबाट हुने सन्दर्भमा नीतिको उद्देश्य प्राप्त भए नभएको तर्फ मन्त्रालय, राष्ट्रिय योजना आयोग लगायत सम्बन्धित निकाय र अनुगमन इकाइबाट अनुगमन हुने व्यवस्था मिलाइनेछ । | - | - | × | |
| (११) | पर्यटन व्यवसायीहरूमा व्यवसायिकताको विकास गर्न आ– आफ्ना व्यवसायिक संघहरूमार्फत आचार संहिता बनाई लागू गर्न प्रोत्साहन गरिनेछ । | - | ✓ | - | |
| (१२) | पर्यटकीय क्षेत्रमा पूर्वाधार विकाससंग सम्बन्धित कृयाकलापहरू संचालन गर्दा छुट्टै ऐनद्वारा प्रकृया पुर्‍याउनु पर्ने विषयलाई यस नीतिले बाधा पारेको मानिने छैन । | ✓ | - | - | |
| (१३) | राष्ट्रिय योजना आयोगद्धारा निर्धारित पद्धति तथा राष्ट्रिय पर्यटन परिषदको निर्देशनका आधारमा मूल्याङ्कन गरिनेछ । | - | ✓ | - | |
| (१४) | पर्यटनसंग सम्बद्ध सेवा प्रदायक संस्थाहरुबाट प्रदान गरिने सेवाको स्तर, वस्तुको गुणस्तर लगायतका स्तर कायम भए नभएको अनुगमन गरिनेछ । | - | ✓ | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| नीति (त) | पर्यटन नीतिको प्रभावकारी कार्यान्वयनका लागि अन्तर मन्त्रालय र सम्बद्ध निकाय वीच समन्वय कायम गर्न उच्चस्तरीय पर्यटन परिषद् र पयर्टन विकास समन्वय समिति गठन गरिनेछ | ✓ | - | - | |
| | नीति त को जम्मा अङ्क | १*४=४ | ० | ४/१=४=८०% | |

# अनुसूची-२

## अध्ययनको क्रममा छलफल गरिएका व्यक्तिहरूको नामावली

१. पूर्व पर्यटन सचिव श्री सुशील घिमिरे

२. पूर्व पर्यटन सचिव श्री केदार बहादुर अधिकारी

३. सहसचिव, डा. वासु शर्मा, राष्ट्रिय योजना आयोग

४. सहसचिव, भरतमणि शर्मा, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

५. सचिव, घनश्याम उपाध्याय, आर्थिक योजना मन्त्रालय, कर्णाली प्रदेश

६. सहसचिव श्री वुद्धिसागर लामिछाने, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

७. सचिव श्री डण्डुराज घिमिरे, आर्थिक योजना मन्त्रालय, बाग्मती प्रदेश

८. सहसचिव श्री प्रदीप कोइराला, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

९. महानिर्देशक, श्री राजन पोखरेल, नेपाल नागरिक उड्डयन प्राधिकरण

१०. पूर्व महाप्रवन्धक श्री सुगत रत्न कंसाकार, नेपाल वायुसेवा निगम

११. पूर्व प्रमुख कार्यकारी अधिकृत, श्री प्रचण्डमान श्रेष्ठ, नेपाल पर्यटन वोर्ड

१२. पूर्व प्रमुख कार्यकारी अधिकृत, श्री दीपकराज जोशी, नेपाल पर्यटन वोर्ड

१३. अध्यक्ष श्रीमती सृजना राणा, होटल एशोसियसन अफ नेपाल

१४. अध्यक्ष श्री अच्युत गुरागाईं, 'नाटा'

१५. अध्यक्ष श्री खुम बहादुर सुवेदी, 'टान'

१६. उपसचिव श्री राजन पौडेल, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१७ उपसचिव श्री रामकृष्ण लामिछाने, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१८. सिइओ श्री टेक बहादुर महत, होटल एशोसियसन अफ नेपाल

*Government of Nepal*

**National Planning Commission**

**Singha Durbar, Kathmandu**

**Phone: +977 - 1- 4211970**

**Fax: +977 - 01 4211700**

**Email: npc@npc.gov.np**